ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान

(जीवनी)

नइ प्रकाशन

ढुङ्गाको कापमा झाङ्गिएको पीपल

# सहाना प्रधान

नरेन्द्रराज प्रसाई

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
आवरण चित्र : सहाना प्रधान
चित्रकार : इन्द्र खत्री
प्रुफरिडर : लवप्रसाद भण्डारी
प्रथम संस्करण : २०७८ साल
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १५४
मोल : दुई सय पचास रुपियाँ
© सुरक्षित, २०७८ साल (2021 A.D.)
ISBN: 978-9937-509-88-6
A Biography of Sahana Pradhan by Narendra Raj Prasai

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधनाहेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्‌को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्‌मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशन नाफाविहीन, सेवामुखी र गैरराजनैतिक सामाजिक संस्था हो । यस संस्थाको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप

विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

नरेन्द्रराज प्रसाईको नेपाली भाषासाहित्यमा सङ्गठनात्मक शैली र सिर्जनात्मक कार्य बराबरी मानिन्छ । प्रसाईको सिर्जनात्मक लेखनकार्यमध्ये जीवनीलेखनलाई मुख्य रूपमा लिइन्छ । प्रसाईद्वारा लिखित तथा सम्पादित सात दर्जनजति कृतिमध्ये साढे दुई दर्जन जीवनीकृति प्रकाशित भइसकेका छन् भने साढे सात सयवटाजति फुटकर लेख र जीवनी प्रकाशनमा आइसकेका छन् ।

नरेन्द्रराज प्रसाईद्वारा लिखित 'ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान'भित्र समकालीन नेपालको राजनीतिको पनि परिचय पाइन्छ र नेपालको कम्युनिस्टको इतिहास पनि सँगसँगै आउँछ । प्रस्तुत कृतिले नेपाली वाम राजनीतिमा अन्यायको सिकार भएकी सहाना प्रधानमाथि लेखकबाट न्यायिक चित्रण भएको छ । यस ग्रन्थभित्र प्रधानको जीवनको सम्पूर्ण उतारचढावलाई सङ्क्षिप्त रूपमा भए पनि अत्यन्तै सकारात्मक र सग्लो गरेर प्रस्तुत गरिएको छ । एउटा गैरगणतान्त्रिक लेखकले अर्की गणतान्त्रिक राजनेताबारे योभन्दा धेरै लेख्ने ठाउँ नै पनि रहँदैन ।

**ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान**नामक कृति प्रकाशन गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• *नइ प्रकाशन*

# विषयसूची

**भूमिका** : नरेन्द्रराज प्रसाईकृत उत्कृष्ट कृति : **प्रा.राजेन्द्र सुवेदी** • ९
**लेखकीय** : सहाना प्रधान र म उनको गैरगणतान्त्रिक लेखक • ३६
१. सहाना प्रधानका बाजे र बुबाको कथा • ४५
२. सहाना प्रधानको जन्म र शिक्षा • ५१
३. सहाना प्रधानको स्यान्माबाट नेपाल प्रवेश • ५७
४. सहाना प्रधानको राजनैतिक जीवन • ६५
५. सहाना प्रधानको नारी जागरण • ८४
६. सहाना प्रधानको पुष्पलालसँगको सम्पर्क र विवाह • ८८
७. सहाना प्रधानलाई घरेलु बुहार्तन • ९२
८. सहाना प्रधानको शिक्षासेवा • ९७
९. सहाना प्रधानलाई आर्थिक सङ्कट • १००
१०. सहाना प्रधानको सोख • १०४
११. सहाना प्रधानको जागिरमा आगो • १०९
१२. सहाना प्रधानलाई पतिशोक • ११३
१३. सहाना प्रधानको स्वदेश यात्रा र केही कम्युनिस्ट कर्मी •११८
१४. सहाना प्रधानको विदेश भ्रमण : हर्ष र वैराग • १२३
१५. सहाना प्रधानलाई महाकालीको विष • १३३
१६. सहाना प्रधानको राजनैतिक मूल्यको अवसान • १३८
१७. सहाना प्रधानको गौरवमय जीवनको अन्त्य • १४२
**सन्दर्भस्रोत** • १४९
**स्रोतव्यक्ति** • १५०
**लेखक परिचय** • १५२

# नरेन्द्रराज प्रसाईकृत उत्कृष्ट कृति सहाना प्रधानको जीवनी

१. **विषयप्रवेश**

जीवनीसाहित्यको लेखन परम्पराका सुविख्यात प्रतिभा नरेन्द्रराज प्रसाईद्वारा लिखित **ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान**नामक जीवनीकृतिका विषयमा केन्द्रित भई यो समीक्षात्मक मन्तव्य लेखिँदै छ । उक्त कृतिमा प्रसाईको जीवनीलेखनको परिपक्व चिन्तन र शिल्प साथै सबल प्रस्तुति उदाहरणीय रूपमा दृष्टिगत हुन्छन् । प्रसाईको लेखनका विविध केन्द्रमध्ये जीवनी प्रमुख विषय हो भने त्यसकै समानान्तर तहमा निजात्मक निबन्ध तथा पत्रात्मक निबन्धसिर्जनातर्फ पनि उनको क्रियाशीलता हुर्कंदो छ । त्यसो त परिधिमा समालोचना, कविता, गीत आदिको सृजनकार्यले प्रसाईलाई बहुविधात्मक स्रष्टा तथा चिन्तकको रूपमा पनि चिनाएको छ । नेपाली साहित्यमा मोतीराम भट्टद्वारा लिखित **भानुभक्तको जीवन चरित्र** (१९४८) बाट आरम्भ भएको जीवनीपरक साहित्यलेखनले प्रसाईमा आइपुग्दा गुणात्मक तथा सङ्ख्यात्मक दुवै तहमा फड्को मार्दै उत्कर्षताको चुली छुनछुन लागेको छ ।

नेपाली साहित्यमा जीवनीसाहित्यको सृजनयात्राको थालनी परकीय जीवनीलेखनका पद्धतिबाट भएको हो र कालान्तरमा त्यो स्वकीय जीवनीलेखनका पद्धतितर्फ मोडिई गतिशील बनेको हो ।

यस प्रकार आज जीवनीलेखनका परकीय र स्वकीय दुई धार विकसित बनेका देखिन्छन् । स्वकीय जीवनीलेखन भनेको केवल स्रष्टा स्वयम्‌को आत्मजीवनमा केन्द्रित रहने विषय भएकाले यो एक व्यक्तिस्रष्टाका आत्मजीवनीको सिर्जना मात्रमा सीमित रहन्छ । परकीय जविनीचाहिँ एक स्रष्टा अनेक जीवनीसिर्जनाका तहमा देखा पर्दछ । यो पछिल्लो प्रकारको परकीय जीवनीलेखनको जरो खोतल्दै जाँदा प्रस्तुत प्रकारको जीवनीलेखनका इतिहासको आरम्भ विक्रमको सत्रौँ शताब्दीको अन्त्यतिरबाट भएको देखिन्छ र त्यसको प्रथम निसानी हो– अज्ञातनामा लेखकको **राम शाहको जीवनी** नेपाली साहित्यमा जीवनीसाहित्यको लेखनको प्रवर्तन यसै **राम शाहको जीवनी**बाट भएको हो । फुटकर रूपमा लेखन आरम्भ भएको जीवनीसाहित्यको परम्परामा अज्ञातनामा लेखकको **पृथ्वीनारायण शाहको जीवनी**नामक रचना पनि थपिएको पाइन्छ र यसको लेखनसमयचाहिँ विक्रमको उन्नाइसौँ शताब्दीको प्रारम्भ रहेको आकलन गरिएको छ । नेपाली साहित्यमा यिनै कृतिहरूबाट परकीय जीवनीसिर्जनाको आधारशिला तयार भएको हो ।

स्वकीय जीवनीलेखनको पृष्ठाधारका प्रथम स्रष्टाका रूपमा पृथ्वीनारायण शाहलाई नै लिन सकिन्छ । यसको साक्ष्यचाहिँ पृथ्वीनारायण शाहको **दिव्योपदेश**नामक कृति हो । यसरी परकीय र स्वकीय जीवनीलेखनको आरम्भ नेपाली साहित्यको प्राथमिक कालबाटै भएको स्पष्ट हुन्छ । माध्यमिक कालको आगमनसँगै परकीय र स्वकीय जीवनीलेखनले क्रमिक रूपमा गति लिँदै गएको पाइन्छ । परकीय जीवनीका सन्दर्भमा मोतीराम भट्टद्वारा लिखित **भानुभक्तको जीवन चरित्र** (१९४८) एक उल्लेख्य ऐतिहासिक प्राप्ति हो भने अन्य केही लेखकका आत्मसंस्मरण र अनुभवका अङ्कनले स्वकीय अर्थात् आत्मजीवनीका सृजनपरम्परालाई गतिशील तुल्याएको देखिन्छ । माध्यमिक कालको जीवनीसाहित्यमा राममणि आ.दी., पार्थमणि

आ.दी., रामराज पौड्याल, काशीनाथ आ.दी.जस्ता लेखकले संस्मरणका क्षेत्रमा टेकेर आत्मजीवनीका छनकहरू प्रस्तुत गर्ने परम्परालाई हुर्काएका छन् ।

नेपाली साहित्यको आधुनिक काल आरम्भ भएपछि भने साहित्यिक जीवनीलेखनको परम्परा निकै उर्वर बनेको देखिन्छ । विशेष गरी साहित्यको अध्ययनअध्यापनको परम्परा बस्नाले पाठ्यसामग्रीको सृजन, सम्पादन र संवर्द्धनको प्रचलन क्रमश: विकसित बन्दै गयो । विश्वविद्यालयको पठनपाठन र अध्ययनअनुसन्धानमा स्रष्टापरक अनुसन्धान तथा जीवनीपरक अध्ययनका पक्षलाई विषय बनाउने काम पनि आधुनिक कालको आरम्भपछि अधिकतर विकसित बन्यो । स्रष्टा तथा अनुसन्धाताहरूद्वारा समाजका विभिन्न क्षेत्रमा रहेर योगदान दिने प्रेरक चरित्रवान् विशिष्ट व्यक्तित्वको योगदानलाई विषयको केन्द्र बनाई जीवनी लेखिने प्रचलन बढ्यो । आदर्श तथा प्रेरक व्यक्तित्वका जीवनले भावक र अध्येतालाई थप प्रेरणा एवम् ऊर्जा प्रदान गरोस् भन्ने उद्देश्य लिई जीवनीकार जीवनीलेखनका निम्ति तत्पर बन्दछ । यस प्रकारको विशिष्ट प्रेरणा र अनुकरणीय आचरण भएका व्यक्तित्व नै जीवनीलेखनको विषयको स्थान लिन पुग्दछन् । प्राचीन कालमा सत्तामा पुगेका शासकहरूको राजनीतिक तथा प्रशासनिक जीवनको समग्र वृत्तलाई यथातथ्य रूपमा प्रतिपादन गर्ने प्रचलन पौराणिक आख्यान तथा विरुदावलीका रूपमा प्रस्तुत गर्ने प्रचलन थियो । आधुनिक कालमा आएपछि भने यस प्रचलनमा नयाँनयाँ आयाम थपिए । फलस्वरूप संस्मरण, औपन्यासिकीरण र वृत्तचित्रका रूपमा पनि जीवनीलेखनको ढाँचा विस्तारित हुन पुग्यो ।

### २. जीवनीको विषयक्षेत्र

दार्शनिक दृष्टिले निरूपण गर्दा यस भूगोल तथा खगोलका सबै प्रकृतिको जीनको इतिवृत्त त हुन्छ नै तर आधुनिक युगमा

विश्वका कला, संस्कृति तथा साहित्यजस्ता आन्तरिक संवेदनाका विषयक्षेत्रमा जीवन समर्पण गर्ने व्यक्तिप्रतिभाको सिङ्गो जीवनको इतिवृत्तलाई आख्यानीकृत तुल्याई सिर्जना गरिएका कृतिलाई नै जीवनी भन्ने गरिन्छ । समाजको हितमा स्वार्थविहीन भएर समग्र जीवन अर्पित गर्ने प्रतिभाको जीवनको इतिवृत्त खोजेर जस्ताको तस्तै अभिलिखित गरिदिने काम नै जीवनीलेखनको पारिभाषिक अर्थ हो । त्यस्तै राजनीतिमा लागी स्वार्थरहित भई जनताको हितमा सेवाभावले अर्पित हुने अनि अस्वस्थ, निर्धन र असहायको उद्धारका निम्ति आफ्नो जीवन अर्पित गर्ने तथा साहित्य, कला, संस्कृति आदिमा सम्पूर्ण जीवन लगाउने व्यक्तिको जीवनको आरम्भ, चरित्र तथा विचारको विकास र समाजको रचनात्मक निर्माणमा जीवन लगानी भएका गतिविधिसमेतको समग्र इतिवृत्त समेटेर लेखिने जीवनकथा पनि जीवनी हो । वास्तवमा यथार्थ पात्रको जीवनकथालाई आख्यानीकृत आयाम दिई कुतूहलतालाई उत्तरोत्तर गतिमा प्रवाहित गराउँदै लेखिने सृजनात्मक वस्तु नै जीवनी हो । आज यस प्रकारको जीवनीलेखनको परम्परा नेपालीमा पनि निकै व्यापक बन्दै गएको छ । यस व्यापकताको उत्कर्ष स्थानमा जीवनीकार नरेन्द्रराज प्रसाईले आफूलाई प्रतिष्ठापित गरेका छन् ।

जीवनीको सृजनयात्रामा प्रवृत्त बनेका नरेन्द्रराज प्रसाईको पहिलो कृति **अठ्तीस अनौठा अनुहार** (२०४१) हो र यसमा बहुव्यक्ति प्रतिभाको जीवनी अङ्कित भएको छ । यस कृतिका माध्यमबाट उनको अनेक व्यक्तिवृत्तात्मक जीवनीकृति लेखनको यात्रा आरम्भ भएको हो र त्यसपछि अनेक कृतिका रचनामार्फत विकास हुँदै आजसम्म आइपुग्दा उनका बहुव्यक्तिकेन्द्रित जम्मा आठवटा जीवनीकृति प्रकाशित भइसकेका छन् । बहुल जीवनीलेखनको यो यात्रा आफ्ना स्थानमा महनीय त छँदै छ, थप एकल व्यक्तिकेन्द्रित जीवनीलेखनका दृष्टिले भने यो **ढुङ्गाको कापमा झाङ्गिएको पीपल :**

**सहाना प्रधान** प्रसाईको सत्रौँ कृति हो । यसले प्रसाईको एकल जीवनीसृजनको यात्रालाई अझ उत्कर्ष प्रदान गरेको छ । उनले आफ्ना विचारका अनुकूल र प्रतिकूल दुवै प्रकारका व्यक्तिचरित्रको जीवनीलेखनमा उदात्त भावले समान न्याय गर्ने र सन्तुलित समीक्षा गर्ने हैसियत आर्जन गरेका छन् । त्यस कारण समाजवादी वा सामन्तवादी, पुँजीवादी वा मार्क्सवादी जुनसुकै विचारका व्यक्तिको जीवनी लेखिरहे पनि आग्रहरहित र विचारनिरपेक्ष संवेदनापूर्ण जीवनीलेखनमा उनको कलम निरन्तर गतिशील रहिआएको देखिन्छ ।

गैरगणतान्त्रिक जीवनीकार नरेन्द्रराज प्रसाईको विशुद्ध लेखकीय निष्ठा र इमानका साथै नारीवादी चिन्तनसमेतका कारणले रचिन पुगेको एक उत्कृष्ट जीवनीकृति **ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान** हो । विरोधी विचारको पनि सम्मान गर्ने सिद्धहस्त जीवनीकार प्रसाईको लेखनको अत्यन्त आकर्षक विषय बनेकी सहानाको विपरीत विचारबिन्दुमा उभिएको यथार्थ चित्रणमा प्रस्तुत कृति चमत्कारी ढङ्गबाट तयार भएको देखिन्छ । यस कृतिको केन्द्रीय कथ्य नेपालको वामराजनीति तथा नारीमूल्यको प्रतिष्ठाका सन्दर्भमा आलोकित नैतिकताको सन्दर्भको सानदार संयोजन बनेको छ । यो वैचारिक धार स्वयम् प्रसाईका राजतन्त्रवादी विचारधाराको विपरीत पथ हो; तर उनी विपरीत वैचारिक चिन्तनमा आधारित समाजरूपान्तरणका निम्ति सिद्धान्तनिष्ठा भई आत्मादेखि नै राष्ट्र र जनताका निम्ति जीवन अर्पण गर्ने सहाना प्रधानलाई अजर, अमर तुल्याउन यस जीवनीकृतिमा मोहक र प्रभावकारी शैलीका साथ समुपस्थित भएका छन् ।

### ३. जीवनीकार प्रसाईको वैशिष्ट्य

जीवनीको लेखनमा चिन्तन तथा व्यावहारिक यथार्थताका विपरीत भावनामा विश्वास गर्ने स्रष्टा नरेन्द्रराज प्रसाईको अनौठो संयोग बनेको छ– प्रस्तुत **ढुङ्गाको कापमा झाङ्गिएको पीपल :**

**सहाना प्रधान** कृति । सत्र अध्यायमा विस्तारित भई पूर्णता प्राप्त प्रस्तुत रचनाको संरचनाविधानको प्रारूपीकरण यस प्रकार गरिएको छ– १. 'सहाना प्रधानको बाजे र बाबुको कथा'. २. 'सहाना प्रधानको जन्म र शिक्षा' ३. 'सहाना प्रधानको म्यान्माबाट नेपाल प्रवेश', ४. 'सहाना प्रधानको राजनैतिक जीवन', ५. 'सहाना प्रधानको नारी जागरण', ६. 'सहाना प्रधानको पुष्पलालसँगको सम्पर्क र विवाह', ७. 'सहाना प्रधानलाई घरेलु बुहार्तन', ८. 'सहाना प्रधानको शिक्षासेवा', ९. 'सहाना प्रधानलाई आर्थिक सङ्कट', १०. 'सहाना प्रधानको सोख', ११. 'सहाना प्रधानको जागिरमा आगो', १२. सहाना प्रधानलाई पतिशोक', १३. 'सहाना प्रधानको स्वदेश यात्रा र केही कम्युनिस्ट कर्मी', १४. 'सहाना प्रधानको विदेश भ्रमण : हर्ष र वैराग', १५. 'सहाना प्रधानलाई महाकालीको विष', १६. 'सहाना प्रधानको राजनैतिक मूल्यको अवसान' र १७. 'सहाना प्रधानको गौरवमय जीवनको अन्त्य' । यी सत्रवटा प्रकरणहरूमा व्यवस्थापन गरेर प्रस्तुत कृतिलाई सिङ्गो आकृति प्रदान गरिएको छ । यस कृतिमा रहेका विवेचनीय सन्दर्भहरूले पनि माथिका शीर्षक सम्बद्ध प्रकरणमा आकृति र आयाम प्राप्त गरेका छन् ।

नेपाली समाज र संस्कृतिमा, राजनीति र आर्थिक अवस्थामा रोग बनेर झाङ्गिएका विसङ्गतिका ऐँजेरुलाई निमिट्टचान्न पारिनुपर्छ र तिनको जरो समूल नष्ट गरिनुपर्छ भन्ने विषय नै प्रस्तुत कृतिको मेरुदण्ड हो र यसकै वरिपरि संयोजित सहायक कथाका अनेक पात्र र नकारात्मक चरित्र बोक्ने खलनायकहरू मूल पात्रका चरित्राङ्कनका वरिपरि समेटिएका छन् । त्यस्ता चरित्रका विरुद्ध सङ्घर्ष गरेर सकारात्मक मूल्यको स्थापना गरिनुपर्ने लक्ष्य नै विषयको केन्द्रमा भूमिका खेल्ने सहाना प्रधानको सङ्घर्षशील तथा सकारात्मक चरित्र आँधीबेहेरी र पहिरो झरीमा पनि नडगमगाउने सतिसालजस्तै बनेको अवस्था यस कृतिमा झल्काइएको छ । विशुद्ध निष्ठाको राजनीतिक

वामचिन्तनमा केन्द्रित पारिजात र नारायणमान बिजुक्छें 'रोहित'को जीवनकथा तयार गरिरहँदा प्रसाईले विचार तथा साहित्यिक कलाप्रतिको निष्ठा र तटस्थताको जुन बेहोरा देखाएका छन् त्यो अत्यन्त प्रशंसनीय छ । पञ्चायतका आदर्श कीर्तिनिधि विष्ट र कुनै पनि राजनीतिबाट असम्पृक्त दौलतविक्रम विष्टको जीवनीको लेखन तथा तिनमा गरिएको विषयको संयोजन पनि उनले चमत्कारपूर्ण ढङ्गले तयार गरेको देखिन्छ । जहाँसम्म सहानाको जीवनीको प्रश्न छ यस कृतिमा भने प्रसाईले लेखनको केन्द्र बनाएकी सहानाका मार्क्सवादी चिन्तनको धरोहरमा जेजस्तो विचारका आयाम र पक्षहरू छन् तिनलाई सन्तुलित तवरबाट प्रस्तुत गर्ने चुनौती सकारेका छन् । यस्तो स्थितिमा वैचारिक सहिष्णुता तथा इतर विचारको सम्मान र संयमपूर्ण आत्माभिमतको स्थापना गर्ने काममा सफल हुन सक्नुचाहिँ जीवनीकार प्रसाईको आदर गर्नलायक प्राप्ति सिद्ध भएको छ ।

उपर्युक्त सन्दर्भबाट के स्पष्ट हुन्छ भने स्रष्टा प्रसाईले आफूले केन्द्र बनाएका लेख्य विषयका पात्रप्रतिको मैत्री चेतना, आफूभन्दा पृथक् विचार राख्ने भावकहरूसँगको पाठकमैत्री चेतना र आफ्नो अभिमतमा सहमत हुने पाठकहरूसँगको मैत्री चेतना आदिका कारण विषयमैत्री, पाठकमैत्री र लेखकमैत्री गुणका धनी लेखक बन्ने कलामा सफलता प्राप्त गरेका छन् । यिनै तथ्यहरूका कारण लेखक प्रसाईबाट कलम चलाइएका कीर्तिनिधि विष्टदेखि रोहित वा सहानासम्मको वैचारिक दूरीमा उनको लेखन सबैका निम्ति त्यत्तिकै पाच्य र सहज ग्राह्य बनेको छ । यस प्रकारका वैचारिक दूरीमा रहन सक्ने क्षमताले नै प्रसाईबाट सन्तुलित न्याय हुन सम्भव भएको छ । नारी र पुरुषजस्ता तहको लैङ्गिक मैत्री, भानुभक्त र सत्यमोहनजस्ता जातिमैत्री र माधव घिमिरे, रोहितजस्ता विपरीत विचारहरूका तर राष्ट्रचिन्तकबीचको चिन्तनमैत्री तहमा प्रसाईको जीवनीकारिता

सन्तुलित लेखनद्वारा न्यायसङ्गत सफलतामा आरोहित हुनु आफैँमा एक जादुगरी कलाको प्राप्ति हो । यिनै सन्तुलित र परिपक्व दृष्टिको उपयोग गरेर लेखिएको **ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान** शीर्षकको प्रस्तुत कृतिमा वैचारिक चिन्तन तथा त्यस विषयका संवाहक पात्र र लेखकको वैचारिक अभिमतसमेतको सन्तुलित समायोजन हुन सक्नु आफैंमा एक उच्च चुली सिद्ध भएको छ ।

जीवनीकार प्रसाईले आफू गैरगणतान्त्रिक हुँदाहुँदै पनि कट्टर गणतान्त्रिक आचरणकी अथक नारी योद्धा सहाना प्रधानको जीवनवृत्तका समग्र पक्षमाथि दृष्टि प्रक्षेपण गरेर प्रस्तुत जीवनीकृतिको सिर्जना गरेका छन् । यस क्रममा ग्रन्थको प्रारूपीकरण गर्दा विचार, चरित्र र तिनको व्यावहारिक पक्षको उनले राम्ररी संयोजन गरेका छन् । जीवनीको लेखन पनि समग्रतामा प्रत्यक्ष उपन्यासवत् हो र जीवनीको औपन्यासिकीकरणका निम्ति जीवन्त र यथार्थ पात्रको जीवनचर्या तथा उसको चरित्रनिर्माणका सन्दर्भहरू, उसको जीवनको आख्यानीकरण तथा उसले जहाँजहाँ भोगेका भुक्तमानहरूका पाइटा पलाएका ठाउँहरू छन्, भुक्तमान भोग्नुपर्दाका मन:सङ्घातले जन्माएका द्वन्द्वहरू छन्, जीवनकथामा आएका एकअर्का कडीका बीचमा जोर्नी अर्थात् कथानकीयता र कुतूहलता, समग्र रचनाले दिने सन्देशहरू छन्, तिनको सहज निर्वाह हुन सक्नु जीवनीको औपन्यासिकता हो । साथै कथयिताको स्थानमा रहने दृष्टिबिन्दुसमेतको जोरजामबाट तयार भएको यथार्थ मान्छेको जीवनवृत्त उपन्यास बनेर उपस्थित हुन्छ । यिनै तथ्यका आधारमा प्रसाईका प्रस्तुत कृतिभित्र उपन्यासीकृत तत्त्वको पनि निरूपण गर्न सकिन्छ ।

सहानाको जीवनको पृष्ठाधारका रूपमा रहेका उनको पूर्वपुस्ताको पृष्ठभूमि, पितामह, पिता तथा माताको इतिवृत्त र स्वयम् सहानाको जन्म, बाल्यकाल, देशबाहिरतिरको प्रस्थान तथा स्वदेशतर्फको प्रत्यावर्तन र प्रवेश तथा शैक्षिक जीवनका कायाकैरन, जागिरे

जीवनमा आइपरेका आघात, वैवाहिक जीवनका सुखदु:खका दारुण कथाहरू, दाम्पत्य जीवनको आरेखन योजना, सन्ततिको पठनपाठनका अनेक समस्या र तिनको समाधानका उपायहरूको चयन र चित्रणका आधारमा प्रस्तुत ग्रन्थको आयाम तयार गरिएको छ । जीवनीको आधारपात्र सहानाका पति पुष्पलालको निधनको दारुण घटना र सहाना स्वयम्कै जीवनको अवसानका कारुणिक सन्दर्भमा पुगेर यो कृति विश्रान्त बनेको छ । यसरी प्रस्तुत कृतिले सङ्घर्षमय यथार्थ जीवनका विशिष्ट कथा बोकेर र नारीवादी चिन्तनदृष्टि अवलम्बन गरेर वैचारिक औपन्यासिकता प्राप्त गरेको छ । कथाका रहस्यात्मक संवेदना तथा सामाजिक यथार्थता र राजनीतिक दाउपेच, अवसरको छिनाझपटी तथा खुट्टा तानातान, काखीमा छुरीको धसाइ, ढाडमा डन्डाको हानाहानजस्ता दुष्कृत्यहरू यस कृतिमा बाह्य द्वन्द्वका कलात्मक कारकका रूपमा प्रकट भएका छन् भने मानसिक ऊहापोहका तनावहरू, निर्णयका कठिन घडीमा सामना गर्नुपरेका तनावहरूचाहिँ आन्तरिक द्वन्द्वका त्यत्तिकै कठोर पीडाका कारक बनी प्रकट भएका छन् ।

प्रस्तुत कृतिका केही विशेष मूल्यहरूको समीक्षण गर्नु पनि यहाँनेर वाञ्छनीय छ । उदाहरणका निम्ति नारीसमस्याका अनेक बिम्ब प्रस्तुत गर्ने सन्दर्भलाई विशिष्ट ढङ्गले उपस्थापन गर्ने, सम्पत्तिको अधिकार तथा नारीको अस्मिताको प्रश्न र जीवनजगत्को बिम्ब प्रकट गर्ने काम यस जीवनीकृतिका कृतिकारले सहज रूपमा गरेका छन् । यस्ता अनेक स्थिति यस कृतिमा जीवन्त ढङ्गले समाहित भएका छन् र समाजमा शैक्षिक तथा सांस्कृतिक जागरणका सन्दर्भगत प्रश्नहरू सक्रिय र सफल भए मात्र नारीजागरणले मूर्तता प्राप्त गर्न सक्छ भन्ने निष्कर्ष यहाँ दिइएको छ । यदि यी प्रश्नहरू समाधान हुन असम्भव भएमा नारीसमस्याসँग जोडिएका सामाजिक, शैक्षिक, आर्थिक तथा राजनीतिक अधिकारका विषयहरूमा मौलाएका ऐँजेरुहरू जहाँको

तहीँ रहन्छन्; तसर्थ तिनलाई समूल नष्ट गरिनुपर्छ भन्ने तथ्यहरू यस कृतिका केन्द्रीय विषय बनेका छन् । त्यस्ता समस्याको निराकरणका सन्देशहरू पनि यस रचनामा प्रकट भएका छन् । तिनलाई तलका क्रममा व्यवस्थित गरेर निरूपण गरिनु सान्दर्भिक ठहर्छ :

**(क) सहानाका जीवनको पहिलो दारुण अभिघात** : सहाना प्रधानको जीवन करुणा, भय, क्रोध र साङ्घातिक पीडाजन्य मानसिक संवेदनाका चोटहरूको पुञ्जको रूपमा रहेको छ । प्रस्तुत जीवनी कृति पनि प्रसाईको संवेदनामा घोलिएर रचिन पुगेको छ । सहानाका निम्ति उनका पूर्वजहरूको इतिवृत्त र बर्मातर्फको प्रस्थान अभिघातको पहिलो कारण बनेको छ । बर्माकै परिवेशमा भोग्दै गरेको बाल्यजीवन र त्यहाँको केही वर्षको बसाइ अनि निम्नमाध्यमिक कक्षासम्मको शिक्षा आर्जन गर्दै गर्दाको अवस्थामा बज्रिन आइपुगेको दोस्रो विश्वयुद्धको प्रताडनाका कारण नेपालतर्फ भएको उनको प्रत्यावर्तन तथा जीवनकै समग्र आयतनको लघु बिम्ब समेट्ने प्रसङ्गबाट यस जीवनीको उठान भएको छ ।

सहाना स्वयम् जीवनको प्रारम्भिक अर्थात् किशोर वयमा प्रवेश गर्दागर्दै दोस्रो विश्वयुद्धले जन्माएको विभीषिका र त्यसले उनको किशोर नारीहृदयमा जन्माएको चोट तथा मानवसंहारको दारुण अवस्थाबाट प्रत्यक्षीकृत बनेकी छिन् । यस प्रकारको पीडा भोग्दै र बर्माबाट भाग्दै गरेको अवस्थामा सहानाले देखेको बीभत्स नरसंहारको दृश्य उनको मानसपटलमा जीवनीगत आन्तरिक द्वन्द्वको बीजबिरुवाका रूपमा अङ्कुरित भएको छ । सुरक्षाका निम्ति खनिएका स्टेन्ज अर्थात् खाल्टामा लुकेर तथा दबेर जीवन जोगाउनुपरेको सन्दर्भलाई उनको बालमस्तिष्कमा परेको पहिलो दु:खद आघातको कारकका रूपमा जीवनीकारले यसरी प्रकटमा ल्याएका छन् :

> त्यस सहरको हालत पनि मुर्देमुर्दामा रूपान्तर भएको देखिन्थ्यो । त्यहाँ पनि सद्धे मान्छे कतै भेटिएका थिएनन् । जतासुकै रेल

> पल्टेका, घर भत्केका र मान्छे लडेका दृश्य हेर्दै उनीहरू कत्थामा बसिरहेका थिए । कत्थाभन्दा अगाडि जानका लागि कुनै पनि प्रकारको यातायातका साधन थिएन । अब उनीहरूका लागि पैदल यात्राको सुरुवात गर्नुपर्ने अवस्था आएको थियो (पृष्ठ ६०, ६१) ।

बर्माको त्यस विभीषिकाको स्थान समग्र श्मसान घाटमा रूपान्तरित बनेको थियो । यस प्रकारको भयावह चित्र इन्द्रबहादुर राईले 'जयमाया आफू मात्र लिखापानी आइपुगी' शीर्षकको कथामा र रणसूर लिम्बुले आफ्नो संस्मरण कृति 'बर्माको सम्झना'मा पनि सजीव ढङ्गले उतारेका छन् । यस प्रकारको दारुण दृश्य र प्रस्तुत जीवनीकै नायक सहानाले भोगेको भुक्तमानलाई जीवनीकारले चित्रशैलीमा प्रस्तुत गरेका छन् । विश्वमा मानवता नामको संवेदना शून्य बन्दै गएको अवस्थालाई उपर्युक्त साक्ष्यले सिद्ध गरेको छ ।

**(ख) नारीसमस्यामा केन्द्रित विषय** : प्रस्तुत जीवनीकृतिका पहिलो, पाँचौँ, सातौँ र चौधौँ प्रकरणमा नेपाली समाजमा र विश्वमा नै नारीले भोग्नुपरेका समस्यालाई प्रसाईले सहानाको जीवनीको केन्द्र बनाएर चर्चा गरेका छन् । नेपाली नारीले भोगिरहेका ज्यादती, एवम् सामन्त तथा पुरातन संस्कृतिले जन्माएका, हुर्काएका र पालिराखेका विकारग्रत चिन्तनलाई पनि जीवनीकार प्रसाईले सहानाको जीवनको आयतनमा राखेर प्रकटमा ल्याएका छन् । यसका निम्ति नेपाली नारीले भोगेका पारिवारिक तथा बाल्यजीवनका समस्या, बुहारी, पत्नी र गृहिणी तथा सामाजिक जीवनका विविधविविध भूमिकामा रहनुपर्दा भोग्नुपरेका समस्यालाई प्रसाईले निम्नानुसार प्रकटमा ल्याएका छन् :

> सहानाका बाजे लक्ष्मणलाल प्रधान बत्तीसकोटी साहू भए पनि उनका घरमा नारीहरूको शारीरिक शोषण थियो । उनका

> घरमा मात्र नभएर त्यस बेलाको चलनै सबैतिर त्यस्तै थियो । त्यस युगमा जतिसुकै धनीका पत्नीहरूले पनि बिहान कुखुराको डाकमा उठ्नुपर्थ्यो र राति टुँडिखेलमा तोप पड्केपछि मात्र सुत्न पाउँथे । तोपचाहिँ हररात एघार बजे पड्कने गर्थ्यो । वास्तवमा त्यस बेलाका सबै नारीहरूले गोरुझैँ जोतिनुपर्थ्यो (पृष्ठ ४६) ।

सहानाको बाल्यजीवन काठमाडौँको पुरानो तथा रूढिग्रस्त नेवार समाजमा बित्यो । बिहान भालेको डाकदेखि राति तोप चलेसम्मको समयमा जोतिनुपर्ने नारीका भुक्तमानको दुर्दशा प्रस्तुत उद्धरणले पनि देखाएको छ । सम्पन्नता होस् कि दरिद्रता ! सामन्त संस्कृतिका समाजमा नारीप्रताडनाका दारुण कथामा कुनै अन्तर रहन्न भन्ने प्रसाईको ठहर छ । यस प्रकारका रूढिग्रस्त समाजको प्रतिबिम्ब प्रस्तुत कृतिमा शब्दचित्रका रूपमा प्रकट भएको छ ।

आजभन्दा झन्डै एक शताब्दीपूर्वका समयको नेपाली समाजको चिन्तनमा नारीशिक्षासम्बन्धी धारणा कस्तो थियो र त्यसमा नेपाली नारीहरूको शैक्षिक चेतना कुन तहमा थियो भन्ने विषयमा प्रस्तुत जीवनीकृतिमा राम्रै चित्र उतारिएको छ । तत्कालीन समयमा बर्मामा पुगेका नेपालीहरूको बसोबास भएका ठाउँमा नेपालमा राणा प्रधानमन्त्री देवशमशेरले आरम्भ गरेको शिक्षाको प्रभाव पुगेको थियो । त्यहाँ पनि विद्यालय विस्तारित भएका थिए । सहाना र उनका अन्य साथीहरू पनि बर्माको त्यसै विद्यालयमा अध्ययनरत देखाइएबाट म्यान्मामा नारीशिक्षालाई प्रश्रय दिइएको कुरा प्रकटमा आएको छ । यसले नेपालबाहिर नेपालीहरूको नारीशिक्षाप्रतिको अनुदार चेतना बिस्तारै उदारतातर्फ मोडिँदै गएको सन्दर्भ यस जीवनीले प्रकटमा ल्याएको छ । यसका निम्ति पनि एक साक्ष्य हेरौँ :

> देवशमशेरका वंशजले म्यान्मामा नेपाल स्कुल नाउँको प्राथमिक विद्यालयको स्थापना गरेका थिए । सोही स्कुलमा सहानालाई

भर्ना गरिएको थियो । त्यस स्कुलमा तीन कक्षासम्म मात्र पढाइ हुने भएकाले चार कक्षादेखि उनलाई अर्कै स्कुलमा पुऱ्याइएको थियो । भनौँ, त्यसपछि उनी बर्मेली स्कुलमा पढ्न थालेकी थिइन् । तर त्यहाँ उनले छ महिना मात्र पढिन् । अनि उनलाई मद्रासी स्कुलमा पुऱ्याइएको थियो । त्यस स्कुलमा उनले पाँचदेखि सात कक्षासम्म पढिन् । म्यान्मामा उनको पढाइ त्यतिमा नै दैलो बन्द भयो (पृष्ठ ५२) ।

यस साक्ष्यले शिक्षाको विषयमा नेपालीहरूले भोग्नुपरेको पीडाका साथै आर्थिक अवसरको खोजीमा भौँतारिएर बर्मासम्म पुग्नुपरेको अवस्था औँल्याएको छ । बिस्तारै विश्वमा शिक्षा ग्रहणको चेतना विस्तारित बन्दै जाँदा त्यसका सकारात्मक उपलब्धिले नेपाली मानसिकतालाई पनि स्पर्श गरेको र तदनुकूल औपचारिक शिक्षाका निम्ति विभिन्न विद्यालयमा चहार्न लाग्नुपर्ने बाध्यता नेपालीले बेहोरेको स्थितिलाई पनि यस सन्दर्भले देखाएको छ । यहाँनिर सकारात्मक तथा गौरवबोध गर्ने सन्दर्भ केचाहिँ देखिएको छ भने नेपालमा राणा प्रधानमन्त्री देवशमशेरले आरम्भ गरेको संस्थागत शैक्षिक प्रणालीको प्रभावमा नेपालीहरूले तत्कालीन बर्मामा पनि कक्षा ३ सम्मको विद्यालय स्थापना गरेका थिए र नेपालीहरूले त्यहाँ आफ्ना बालबच्चालाई पढाउन थालेका थिए । सांस्कृतिक दृष्टिले नेपालीहरूमा राज्यान्तरणको चेतना विस्तार हुन लागेको सन्दर्भ पनि जीवनीकार प्रसाईले अभिलेखन गरेको कुरालाई यस उद्धरणले कसरी सिद्ध गरेको छ भने त्यहाँ पुगेका नेपालीहरू आफ्नै प्रकारको शिक्षाको विस्तारमा जुटेका थिए ।

दोस्रो विश्वयुद्धको डँढेलोमा पिल्सिएर फेरि नेपालै आइपुगेकी र प्राविधिक उच्चशिक्षा आर्जन गर्ने प्रबल इच्छा बोकेकी सहानाको प्रवेशिका परीक्षा नेपालमा सम्पन्न भयो । उनको स्नातकसम्मको शिक्षाचाहिँ भारतको लखनउमा भएको थियो । एकातर्फ नेपाल-बर्मा

र बर्मा-नेपाल गर्दागर्दै मानसिकताका स्थिति स्थिर हुन नपाएको अवस्था र अर्कातर्फ उनले प्रवेशिका परीक्षा दिनुपर्ने अवसर नजिकै आइपुग्दा यसको तयारीका निम्ति परिवारका सदस्यको सङ्कीर्ण चिन्तनले दिएको पीडाका निराकरणका निम्ति सहानाले गर्नुपरेको सङ्घर्षलाई प्रसाईले तलका साक्ष्यमार्फत जीवन्त रूपमा प्रस्तुत गरेका छन् :

> सहाना र साधनाले अनेक तरह गरेर पढ्न थालेका थिए । दुईतीन महिना भए पनि टचुसन पढेर जाँच दिन उनीहरूले आफ्ना बुबालाई गुहारेका थिए । तरुनी छोरीलाई तन्नेरीले पढाउँदा बिग्रिन्छन् कि भन्ने उनीहरूका बुबालाई खुबै डरै थियो । कुनै बिघ्नबाधा नपारोस् भनेर घरमा कडा निगरानीका साथ ती दिदीबहिनीलाई टचुसन पढाइएको थियो । त्यतिखेर उनीहरूलाई टचुसन पढाउने गुरुहरू प्रेमबहादुर कङ्साकार, रेणुलाल सिंह, भुवनलाल प्रधान र तीर्थप्रसाद ढुङ्गाना थिए (पृष्ठ ५३) ।

बुबाआमा तथा घरपरिवारका अभिभावकहरूले बडो कृपाका साथ घरमा टचुसन गर्ने वातावरण जुटाइदिएका कारण र यस साक्ष्यले प्रस्तुत गरेका शिक्षकहरूको सहयोगका कारण प्रवेशिका परीक्षा पास गर्न सहाना र उनकी दिदी साधनालाई सहज भएको सन्दर्भ जीवनीकारले प्रकटमा ल्याएका छन् । पढ्ने नाममा किशोरी तथा युवतीहरू बिग्रिन्छन् भन्ने धारणाको सिकार बनेको तत्कालीन समाजको गलत संस्कृतिको सोचबाट जोगिएर आफ्नो लक्ष्य सिद्ध गर्न अत्यन्त कठिन थियो भन्ने चिन्तन यस साक्ष्यमार्फत जीवनीकारले प्रस्तुत गरेका छन् ।

शिक्षाप्राप्तिका निम्ति गरिने अनेक सङ्घर्षका उदाहरणहरू त्यस समयका समाजमा व्यापक छन् । शिक्षा प्रदान गर्नेले पनि

घरघरमा गएर पढाइदिने टच्युसनको काम, विद्यालयको शिक्षण आदिबाट आर्थिक सङ्कटको बेडा धान्नुपरेका सन्दर्भहरू सहानाका जीवनमा पनि आइपरेका छन् । यस समाजको आर्थिक दुरवस्था पनि सहानाका जीवनले धानेको सन्दर्भ निकै टीठलाग्दो स्थितिमा देखिएको छ । यसै बीचमा सहानाका जीवनमा राजनीतिको बादल पनि मडारिन लागेको सन्दर्भ प्रसाईको लेखनले राम्ररी प्रकट गरेको छ । सहानाका जीवनमा पहिले राजनीति रहर र लहडमा आरम्भ भएको थियो तर परिणाममा आफ्नै चारित्रिक बाध्यता र समाजको आवश्यक विषय पनि बनेर उपस्थित भइदियो । यसको सान्दर्भिकता पनि विभिन्न साक्ष्यहरूले सिद्ध गरेका छन् ।

**(ग) राजनीतिक जागरण र राष्ट्रिय स्वतन्त्रता** : एकातर्फ व्यक्तिगत स्वतन्त्रताको चयन गर्ने सहाना अर्कातर्फ नेपालको राजनीतिमा परिवर्तनका छिटाहरू देखिन लागेको स्थिति, एकातर्फ नेपालीहरूको मुक्तिको चाहना र अर्कातर्फ भारतीय स्वतन्त्रताप्राप्तिको आमन्त्रण यस समयमा जाग्रत बन्दै गएका विषय थिए । विद्यार्थीहरूको र समाजका युवाहरूको अभियानले भारतमा निकै चर्को आन्दोलनको रूप लिइसकेको थियो । सांस्कृतिक दृष्टिले उपनिवेश परम्पराका विरुद्ध अचेतनबाटै अभिवृत्त बनेकी सहानाको आर्थिक सङ्कट र स्वास्थ्यको समस्या पनि उनको शैक्षिक तथा राजनीतिक सङ्घर्षको बाधक बनेर उपस्थित भएको थियो । राजनीति र शिक्षामा क्रियाशील रहँदारहँदै पुष्पलालसँग दाम्पत्य सम्बन्धमा पनि बाँधिनाले उनको जीवनसँग जेलिएका पक्षहरू २००४ सालदेखि २०१७ सालसम्म नै समानान्तर रूपमा मडारिएको देखाउनु प्रसाईको सबल जीवनीसिर्जनाको परिणाम हो । यस प्रकारले अभिलक्ष्यित बनेका विषयलाई प्रसाईले निम्नानुसार अघि सारेका छन् :

> २०१७ सालको राजनैतिक परिवर्तनपछि सहाना प्रधानलाई फुर्सद भयो । अनि एमए पढ्ने हिसाबमा पनि उनी जुटिन् ।

> डा.यादवप्रसाद पन्त र नरेशमान सिंह उनका पतिका साथी थिए । तिनै दुई भाइको सहयोगमा उनले पढ्न थालिन् । त्यतिखेर पुष्पलालले पनि उनका लागि नोट बनाएर सहायता गर्ने गर्थे । त्यस बेला परीक्षा नजिकिँदो थियो । त्यसैले उनले भनेजस्तो मिहेनत गरेर पढ्न पाएकी थिइनन् (पृष्ठ ५५) ।

राजनीतिक दृष्टिले सहानाको जीवनको ऊर्जालाई जीवनीकारले राम्ररी नै प्रकट गरेका छन् । २००४ साल अर्थात् प्रवेशिका परीक्षाको चरणदेखि नै उनमा समाज रूपान्तरणका निम्ति तथा वर्गीय विसङ्गतिका विरुद्ध चेतना जागृत गराउने पक्षप्रति समर्पित भावना मुखर थियो । प्रधान विभिन्न रूपका सङ्घर्ष र गतिविधिमा संलग्न बन्दै आएको विषय प्रसाईको चिन्तनमा व्याप्त बनेको छ । युवासमयमा प्रवेश गर्दागर्दै क्रियाशील बनेकी प्रधानको आचरण निकै जुझारु तर नैतिक आदर्शबाट प्रेरित बन्दै गएको देखिन्छ । इमानदार एवम् निष्ठाशील राजनीतिमा मात्र कदम राख्ने नत्र अलग्गै रहने उनको आचरण थियो भन्ने कुराको पुष्टि जीवनीकारका तलका कथनले यसरी गरेको छ :

> राणा सरकारलाई समेत आच्छुआच्छु पार्ने सहानालाई राजासँग पट्टा खेल्नु ठूलो कुरै थिएन । त्यसैले राजाको त्यस कदमउपर उनले पनि राँको बालेकी थिइन् । त्यति बेला नेपाल महिला सङ्गठनले काठमाडौँको भूगोलपार्कमा विरोध र्‍यालीको आयोजना गरेको थियो । अनि नेपाल महिला सङ्गठनका तर्फबाट महासचिव सहाना प्रधानले निर्भीकतापूर्ण भाषण गरेकी थिइन् । त्यही बेला सहाना प्रधानलाई पुलिसले लछार्दै लगेको थियो । त्यतिखेर उनीसँगै उनका सहकर्मीहरू प्रभा नेपाली र ज्ञानुमैयाँ श्रेष्ठलाई समेत प्रहरीले पक्रेर लगेको थियो (पृष्ठ ७०) ।

२०१७ सालको राजाको कदमको विरुद्धमा आफ्ना सहयोद्धासँग सङ्गठित बनेर सङ्घर्षमा उत्रिने सहानाका आचरणलाई प्रसाईले पूर्वदीप्ति शैलीमा २००४ सालतिर राणा सरकारका विरोधमा धावा बोल्ने योद्धाका रूपमा सम्झेर प्रतिपादन गरेका छन् । जीवनीकारले महिला सङ्घको महासचिवसम्मको हैसियत आर्जन गरेकी नारी राजनीतिकर्मी सहानाको आचरणमा रहेको वीराङ्गना तथा महीयसी नारीचरित्रको स्वरूप पनि उतारेका छन् । यसरी प्रस्तुत ग्रन्थमा सिङ्गै नेपालका निम्ति रूपान्तरणकारी सिर्जनात्मक राजनीतिक योद्धाका रूपमा उनलाई प्रतिष्ठित गरिएको छ ।

**(घ) सहानाको आजीविका शिक्षासेवा र राजनीति** : त्रिभुवन विश्वविद्यालयको स्थापनाकालकै विद्यार्थीका रूपमा सहानाको विषय अर्थशास्त्र रहेको थियो र स्नातकोत्तर तहको उपाधि प्राप्त गरेपछि उनी प्राध्यापन सेवामा प्रवृत्त भइन् । उनको प्राध्यापकीय जीवन चौध वर्ष बित्दानबित्दै विश्वविद्यालयद्वारा पञ्चायतविरोधी क्रियाकलाप गरेको अभियोग लगाई उनलाई सेवाबाट बर्खास्त गरिनु र यस घटनाको घाउमा खाटा बस्दानबस्दै पति पुष्पलालको अवसान हुनुजस्ता घटनाले उनको जीवनमा नमेटिने र नपुरिने घाउ लागेको स्थिति देखिन्छ । यस प्रकारका अवस्थालाई जीवनीकार प्रसाईले सजीवतापूर्वक प्रकट गरेका छन् :

> सहाना २०१८ सालदेखि २०३२ सालसम्म त्रिभुवन विश्वविद्यालयको प्राध्यापन पेसामा नै समर्पित थिइन् । उनलाई विश्वविद्यालयले अनाहकै लखेटेको बेहोरा पनि कालान्तरमा नेपाल कम्युनिस्ट पार्टीलाई चिट्ठै परेको मानिन्थ्यो । उनी पूर्णकालीन रूपमा पार्टीमा सक्रिय हुन थालेपछि उनलाई पार्टीको महासचिव बन्न अनुरोध गरिएको थियो । तर उनले त्यस पदको जिम्मा लिन अस्वीकार गरिन् (पृष्ठ ७२) ।

पदलोलुपतामा विश्वास नगर्ने नारीयोद्धा सहाना जागिर खोसिएपछि पूर्ण रूपमा स्वतन्त्र बनेर राजनीति गर्ने दिशामा जुटेको यथार्थ जीवनीले देखाएको छ । यसरी लखेटिएका अनेक प्राध्यापकहरू स्वतन्त्र ढङ्गले आफ्नो विचार सम्प्रेषण गर्ने काममा जुटे पनि सहाना प्रधानचाहिँ पूर्ण रूपमा वामराजनीतिमा समर्पित बनेको र स्वतन्त्र रूपमा शिक्षा सेवा गरिरहेका व्यक्तिलाई बिच्क्याएर तत्कालीन राजनीतिक व्यवस्थाका शासकहरूले आफ्नै अवसान निम्त्याएको हो भन्ने सन्दर्भ पनि जीवनीकारले अघि सारेका छन् । गैरगणतान्त्रिक राजनीतिका समर्थक प्रसाई वामपन्थी चिन्तक सहानाको आदर्शलाई राजनीतिक उदार भावनाका साथ सम्मान गर्ने लेखकका रूपमा उपस्थित भएका छन् ।

सहानामा जीवनको सोख तथा कर्तव्यको रूप पनि राजनीतिले नै लिन लागेको देखिएको छ । मुलुकमा बढ्दै गएको पञ्चायती राजनीतिप्रतिको वितृष्णा, वामराजनीतिको आकर्षण तथा यसप्रतिकै समर्पण आदि अवस्थाले सहानाजस्ता सिर्जनात्मक राजनीतिक चिन्तकलाई मुलुकको राजनीतिले नयाँ दिशातर्फ आमन्त्रण गर्न लागेको स्थिति थियो । सहानामा राजनीति बिस्तारै सोख र कर्तव्यमा परिणत हुँदै थियो । यस सोखले उनलाई समाजका आर्थिक पक्षमा देखिएको शोषण, नारीमाथिको शोषण उत्पीडन तथा वर्ग, जाति र लिङ्गका विभेदले जन्माएका प्रताडनाप्रति विद्रोह गर्नेतर्फ अग्रसर तुल्याएको हुँदा सहानाको दृष्टि सोखमा मात्र नरही कर्तव्यमै बदलिँदै गएको थियो भन्ने कुरालाई प्रसाईले तलको उद्गारमा प्रकट गरेका छन् :

> 'राजनीतिक व्यवस्था परिवर्तन भएर मात्र पुग्दैन, मान्छेको सोचमा नै परिवर्तन आउनुपर्छ ।' त्यस बेलाका आफ्ना क्याबिनेट समकक्षी मन्त्रीको नारीउपरको तुच्छ कुरा सुनेर सहाना प्रधान धेरै नै निराश भएकी थिइन् । राष्ट्रको कार्यपालिकामा

> बस्नेहरूले नारी जागरणमा हतोत्साही गरिरहे तापनि सहाना प्रधानहरू नारी हिंसा र बलात्कारका विरोधमा दस हात पटुका कसेर अग्रसर भइरहे (पृष्ठ ८५, ८६) ।

मुलुकमा आफूहरूकै प्रयत्नबाट राजनीतिक परिवर्तन पनि आयो । आरम्भमा लहडमा सुरु गरिएको राजनीतिक गतिविधि बिस्तारै सोखमा र परिणाममा कर्तव्यमा परिवर्तित बन्दै आएको स्थिति सहानाको जीवनचरित्रले प्रतिपादन गरेको छ । नारीहिंसाका सन्दर्भमा उठेका आवाजलाई सही दिशा दिनुपर्ने प्रसङ्ग उनले मन्त्रीको हैसियतले मन्त्रीपरिषद्को बैठकमा उठाइरहँदा तत्कालीन गृहमन्त्री योगप्रसाद उपाध्यायले नारीलाई आत्मसुरक्षाका निम्ति लामा नङ पाल्ने सल्लाह दिएको सन्दर्भलाई लिएर व्यवस्थाको परिवर्तनभन्दा पनि शासकको मनोवृत्तिको परिवर्तन अपेक्षित रहेछ भन्ने सहानाले निष्कर्ष निकालेकी थिइन् । लामो समयदेखि दुर्गन्धित बनेर बसेको सामन्ती संस्कृतिको फोहोरको प्रतीक बन्दै हुर्किएका व्यक्ति नै प्रजातन्त्रका नाममा मुलुकको शान्तिसुरक्षाका ठेकेदार बन्न पुगेका स्थितिमा देशका नारीले कसको आशा र भरोसा लिऊन् भन्ने कुरा जीवनीकार प्रसाईले उपर्युक्त साक्ष्यमार्फत प्रकटमा ल्याएका छन् ।

(ङ) **सहानाका जीवनको आर्थिक पीडा** : सहानाका जीवनलाई आर्थिक पीडाले पनि पूरै तहसनहस बनाएको थियो । एकातर्फ विश्वविद्यालयको जागिर खोसिएको र अर्कोतर्फ पति पुष्पलालको स्वास्थ्यमा पनि कमजोरी देखिँदै गएका कारण जीवनको डुङ्गा अभावको भुमरीमा ढलपलिँदै गरेको अवस्थामा थाम्न गारो पर्दै गएको सन्दर्भ पनि यस कृतिमा प्रकट भएको छ । सहानाका जीवनमा यो घटना अत्यन्त दारुण क्षण बनेर गुज्रिरहेको स्थिति थियो र यसलाई पनि जीवनीकार प्रसाईले मार्मिक ढङ्गले अङ्कन गरेका छन् । २०२७ सालतिर बनारसको प्रवास कालसँग जोडिन आएका

पुष्पलालको आर्थिक दुर्दशाको साक्षी बनेर बसेका प्रश्रित, गोविन्द ज्ञवालीसमेतको अवस्थालाई पनि यहाँ टिठलाग्दो स्थितिमा देखाउने प्रयत्न गरिएको छ । यस प्रकारको संवेदनाको अत्यन्त दारुण चित्र तलका उद्धरणमा प्रकट भएको छ :

> २०२७ सालतिरको कुरा हो, उनका सहयोगी साथी दुई जनामध्ये गोविन्द ज्ञवाली र मोदनाथ प्रश्रित पनि सोही पार्टी कार्यालयमा नै डेरा जमाएर बसेका थिए । प्रश्रितका अनुसार त्यति बेला पन्ध्र रुपियाँले उनीहरू तीन जनाले सत्र दिन पालिनुपरेको थियो । त्यस बेला उनीहरू भटमास र चनाका गेडा टोक्तै पेटभरि पानी खाएर सुत्ने गर्थे । प्रश्रितले पछिसम्म पनि भने– 'त्यस्तो अवस्थामा बाँचेका पुष्पलालले घरपरिवारका लागि के गर्न सक्थे र ?' (पृष्ठ १०२) ।

त्यस समयको बनारसको जीवनमा त्यहाँको लगभग ३० पैसाले एक दिनको भोजन धान्नुपर्ने स्थितिको चित्रण कस्तो दु:खद रहेको छ त भन्ने कुरा पनि यसले प्रकटमा ल्याएको देखिन्छ । पुष्पलालको जीवनमा आएको आर्थिक अभावको आँधीमा भुमरी जन्माउने स्थितिको सामना गरिरहेकै अवस्थामा सहानाको विश्वविद्यालय सेवाको बर्खास्ती पनि नुन हालिएको घाउको चुक बनेर अगाडि आएको देखियो । यस प्रकारको भुक्तमान सहानाले आफ्नो जीवनको अधिकांश समयमा काट्नुपरेको अवस्था पनि प्रस्तुत जीवनीका विभिन्न सन्दर्भमा व्यक्त भएको छ । इमानदार व्यक्तिका जीवनमा बेइमान समय र व्यवस्थाले नराम्रोसँग डामेको हुन्छ भन्ने कुरा पनि सहानाका जीवनगाथाले सिद्ध गरेको छ ।

जीवनमा आर्थिक अभाव र दु:खद परिस्थिति भनेको त्यति घातक विषय होइन, जति स्वाभिमान र स्वाधीनताको प्रश्न अगाडि तेर्सिन्छ । नेपाली समाजमा बिस्तारै नैतिकता तथा आस्थाको दुर्भिक्ष

पन्पिन लागेको भयङ्कर घातक विषय हो । जीवनमा आर्थिक अभाव र दु:खद परिस्थिति आइलाग्न सक्छन्, त्यति ठूलो कुरा मान्नै पर्दैन । ठूलो कुरा त के हो भने आस्था र निष्ठाको आर्जन आत्मिक तहमा नैसर्गिक ढङ्गबाट प्रादुर्भाव हुने विषय हो– यसमा खडेरी पऱ्यो भने चाहिँ डराउनुपर्छ । आर्थिक पक्ष बाह्य र अर्जित विषय हो । यस सन्दर्भलाई चाहिँ सहानामा रहेको राजनीतिक, आर्थिक निष्ठा र स्वाभिमानका सन्दर्भले तिरोहित गरेको देखिन्छ । व्यक्तिको स्वाभिमान, परिवार, समाज र राष्ट्रसम्मको गौरवलाई पनि व्यक्तिका आचरणले प्रतिबिम्बन गरेको हुन्छ भन्ने कुरा तलको साक्ष्यले प्रकटमा ल्याएको छ :

> अस्पतालमा तिर्नुपर्ने रकम सहानाले नै जोहो गरेकी थिइन् । त्यसैले सहानाले चन्द्रशेखरका निजी सचिवलाई धन्यवाद दिँदै भनेकी थिइन्– 'पैसा म नै तिर्छु । उहाँको इच्छा पनि त्यही नै थियो ।' तर चन्द्रशेखरका निजी सचिवले त्यो पैसा चन्द्रशेखरकै तर्फबाट तिर्नुपर्नेबारे सहाना प्रधानलाई सम्झाएका थिए । अन्तत: चन्द्रशेखरकै तर्फबाट अस्पतालमा लागेको सम्पूर्ण खर्च बेहोरिएको थियो (पृष्ठ ११५, ११६) ।

दिल्लीमा उपचारका निम्ति भर्ना भएका पुष्पलालको अस्पतालको उपचारखर्च भारतीय उदार नेता चन्द्रशेखरले आफ्ना निजीसचिवमार्फत भुक्तानी गर्न चाहेका समयमा सहाना प्रधानले 'यहाँको खर्च म स्वयम् तिर्छु' भनेको कथनमा राष्ट्रिय स्वाभिमान कसैको निगाहमा धितो राख्न नचाहेको संवेदनात्मक भाव प्रकट भएको छ । यस आधारमा स्वतन्त्रताको भावनामा शिर उच्च राख्न चाहने राष्ट्रिय चिन्तनको अहम्ले भारतीय नेता चन्द्रशेखरका सामुन्ने फणा उठाएको सन्दर्भ सलाम गर्नलायक बनेको प्रसङ्गलाई जीवनीकारले जीवन्त रूप प्रदान गरेका छन् । सहानाका माध्यमबाट नेपाली राष्ट्रियताको स्वाभिमान चन्द्रशेखरका सामु झुक्न नचाहेको सन्दर्भले चन्द्रशेखरले उनीसँग माफी मागेपछि

मात्र अस्पतालको शुल्क तिर्न मन्जुर भएको सन्दर्भ प्रस्तुत साक्ष्यले सिद्ध गरेको छ । साथै निष्ठा र पैसा तुलना गर्नलायक विषय नै होइनन् भन्ने कुरा पनि यस प्रकरणले सिद्ध गरेको छ । जीवनीकार प्रसाईले सहानाको जीवनको स्वाभिमानलाई प्रत्येक राष्ट्रवादी नेपालीका निम्ति सलामयोग्य विषय बनाएर प्रकटमा ल्याएका छन् ।

**(च) नैतिकता र नारी स्वाभिमान सहानाको निष्ठा** : सज्जन र सकारात्मक तथा सुदृढ आचरण भएका मान्छेको मनमा जे हुन्छ त्यस भावलाई वचनले र व्यवहारले प्रकटमा ल्याएको हुन्छ । सहानाका मनमा जे थियो, वचन र व्यवहारमा पनि त्यही नै थियो । मान्छेलाई वचनका बाण हानेर परपीडनको आनन्द लिने स्वभाव उनमा थिएन । कतिपय नेताहरूमा अर्कालाई पीडा दिएपछि सन्तुष्टि मिल्ने स्वभाव हुन्छ । परपीडकहरूको दुर्वाच्य सुन्न पनि नपरोस् र यस प्रकारको दुराचारीको सङ्गतबाट पनि जोगिन सकियोस् भन्ने विषयलाई सहानाको तलको अभिमतले प्रकटमा ल्याएको छ :

> उनी जति कुरा बोल्थिन्, आफूले बोलेको कुरा ताकतले भ्याएसम्म पुऱ्याउन नै प्रयास गर्थिन् । उनी खड्गप्रसाद वलीजस्तो उखान छाँटेर जनता झुल्याउने कुराको विरोधी थिइन् । पतरपतर गरेर जगाभाबी बोल्ने उनीमा कला नै थिएन । कोही बोलिरहने मान्छेसँग नजिक हुन थालिन् भने उनी तिनलाई किताप पढ्न सुझाव दिन्थिन् । अर्कालाई होच्याउने, अरूको कुरा काट्ने र अरूको हितविपरीत लाग्ने मान्छेसँग उनी टाढा थिइन् (पृष्ठ १०५) ।

बोली र व्यवहारका आधारमा परपीडन नचाहने र आत्मरतिमा पनि नरमाउने स्वभाव भएका कारण सहानाको दृढ अठोट अन्त:स्करणमा जुन रूपमा रहेको हुन्थ्यो, वाणीमा त्यही प्रकट हुन्थ्यो र वाणीमा जे प्रकट हुन्थ्यो, त्यो व्यवहारमा नै

प्रतिबिम्बित हुन्थ्यो । वचनका तीखा बाणले कसैलाई पनि घोच्ने खालको क्षुद्र वाणी उनबाट प्रकट हुन्नथ्यो । यस्ता क्षुद्र वाणीका पैशाचिक प्रवृत्तिबाट टाढै रहन चाहने अनि उदात्त भावसंवेग र सहिष्णु स्वभावकी धनी सहाना निरर्थक जल्पनभन्दा ज्ञानप्रद कृत्यको मौन पठनलाई ध्यान दिनुमा कल्याण ठान्थिन् भन्ने निष्कर्ष जीवनीकारबाट स्थापित बनेको छ । यस प्रकारको थप एक सन्दर्भ प्रस्तुत गर्नु उपयुक्त होला :

> त्यतिखेर 'नारीद्वारा हुने शासन हामी पचाउन पनि सक्तैनौँ' भन्ने संवाद सुनेर उनले २०१० सालमा सीताराम हाईस्कुलमा पढाउँदा उनलाई विद्यार्थीले हुटिङ गरेको क्षण सम्झेकी थिइन् । तर उनी ती विद्यार्थीबाट अपहेलित भएको पैँतिसचालिस वर्षपछिको समयमा पनि अमेरिकाका बुद्धिजीवीहरूको राजनैतिक सोच, चेत र ज्ञान त्यतिखेरका नेपालका मान्छेको भन्दा खस्केको उनले ठम्याएकी थिइन् (पृष्ठ १२६) ।

नारीचेतना मुखर बनेको सहानाको जीवनचेतना अधिकतर समाजसुधारक र विभेदका राजनीतिलाई निषेध गर्ने किसिमको छ भन्ने कुरा उनका धारणाले प्रकटमा ल्याएको छ । चिन्तनका सन्दर्भमा समाजका कलिला मानवपुस्तामा समेत नारीविद्वेषको कुसंस्कार पन्पिदै गरेको अवस्था शिक्षक सहाना कक्षामा पस्दा बहिष्कारको नारा दिएर कक्षाबाट बाहिर निस्किने नेपाली विद्यार्थी र यस्तो घटना घटेको समयभन्दा आधा शताब्दीपछिको समयमा त्यो पनि अमेरिकाजस्तो स्वतन्त्रताको मसिहा देशमा, त्यसमाथि पनि शासकहरूले देखाएको नारीउपेक्षाको व्यवहार कतिपय नेपाली कुसंस्कारको रूढ मानसिकतामा अलमलिएको अवस्थाभन्दा पनि नीच र गएगुज्रेको स्थिति देखेर सहाना छक्क परेको कुरा प्रसाईले माथिको साक्ष्यमा प्रकट गरेका छन् ।

(छ) **राजनीतिक नैतिकताको अनिकालमा पनि अनुकरणीय व्यक्तित्व सहाना** : २०४६/०४७ सालको राजनीतिक आन्दोलनपछिका समयमा सहानाको राजनीतिक आचरण अझ सबल र आदर्श बनेर देखा परेको थियो । यो जीवनी कृति लेखिरहेका क्षणको राजनीतिक विकृति अझ विकृतिका वितण्डामा रुमलिएको कथित वामनेतृत्व र तिनका पछिल्तिर झिँगा धपाएर लाग्ने कार्यकर्ता र पछि लागिरहँदा आनन्द बोध गर्ने र ती आफ्ना आदर्श नेताको आचरण पूरै दुर्गन्धित तथा बीभत्सित संवेदनाको हरक फैलाउने भए पनि सुवासित प्रसाद ठान्ने लार्केहरूको बथान बढ्दै गएको स्थितिबाट सहाना स्वयम् प्रताडित बन्दै गएकी थिइन् । आजको जस्तो आफ्ना मालिकका पुच्छरका झिङ्गा धपाउने आचरण विकसित बनिनसकेकै स्थितिमा पनि सहानाले वामराजनीतिको नेतृत्व गर्ने अवसर पाएको सन्दर्भ जीवनीकारका निम्ति मात्र होइन, समग्र पाठककै निम्ति पनि उदाहरणीय आचरण सिद्ध भएको स्थिति देखिन्छ । प्रसाईले आफ्नो बाल्यजीवनको आदर्श वामनेता तथा गणतान्त्रिक नेताको बिम्ब बनेका माओ र गैरगणतान्त्रिक नेताको बिम्ब बनेका राजा महेन्द्रका आचरणको छनक सहानामा पाएको आभास मिल्दछ । यसको साक्ष्यका रूपमा एक नयाँ र प्रतिनिधि बिम्ब तलको साक्ष्यले प्रकटमा ल्याएको छ :

> उनी ज्यादै ठूलो राष्ट्रवादी भएकै कारण उनको पनि मोदनाथ प्रश्रितको जस्तो नै हालत हुन थाल्यो । भनौँ, उनलाई पनि चारैतिरबाट छिर्के लगाएर सक्रिय राजनीतिबाट धपाउने काम भयो । त्यसैले उनी फेरि कहिले उठ्न नसक्ने भएर थचारिए । यो बेहोरा सहाना प्रधानका लागि पनि असह्य थियो । वास्तवमा ज्ञवालीले जीवनभरि निष्ठाकै राजनीति मात्र गरिरहे । नारायणमान बिजुक्छेँ रोहितले पनि गोविन्द ज्ञवालीलाई सत्यनिष्ठ कम्युनिस्ट माने । साथै गोविन्द भट्टले

पनि ज्ञवालीलाई अति इमानदार कम्युनिस्ट नेता भन्थे (पृष्ठ १२०, १२१)

सहानाले अवलम्बन गरेको वामचिन्तन र त्यसलाई आदर्श बनाएर व्यवहारमा उतार्ने नेपाली प्रतिनिधि चरित्र उनका दृष्टिमा मात्र होइन, सहृदयी तथा मैत्री चेतना भएका व्यक्तित्वलाई सधैँ छिर्के दाउ लगाएर लखेट्ने र राम्रा मान्छेलाई किनारा लगाउने नेपालको पछिल्लो चरणको राजनीतिक विकृतिका उदाहरणहरू जीवनीकार प्रसाईले राम्ररी नै ठम्याएका छन् । यस प्रकारको बेइमानीको प्रताडनाबाट पीडित गोविन्द ज्ञवाली, मोदनाथ प्रश्रित, नाराणमान बिजुक्छेँ 'रोहित' आदिको स्थिति सत्यनिष्ठ र इमानदार भएकै कारण पार्टी विकृतिको रापमा पिल्सिनुपरेको सन्दर्भ माथिका साक्ष्यले सिद्ध गरेको छ । यस प्रकारका विकृति २०४७ पछिको वामराजनीतिमा मौलाउँदै गएर आजको स्थितिमा आइपुगेका सन्दर्भलाई जीवनीकारले निकै कटु अनुभूतिका केन्द्रमा राखेर प्रकट गरेका छन् ।

राज्यविरुद्धका अनेक गतिविधिमा आधिकारिक रूपमा नै सामेल हुँदै जाने र पार्टीलाई दूषित घोलमा घोल्ने प्रकारका कुकृत्यमा मुछ्दै जाने क्रियाहरू बढ्दै गएका बेला सहाना झन् सबल पहाड बनेर उभिन सक्ने नेताका रूपमा प्रस्तुत भएकी छन् । सहानाको सिद्धान्त र मतका विपरीत हस्ताक्षर गर्ने र विदेशी प्रभुसमक्ष आत्मसमर्पण गर्ने प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईसँग र आफ्नै दलका पनि त्यस्ता लोतीखरे मन्त्री र नेताहरूसँग पनि हिम्मतका साथ विमतिमा उभिने तथा राष्ट्रिय स्वाभिमान कतै बगेर जानुहुन्न र लगेर धितो राख्नु पनि हुन्न भन्ने अडानमा दृढ रहने सहाना राष्ट्रवादी चिन्तनका दृष्टिले दरिलो किल्ला थिइन् । यस विषयलाई साहनाका विभिन्न निर्णय र अठोटले सिद्ध गरेको छ । यसका निम्ति पनि प्रसाईका लेखनमा रहेका अनेक साक्ष्य छन्, यहाँ एक साक्ष्य प्रस्तुत गरिनु असान्दर्भिक मानिन्न :

> सहानाकै जीवनकालमा महाकालीको बाउन्ने प्रसाद नै पाएझैं गरी मपाइँ हुने कर्ता पनि टड्कारै रूपमा देखिएका थिए । त्यसपछि समग्र नेपालकै राजनीति क्रमश:क्रमश: हेरिनसक्नुकै अवस्थामा अनुवाद हुन थालेको पनि पाइयो । सहाना प्रधानको गुन्यू पनि हुन नसुहाउने मान्छे पछिल्ला दिनहरूमा सहानाको शिरबन्दीसम्म जस्ता भएर पनि निस्केका देखिए । तर त्यस्तो दयनीय राजनीतिक अवस्थाचाहिँ सहाना प्रधानले टुलुटुलु हेर्नुपरेको थिएन (पृष्ठ ८०) ।

वास्तवमा वामराजनीतिक चिन्तन र यसको प्रतिष्ठा राजनीतिक दलका अकर्मण्यताका कारण सहानाका जीवनकालमै स्खलित बन्दै गएको थियो । उनले सक्रिय राजनीतिको मैदान खाली गरिदिएका कारण छिमेकीसँगको महाकाली नदीसम्बन्धी समर्पणवादी सम्झौताको कालो टीका उनको निधारमा नियालेर हेर्दा पनि देखिएन । यस कारण मूल राजनीतिक धार रच्छ्यानको फोहोर बन्न पनि लायक नभएको विचार तथा सहानाको गुन्यू र पेटीकोट बन्न पनि नसुहाउने व्यक्तित्वहीन व्यक्तिहरू राष्ट्रको सर्वोच्च सम्मान र शासनको आसनमा बसेर दुर्गन्धित बनाएको अवस्थाचाहिँ सहानाले हेर्नु परेन । दासताका भैँफुट्टा पिण्डहरू सहानाका शिरका ताजको हैसियत लिएर हल्लिएको समयको नाङ्गो नाच हेर्न परेन । यस प्रकारको अवसरचाहिँ प्रकृतिले सहानाको देहावसानका रूपमा सिर्जना गरिदियो । सहानाको जीवनलीला अन्त हुनु पनि आफैँमा एक सकारात्मक परिणति थियो– कसैको जीवनलीलाको समाप्ति पनि उचित समयमा भयो भने सलामयोग्य साबित हुन्छ भन्ने कुरा प्रसाईका प्रस्तुत साक्ष्यले सिद्ध गरेको छ । सज्जन मान्छेको अवसान पनि कहिलेकाहीँ समयमा भएन भने उसले दुगर्तिको सिकार बन्नुपर्छ । कमसेकम सहानाका हकमा चाहिँ मृत्यु पनि वरदान साबित भएको कुरा माथिका साक्ष्यमा जीवनीकारले सिद्ध गरेका छन् ।

## ४. भूमिकाको उपसंहार

नेपाली जीवनीसाहित्य सिर्जनाको परम्परामा आधिकारिक लेखकका रूपमा स्थापित बनेका सुविख्यात साहित्यकार नरेन्द्रराज प्रसाईले वामपन्थी राजनीतिकर्मी तथा सबल चिन्तक सहाना प्रधानको जीवनी सत्र अध्यायको संरचनामा तयार गरेका छन् । **ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान**नामक जीवनीकृतिका लेखक बनेर स्थापित हुँदा गैरवामपन्थी तथा गणतन्त्रका विपरीत विचारका पक्षपोषक भए पनि युवावस्थाको प्रारम्भसम्म वामविचाराधाराको गहिरो र संस्कारयुक्त प्रशिक्षण पाएका कारण उनमा वामचिन्तनको भाइब्रेसन आजसम्म पनि कायम भएको भने देखिएकै छ । वामविचारका प्रतिभा तथा राजनेताप्रति आकर्षित हुने स्थितिमा देखिने प्रसाईको प्रस्तुत कृतिले सकारात्मक निष्कर्ष निकालेको छ । पुष्पलालबाट आरम्भ भएको निष्ठाको वामराजनीति धान्दै आएकी सहानाको जीवनको अन्ततिर आइपुग्दा उनको गुन्यूको शिरबन्दी लगाउने योग्यता पनि नपुगेका लिलिपुटहरू राष्ट्रको सर्वोच्च शासनाधिरूढ देखिएका छन् । यस प्रकारको सफल बिम्ब उतार्दै यस कृतिले नेपाली वामराजनीतिको मात्र नभएर समग्र राजनीतिका सकारात्मक पक्षको धौलागिरिदेखि कञ्चनजङ्घासम्म आरोहित बनेकी सहानामा केन्द्रित प्रस्तुत ग्रन्थ तयार गर्ने प्रसाई सबैका अभिवादनका पात्र बनेका छन् ।

**• प्रा.राजेन्द्र सुवेदी**

# सहाना प्रधान र म उनको गैरगणतान्त्रिक लेखक

सहाना प्रधानलाई राजा वीरेन्द्रले फलामजस्तै कडा (Iron Lady) अनि सिद्धान्तवादी नारी हुकुम भएको थियो । उनी कडा र सिद्धान्तवादीका अतिरिक्त नेपाली कम्युनिस्ट आन्दोलनलाई शिखरमा पुऱ्याउने एउटी वीराङ्गना पनि थिइन् । नेपाल कम्युनिस्ट पार्टीका बौद्धिक, देशभक्त र शिखर गुरु मोदनाथ प्रश्रितका शब्दमा भन्नुपर्दा 'नेपाली कम्युनिस्ट आन्दोलनमा पुष्पलालपछाडि सहाना प्रधानको नै ऐतिहासिक पृष्ठभूमि रहेको छ । नेपालको कम्युनिस्ट आन्दोलनलाई यहाँसम्म ल्याइपुऱ्याउन सहाना भाउजूको पनि उत्तिकै भूमिका रहेको छ ।' वास्तवमा सहानाकै कारणसमेत जोडिनाले नेपाल राष्ट्रमा पटकपटक कम्युनिस्टहरूले शासन गर्ने मौका पाएका थिए । तर आफूले ज्यानै सुम्पेको कम्युनिस्ट पार्टी शक्तिशाली भएताकाको समयसमयमा नै उनले अपहेलनाको पात्र पनि बन्नुपरेको थियो । त्यस्ती नारीलाई पनि दबाउन विविध चरणमा अनेक षड्यन्त्र भएका थिए । किनभने उनी नेपालवादी थिइन् । उनको प्राणमा नेपाल बसेको थियो । नेपालवादी कम्युनिस्टमा स्थापित नारायणमान बिजुक्छेँ 'रोहित'का शब्दमा पनि 'सहाना प्रधान देशभक्त थिइन् । बाँचुन्जेल उनले राष्ट्रभक्तिप्रतिको धर्म निर्वाह गरिरहिन् ।' त्यसैले उनलाई जतिले थाङ्नामा सुताउन खोजे तापनि उनी गलिनन् ।

अन्ततः तिनै मान्छेहरूको नै मुखुण्डो क्रमशः उघ्रिँदै जाने क्रम भइरह्यो । वास्तवमा उनलाई होच्याउनु भनेको एउटा सिद्धान्त, एउटा जागरण र एउटा वाद नै होच्याउने काम थियो । त्यसो भए पनि गुटवादहरूले उनलाई माथिल्लो तहमा ढिम्किन नै दिएका थिएनन् । नेपालमा कम्युनिस्टकै बाहुल्य हुँदाहुँदै पनि उनी तिनीहरूद्वारा नै बडारिन पुगेकी थिइन् ।

नेपाली कम्युनिस्टहरूको इतिहास केलाएर हेर्दा सहाना प्रधानको नाउँ माथिल्लो पङ्क्तिमा आउने गर्छ । त्यस बेलादेखि यस बेलासम्मकै हिसाब गरेर त्यस पार्टीको शिखर नेतामध्ये तीन जनाको नाउँ मात्र छान्नुपर्दा पुष्पलाल, मनमोहन अधिकारी र सहाना प्रधानकै नाउँ अघिल्लो पङ्क्तिमा आउने गर्छ । शासनको आसनमा पुग्न मनमोहन अधिकारीलाई जसरी चिट्ठा परेको थियो, त्यसै गरेर सहाना प्रधानको योगदानलाई उनको सत या भनौँ उनी सती हुनुको तात्पर्यले खप्लक्क निलिदिएको थियो । यदि सरल, सौम्य र अनुशासित भएको फल नै नारीले भोग्नुपर्ने थियो भने त्यो फल सहानाको भागमा पनि नपर्नुपर्ने थियो । तर त्यसो नभएर खोस्ने, खोसिने, बोक्ने र बोकिने राजनीतिको अभ्यास भएकै कारण जोडिएर पनि नेपालको राजनीतिको शिखर पदको आरोहण गर्न नसक्ने परिभाषाभित्र सहाना प्रधानको नाउँ पनि इतिहासमा लेखिन गयो । कम्युनिस्ट पार्टीमा राजनीतिक संस्कारको अविकसित रूपरेखाको बोलवालाका कारण धेरै मोदनाथ प्रश्रितहरूले सडकछापमै पनि चित्त बुझाउनु पर्‍यो । तर सत्ताले जुनसुकै मार्काको टाँचा लगाइदिन खोजे तापनि सहाना प्रधान पनि राजनेता नै थिइन् ।

नेपालमा २०४६ सालको आगमनपछि दलगत राजनीतिको शक्तिशाली प्रवेशताका नेपाली काङ्ग्रेसले नै पार्टीगत धारामा व्यक्तिवादी हिसाब प्रारम्भ गराएको थियो । वास्तवमा भन्ने हो भने गणेशमान सिंहले आफ्ना श्रीमती, छोराछोरीलाई नेपाली काङ्ग्रेस

गणेशमानको नै पेवा हो भन्ने अनुभूत नगराइदिएको भए उनी नेपालका गान्धी हुन सक्थे । तर दुर्भाग्यको कुरा नेपालमा आजसम्म एक जना पनि निस्वार्थ नेता जन्मन नै सकेनन् । गणेशमान सिंहजस्ता पदीय लोलुपताविहीन व्यक्ति पनि परिवारको मोह, प्रभाव र दबाबमा डुबेर धृतराष्ट्रकै छाया बन्न पुगे । अनि त्यही गणेशमानीय मोहपाठ गिरिजाप्रसाद कोइरालाले पनि पढे र विदेशी भइसकेकी आफ्नी छोरीलाई स्वदेशीको टाँचा नै लगाइदिए । उनले त आफैँ प्रधानमन्त्री भएका बेला आफ्नी छोरीलाई उपप्रधानमन्त्री नै बनाइदिए । अनि त्यसपछिका प्राय: प्रधानमन्त्रीहरूले पनि गणेशमान र गिरिजाप्रसादलाई नै गुरु थापेको देखियो । परिणामस्वरूप आफ्ना पत्नी, छोराछोरी, बुहारी, भाइभतिजा, सालासाली र कुटुम्बलाई समेत दाइजोका रूपमा मन्त्री, माननीय, राजदूत, मेयर र विविध आयोग, परियोजना र अन्य ठूलै आयस्था हुने ठाउँहरू बाँड्न थाले ।

नेपालमा विश्वेश्वरप्रसाद कोइराला पनि प्रधानमन्त्री नै भएका थिए । तर उनको प्रधानमन्त्रित्वको पदभन्दा नाउँ नै ठूलो भइदियो । भनौँ, उनको राष्ट्रप्रतिको बफादारीका कारण बीपी कोइराला नै काफी भयो । त्यसैले प्रधानमन्त्री हुनेबित्तिकै कोही महान्चाहिँ हुँदैनन् भन्ने पनि हाम्रो नेपालमा प्रधानमन्त्रीको कुर्सी ओगटाइएका प्रधानमन्त्रीहरूको स्वरूपबाट प्रमाणित भएको देखियो । उदाहरणका लागि भन्ने हो भने नगेन्द्रप्रसाद रिजाल र लोकेन्द्रबहादुर चन्दको भन्दा विश्वबन्धु थापा र राजेश्वर देवकोटाकै राजनीतिक चिन्तन, योगदान र हैसियत गह्रुङ्गो थियो । त्यसै गरी एक दर्जन विद्यादेवी भण्डारी या खड्गप्रसाद वलीभन्दा सहाना प्रधानकै सिद्धान्त, बौद्धिकता र कर्म भारी थियो । पछिल्ला दिनहरूमा वलीहरू भनेका कस्ता देखिए भने यदि रामनाथ दाहाल र शिवप्रसाद शिवाकोटी बाँचेका भए उनीहरू पनि खड्गप्रसाद वलीकै कार्यकर्तामा रूपान्तर भइसकेका हुन्थे । वास्तवमा वली भन्नु दाहाल र शिवाकोटीकै गाँस, वास र

कपास अनि बुद्धि, विवेक र निर्देशनमा राजनीतिमा स्थापित भएका थिए । राजनीतिमा यस्ता डरलाग्दा मान्छेहरू घुसे पनि इतिहास भन्ने विषय दरिद्र, निर्धो र टुहुरो कदापि हुँदैन । अन्ततः इतिहासले समयको बिम्बको मूल्य, मान्यता र योगदानलाई नै खोज्ने हो । त्यसरी खोजिँदा नै सहाना प्रधान सधैँ, सधैँ र सधैँ सफा राजनीतिज्ञका रूपमा विराजमान हुने नाउँ हुन सकेको हो । यिनै कारण जोडिन जानाले नै उनी जुनै राजनैतिक सिद्धान्तकी भए तापनि उनीबारे उनको विपरीत राजनीतिधारको मजस्तो गैरगणतान्त्रिक लेखकले समेत इमानपूर्वक घोत्लिनै पर्छ भन्ने समयले नै निर्देश गरिदियो ।

•

सहाना प्रधानजस्ती चोखी राजनीतिज्ञको जीवनकथा अहिलेको बिटुलिएको राजनैतिक वातावरणमा जनमाझ पुऱ्याएर मैले उनीप्रति पनि न्याय नै गरेँ भन्ने मलाई लागेको छ । हुन त म पूर्वकम्युनिस्ट थिएँ । बाह्र वर्षअधिकै उमेरमा मलाई कम्युनिस्ट बनाउने नेता नन्दकुमार प्रसाई थिए । अनि झापा विद्रोहका नायक शिवप्रसाद शिवाकोटीसँग विद्रोहका प्रारम्भिक दिनमा त्यसै विद्रोहमा म लहसिएको थिएँ । २०५१ सालको कुरा हो– नेपालका प्रायः कम्युनिस्टहरूको राजसी हाजिरी देखेर शिव दाइ तीनछक्कै परेका थिए । त्यति बेला उनी कमरेडहरूको चालामाला देखेर रोएका थिए । त्यस बेला उनले मलाई भनेका थिए– 'भाइ ! हामीले जनउत्थान र देशको समृद्धिका लागि ज्यानको बाजी लगायौँ, माटो गुमायौँ र जनधन नै पनि गुमायौँ । २०४६ साल आउँदा मैले त केही न केही रूपमा जनताको शासन आयो भन्ठानेको थिएँ; तर होइन रहेछ । कमरेड ठानिएकाहरूलाई पैसा, पद र कुर्सी मात्र नै चाहिएको रहेछ । शिर ठाडो पारेर हिँडेको कम्युनिस्टको सिद्धान्तलाई २०४६ सालपछि मूर्छित पारिएको रहेछ । अब त म आफुलाई कम्युनिस्ट भन्न पनि ग्लानि हुने भयो । तिमीले बेलैमा कम्युनिस्टको सिद्धान्त छाडेर मुक्ति लिएछौ । मैले पहिला गरेको कृत्यउपर मलाई

पछुतो र लाज हुने काम यिनीहरूको चालचलनले पारिदिएको छ । तर पनि मेरो मनभित्र एउटा झिनो आशा भने टाँस्सिएकै छ, कुनै दिन मेरो सिद्धान्तको कम्युनिस्ट बहुरिएर पनि आउन सक्ला !' अनि मेरा अर्का कम्युनिस्ट गुरु नन्दकुमार प्रसाई 'खाऊँ भने कान्छा बाबुको अनुहार र नखाऊँ भने दिनभरिको सिकार' भनेर अहिलेको राजनीतिमा वितृष्णाको थुक निल्दै हिँड्ने गरेको पनि म देखिरहेको छु ।

•

म एउटा गैरगणतान्त्रिक लेखक हुँ । त्यस्तो सिद्धान्तको लेखकले अर्का गणतान्त्रिक राजनेताको जीवनी लेख्ता कस्तो हुन्छ कुन्नि ! अनि सहाना प्रधानको जीवनी लेख्तै म पनि त्यही स्वादमा डुबिरहेको छु । अरूहरूलाई चित्त बुझोस् या टाउको दुखोस्, लेखनका मामलामा छिरेपछि म निष्पक्ष हुने प्रयास गर्छु । यति हुँदाहुँदै पनि कतै भूल गरेर म चिप्लिहालेँ भने मलाई सतर्क गराइदिन हुन समस्त पाठकसँग म अनुरोध गर्दछु ।

•

विगतमा सहाना प्रधानको जीवनी कुनै दिन लेखौँला भनेर मैले एक प्रतिशत पनि सोचेको थिइनँ । तर उनीबारे अध्ययन गर्दै जाँदा उनले मेरी आमा भागीरथा प्रसाईको झैँ कठोर दुक्ख पाएकी रहेछिन् । उनको जीवनले पनि मेरी आमाको झैँ सुनजस्तै सुक्ख र पित्तलजस्तै दुक्ख भोगेको रहेछ । त्यति मात्र नभएर उनी देश र जनताका लागि आधा शताब्दीभन्दा धेरै समयसम्म भोकैतिर्खै हिँडेकी रहेछिन् । अनि मैले उनको जिन्दगानी पढेर त्यसलाई नाघेर हिँड्न पनि सकिनँ । त्यसैले मैले उनीबारे लेख्न थालेँ । मेरो गच्छे, स्रोत र विवेकले भ्याएसम्मको मैले उनीबारेको खोज, अन्वेषण र अनुसन्धान गरेँ । अनि मैले 'ढुङ्गाको कापमा झाङ्गिएको पीपल नै सहाना प्रधान हुन्' भन्ने निष्कर्ष निकालेँ ।

'ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान' मैले मेरै मनमा गाँठो पारेर राखेको थिएँ । अनि त्यो बीजारोपण गर्ने पनि एक जना मेरी छोरी थिइन्– लोग्शरी कुँवर । उनैले सहाना प्रधानबारे लेख्न मलाई बाध्य पारिन् । मैले सहाना प्रधान लेख्न थाले तापनि उनी मलाई हुटहुटी लगाउन मेरो घरमा धाइरहिन् । उनले बराबर नकराएकी भए सायद मेरो मनबाट सहाना प्रधान मेरै अल्छीपनमा नै बिलाएर पनि जान सक्थ्यो होला । त्यसैले मैले लोग्शरीलाई 'प्रिय छोरी तिमीलाई धन्यवाद' भन्नै पर्छ ।

'ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान'बारे मेरो लेखनीको सार्वजनिक रूपमा बयान गरिदिने आदरणीय दाजु वामदेव गौतम र प्रिय बहिनी रामकुमारी झाँक्रीलगायत तमाम पाठकगणप्रति म अनुगृहीत छु ।

मेरा मित्र जीवेन्द्र सिम्खडा 'अन्नपूर्ण पोस्ट'को प्रधान सम्पादक भएका बेला त्यस पत्रिकामा स्तम्भकार भएर मैले पाँच वर्ष नियमित लेखेको थिएँ । त्यही कालखण्डमा त्यस पत्रिकामा मैले महाकवि देवकोटाको जीवनी पनि लेखेथैं । अनि 'अन्नपूर्ण पोस्ट'मा छापिएका ती सबै लेख बटुलेर २०६६ सालमा मैले 'देवकोटाको जीवनशैली'का नाउँमा सो ग्रन्थ प्रकाशनमा ल्याएको थिएँ । त्यस बेला 'अन्नपूर्ण पोस्ट'मा त्यसरी लेख प्रदान गर्न मलाई हुटहुटी लगाउनेचाहिँ मेरा प्रिय भाइ राजकुमार रेग्मी हुन् ।

'रातोपाटी'मा सम्पादक भएपछि जीवेन्द्र सिम्खडाबाट मलाई एउटा न्यानो प्रस्ताव आएको थियो– 'देवकोटाको जीवनशैली'जस्तै केही नयाँ रचनात्मक काम गरौं न !' सिम्खडाबाट आग्रह भएपछि 'ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान'को चित्र धारावाहिक रूपमा 'रातोपाटी'मा नै छाप्ने हामीमाझ वाचाबन्धन भयो । अनि २०७७ साल असार २७ गते सहाना जयन्तीदेखि साप्ताहिक रूपमा 'रातोपाटी'ले मेरो यो जीवनीकृति प्रकाशनमा ल्याउन थालेको थियो ।

'ढुङ्गाको कापमा ऋाङ्गिएको पीपल : सहाना प्रधान'को लेखनको इतिहास भ्रूण पनि बेग्लै छ । कुरा के हो भने– 'तिमी नारीवादी साहित्यकार पनि हौ । त्यसैले तिमीले स्वच्छ छविकी, नैतिकशील र राष्ट्रवादी विदुषी सहाना प्रधानको समेत जीवनी लेख्नै पर्छ' भनेर जबरजस्ती गर्ने मेरी पुरोधिका इन्दिरा प्रसाई हुन् । उनले मेरा कृति बढोत्तरी गर्न यस्तै खाले एकएक बहाना गर्ने गरेकी हुन्छिन् । उनको त्यही बहानाको प्रतिफलका कारण पनि मैले यस कृतिलाई जनमाझ ल्याउन सकेको हुँ । साथै मेरो लेखनलाई गर्व मानेर मलाई थप जाँगरिलो पार्न मेरा छोराछोरी कञ्चनजङ्घा र अनुकृतिका उद्धत भइरहने कारण मैले चाहेको समयपूर्वै सहाना प्रधानको बिट मार्न पनि सकेको थिएँ ।

मैले प्रत्यक्ष चिनेका र मेरा प्रिय अनाम पाठकहरू मेरा लागि अजस्र प्रेरणाका स्रोत भएको कुरा म सधैँ सम्झने गर्छु । ती पाठकबाट मैले पाउँदै आएको स्नेह, प्रेरणा र आशीर्वाद मेरो लेखनका ऊर्जा भएका छन् । मेरा सम्पूर्ण पाठकप्रति म सदा अनुगृहीत पनि छु ।

२०७७ साल फागुन ३ गते **• नरेन्द्रराज प्रसाई**

ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान

# सहाना प्रधानका बाजे र बुबाको कथा

सहाना प्रधानको पुर्ख्यौली थलो काठमाडौँको साँखु थियो । यिनीहरू नेपालका आदिवासी थिए । यिनीहरू नेवार जातिका 'स्यापू'मा दरिन्थे । तिनै स्यापूका वंशज लक्ष्मणलाल स्यापूचाहिँ सहानाका बाजे थिए ।

लक्ष्मणलाल स्यापूका बुबा भीमलाल स्यापूको पेसा व्यापार थियो । साँखुमा उनीहरूको घरेलु पसल थियो । उनीहरूको व्यापार ठूलो थिएन । भनौँ, पसलबाट मात्र उनीहरूलाई घर चलाउन अप्ठ्यारो नै थियो त्यसैले उनीहरू जीविकाको थलो खोज्ने क्रममा नै थिए । साथै उनीहरू परम्परागत सांस्कृतिक कृत्यमा पनि सहभागी थिए । त्यस ठाउँमा उनीहरू सांस्कृतिक महिमाका हकदार नै थिए । १९१० सालको कुरा हो– सांस्कृतिक रीतिथितिलाई थप समन्वय गर्नेहेतु स्थानीय अधिकारीले सहानाका जिजुबाजे भीमलाल स्यापूलाई भक्तपुर जान आग्रह गरेका थिए । सोहीअनुरूप भीमलाल स्यापू आफ्ना सन्तान लिएर भक्तपुरमा बसाइँ सरेका थिए । साथै उनी साँखुबाट जुन प्रयोजनका लागि भक्तपुर आएका थिए, उनले त्यो काम पनि गरिरहे ।

भक्तपुरमा आएर स्यापूले पेसाका रूपमा व्यापार नै गरे । भक्तपुर झरेपछि चाहिँ उनीहरूले आफ्नो प्रतिष्ठालाई केही माथि उठाएका थिए । अनि त्यहाँ अलिक हुने, खाने भएपछि उनीहरू

बिजुक्छेँमा कहलिन थाले । तर त्यस ठाउँमा उनीहरू एकचौथाइ शताब्दी मात्र बसेका थिए । त्यसपछि सहानाका बाजे लक्ष्मणलाल प्रधान भक्तपुरबाट काठमाडौँको असनटोलमा बसाइँ सरे । काठमाडौँमा बस्न थालेपछि उनीहरूले निकै सफलता पाउन थाले । अनि काठमाडौँमा राम्ररी खुट्टा टेक्न थालेपछि उनीहरूले आफूलाई प्रधान लेख्न थालेका थिए ।

सहानाका बाजे लक्ष्मणलाल प्रधान काठका व्यापारी थिए । काठकै व्यापारबाट उनको आर्थिक हैसियत दिन दुई गुना र रात चार गुना भएर उक्सेको थियो । हुँदाहुँदै उनी कति धनी भए भने राजालाई पनि ऋण दिने हैसियतमा उनले आफूलाई पुऱ्याएका थिए । त्यस समयमा उनलाई बत्तीसकोटी साहू भनेर चिनिन्थ्यो । त्यति बेला नेपालमा बैङ्कको व्यवस्था थिएन । त्यसैले बत्तीसकोटी साहू नै बैङ्कसरह मानिन्थे । इमानजमान भएका कारण लक्ष्मणलाल राजदरबारका घनिष्ठ, प्रिय र उच्चस्तरीय पात्र नै भइसकेका थिए । उनी ज्यादै कर्तव्यनिष्ठ पनि थिए । त्यसैले दरबारले बोलाइसक्दा दौरासुरुवाल, कोट र शिरमा पगरी गुँथेर उनी सम्बन्धित ठाउँमा पुगिसक्थे ।

सहानाका बाजे लक्ष्मणलाल प्रधान बत्तीसकोटी साहू भए पनि उनका घरमा नारीहरूको शारीरिक शोषण थियो । उनका घरमा मात्र नभएर त्यस बेलाको चलनै सबैतिर त्यस्तै थियो । त्यस युगमा जतिसुकै धनीका पत्नीहरूले पनि बिहान कुखुराको डाकमा उठ्नुपर्थ्यो र राति टुँडिखेलमा तोप पड्केपछि मात्र सुत्न पाउँथे । तोपचाहिँ हररात एघार बजे पड्कने गर्थ्यो । वास्तवमा त्यस बेलाका सबै नारीहरूले गोरुझैँ जोतिनुपर्थ्यो । एक रातको कुरा हो– सहानाकी आमाले कुखुरा बासेको सुनिनन् रे ! अनि ढिलो भयो भनेर सधैँ झैँ उनी पानी थाप्न महाबौद्धको गल्लीमा पुगिछिन् । मध्यरात भएकाले चोरसँग उनको जम्काभेट भएछ । अनि चोरले उनलाई कस्सेर एक गालो हानेर तामाको गाग्री लिएर गएछ ।

त्यस बखत बत्तीसकोटी साहूका घरका नारीहरूको अवस्था गरिबीमा बाँचेका नारीहरूको भन्दा कम्ती दुक्खको थिएन । यसबारे सहानाले भनेकी थिइन्– 'हाम्रो परिवार एकदम ठूलो थियो । एउटै भान्सामा भात खाने मान्छेहरूको सङ्ख्या ४५,४६ जनाको थियो । फुपूहरू, काकाहरू, बडाबुबा र बडीआमा सबै सँगै थिए । आमा र काकीहरूले खाना बनाउनुपर्थ्यो । त्यति बेला बुहारी भएर बाँच्नका निम्ति साह्रै गाह्रो परिस्थिति थियो । बिहान तीन बजे उठेर तीनचार जना बुहारी र छोरीहरूले टाढासम्म पानी लिन जानुपर्थ्यो र बिहान उज्यालो नहुँदै घरमा पानी ल्याइसक्नुपर्थ्यो । दुई घण्टामा बडेबडेमाको घ्याम्पो र आठनौवटा घैला भर्नुपर्थ्यो । नियमित काम सकेपछि एक दिन बिराएर एक मुरी धान ढिकीमा कुट्नुपर्थ्यो । त्यस बेला घडीको चलन थिएन । त्यसैले तोप पड्केको आवाजपछि सुत्नुपर्थ्यो ।'

लक्ष्मणलाल प्रधानका जीवनमा घाम लाग्दालाग्दै अचानक आफ्ेलले निम्ता दिन थालिसकेको थियो । भनौं, उनले पछिल्ला दिनमा काठको व्यापार गर्न छोड्नुपर्ने अवस्थाको सिर्जना भएको थियो । किनभने उनीहरूले व्यापारका लागि मधेशबाट काठ ल्याउनुपर्थ्यो । त्यस कार्यमा खटिने उनीहरूका कारिन्दाहरूलाई औलो लाग्न सुरु भइसकेको थियो । अनि सहानाका बाजे लक्ष्मणलाल प्रधान पनि औलो लागेरै १९७२ सालमा स्वर्गीय भएका थिए । त्यसपछि उनीहरूले काठको व्यापार नै छोड्नुपरेको थियो । लक्ष्मणलाल प्रधानकी पत्नी सानुनानी प्रधानचाहिँ २०३३ सालमा स्वर्गीय भएकी थिइन् ।

••

सहाना प्रधानका बुबा शङ्करलाल प्रधानको जन्म १९६१ साल र आमा रम्भादेवीको जन्म १९६३ सालमा भएको थियो । बिहे हुँदा बुबा १७ वर्षका थिए भने आमा १५ वर्षकी थिइन् । यी दम्पतीले दुई छोरी साधना र सहाना तथा दुई छोरा गौरीभक्त र शङ्करप्रसाद जन्माएका थिए ।

सहाना प्रधानका बाजे काठको व्यापार गर्दागर्दै औलोका कारण दिवङ्गत भएकाले बुबा शङ्करलाल प्रधानले पैत्रिक काम अथवा भनौँ, काठको व्यापार गरेनन् । उनले म्याट्रिक पास गरेका थिए । तत्कालीन नेपालमा त्यति पढेका व्यक्तिका लागि सरकारी नोकरी त्यति असहज थिएन । तर सरकारी जागिरमा रुमल्लिनुभन्दा आफ्नै स्वतन्त्र पेसाप्रति आबद्ध हुने उनको वैयक्तिक चाहना थियो । त्यसैले उनले आफ्नो पेसाका रूपमा फोटोग्राफीलाई समाए । काठमाडौँमा फोटोग्राफी सुरु गर्ने पनि उनी नै थिए । उनी काठमाडौँका नामी फोटोग्राफरमा चिनिएका थिए । अनि राजदरबारका फोटोग्राफर पनि उनै थिए । उनले सयौँको फोटो पनि खिचे । फोटो खिचेर नै उनी काठमाडौँभरि सर्वत्र परिचित थिए । यति हुँदाहुँदै पनि उनले आफ्नी पत्नीको चाहिँ फोटो खिच्न बिर्सेका थिए । सहानाकी आमा रम्भादेवी प्रधान स्वर्गीय भएपछि त्यस परिवारलाई साह्रै ठूलो पछुतो भएको थियो; किनभने उनको एउटै पनि फोटो कहीँ, कतै थिएन ।

नेपालमा जहान परिवारको बढोत्तरी हुँदै जाँदा शङ्करलाल प्रधानले फोटोग्राफीबाट मात्रै परिवार धान्ने अवस्था रहेन । किनभने फोटोग्राफीको आम्दानी मात्रले उनीहरूलाई भात खान नै पनि धौधौ हुन थालेको थियो । तत्कालीन समयमा धेरै नेपालीका लागि धनार्जन गर्ने मुलुकका रूपमा बर्मा अथवा भनौँ, म्यान्मा प्रचलित थियो (त्यस बेलाको बर्मालाई सन् १९८९ देखि म्यान्मा भनिन्छ) । त्यसै कारण पनि व्यापारव्यवसाय गर्नेहेतु शङ्करलाल प्रधानले मुलुक छाड्ने अर्थात् म्यान्मातिर लाग्ने विचार गरेका थिए । यसबारे उनले घरपरिवारसँग पनि आफ्नो निर्णय सुनाइसकेका थिए । त्यसैको परिणमस्वरूप उनी आफ्ना बहिनीज्वाइँसहित १९८५ सालमा व्यापारिक प्रयोजनका लागि म्यान्मातिर लागे । त्यहाँ पुगेर उनीहरूले व्यापारमा हात बढाए । त्यतिखेरको व्यापारअन्तर्गत उनीहरू चुरापोते बेच्ने गर्थे साथै उनीहरूको टोपी, हुक्का, नली, कोपरा, पौभा,

थाङ्का आदिको पनि व्यापार थियो । बर्मामा उनीहरूको आयुर्वेदको पसल र होटेल पनि थियो । त्यहाँको व्यापारबाट उनीहरूको फलिफाप पनि हुन थालेको थियो ।

सहाना जन्मेको दुई वर्षजतिमा उनकी आमा रम्भादेवीले पेट बोकेकी थिइन् । सासूको बुहारीउपर हुने समकालीन अवस्थाको घरेलु बुहार्तनको मार रम्भादेवीले पनि खेपेकी थिइन् । त्यसैले उनले दिनभरि घोटिनुपर्थ्यो । घरको काममा उनी जति दलिए तापनि आवश्यकीय खानपिनबाट उनको पेटले वञ्चित हुनुपरेको थियो । त्यस्तो अवस्थामा कान्छो छोराका रूपमा ब्रह्मलालको जन्म भएको थियो । पेटमा बच्चा भएदेखि नै राम्ररी खान नपाएकी र सुत्केरी अवस्थामा पनि पोषिलो खानेकुराबाट उनी वञ्चित थिइन् । त्यसैले पनि उनलाई क्षयरोग (टिबी)ले आक्रमण गरेको थियो त्यतिखेर उनका पति पनि म्यान्मामा नै थिए । सहानाकी आमा त्यसरी रोगले थलिँदा पनि उनकी ठूली सासू र ससुराले उनलाई भन्ने गर्थे– 'अझै सुत्न पुगेको छैन ?'

सहानाकी आमा रम्भादेवी प्रधान झन्झन् सिकिस्त हुँदै जान थालिन् । उनको अवस्था देखेर उनलाई माया मार्नुपर्ने अवस्था उनको शरीरले देखाइरहेको थियो । उनकी आमाको अन्तिम अवस्था आउन लागेको देखेर म्यान्मामा रहेका सहानाका बुबा शङ्करलाल प्रधानलाई 'तुरुन्त घर आउनू' भन्ने तार काठमाडौँबाट गयो । त्यस तारले हतारोमा शङ्करलाल घर आए । उनी घर आउँदानआउँदै उनकी पत्नीलाई पशुपतिनाथपूर्व आर्यघाटको तटमा पुऱ्याइसकिएको थियो । उनले आफ्नी पत्नीको अन्तिम सास त्यहीँ भेटेका थिए । सोही अवसरमा उनकी पत्नीले उनलाई आफ्नो मनको भाका भनेकी थिइन्– 'मेरा छोराछोरी सानै छन् । यिनीहरूलाई छाडेर जान मलाई सारै पीर परेको छ । मेरो प्राण गइरहेको छैन; तर म जान्छु, मलाई थाहा छ । अर्को बिहे नगर्ने मलाई वचन दिनुहोस् ।' आफ्ना पतिले

'हुन्छ' भनेर टाउको हल्लाएपछि रम्भादेवीले सास छोडेकी थिइन् । यो १९८८ सालको कुरा हो, कान्छो छोरा आठ महिना लाग्दानलाग्दै टिबी रोगकै कारण रम्भादेवीको निधन भएको थियो ।

म्यान्मामा व्यापारले गति लिने अवस्था आउँदानआउँदै नेपालमा शङ्करलाल प्रधानकी पत्नी रम्भादेवीको अप्रत्यासित रूपले निधन भयो । त्यसपछि उनको काठमाडौँको घर तहसनहसजस्तै भएको थियो । पत्नीका सास मात्र भेट्न काठमाडौँ आएका शङ्करलाल एक वर्ष त काठमाडौँमा नै जेनतेन बसेका थिए । काठमाडौँको कमाइले उनीहरूलाई हातमुख जोड्न पनि त्यति सजिलो थिएन । त्यसैले पत्नीको निधन भएको अर्को वर्ष लक्ष्मणलाल प्रधान आफ्नी आमासहित आफ्ना चार जना छोराछोरी र भाइहरूसमेत लिएर आठ जनाको ज्यानसहित म्यान्मातिरै लागे । क्रमश: म्यान्मामा नै उनीहरू सबै रमाएका पनि थिए । त्यहीँ पुगेर उनका भाइहरूले पनि घरजम गरे । तर शङ्करलाल प्रधान भने आफ्नी पत्नीको अनुरोधअनुसार आजीवन विधुरै रहे ।

# सहाना प्रधानको जन्म र शिक्षा

काठमाडौँमा सुनैजस्तो जीवन भोगिरहेका शङ्करलाल प्रधानको परिवार सहाना प्रधानको जन्मताकासम्ममा पित्तलजस्तै जीवन भोगाइका क्रममा ऋरिसकेको थियो । शङ्करलाल प्रधानले पारिवारिक अनुशासनको कठोर रीत र आर्थिक कठिनाइसँग युद्ध गरिरहेका बेला सहाना प्रधानको जन्म भएको थियो । सहानाको जन्म १९८४ साल असार २७ गते काठमाडौँको असनमा भएको थियो । चार वर्षसम्म नेपालको हावापानीमा रमाएपछि उनी म्यान्माको माटोमा बाल्यकाल बिताउन पुऱ्याइएकी थिइन् ।

सहानाको घरेलु नाउँ चिनी र उनकी दिदी साधनाको नाउँ मिश्री थियो । पछि सहानालाई बद्रीफूल भन्न थालिएको थियो । पछिल्ला दिनमा साधनालाई पनि मिश्री नभनेर कृष्णफूल भन्ने गरिन्थ्यो । बर्माबाट नेपाल आउँदा सहाना सत्र वर्ष पुगेकी थिइन् । बर्माबाट फर्केपछि उनको नाउँ बद्रीफूल हटाएर सहाना राखिएको थियो । साथै कृष्णफूल नाउँ भएकी जेठीलाई पनि नेपाल पसेपछि साधना भन्न थालिएको थियो । जेठा छोरा गौरीभक्तको नाउँ सोही नै कायम भयो । सहानाका बुबा बर्मामा बसेका बेला नेपालमा जन्मिएकाले कान्छो छोराको नाउँ ब्रह्मलाल राखिएको थियो । अनि नेपाल फर्केपछि उनलाई शङ्करप्रसाद भन्न थालियो ।

••

सहाना प्रधान म्यान्मा पुगेको छ महिनापछि स्कुलमा भर्ना भइन् । देवशमशेरका वंशजले म्यान्मामा 'नेपाल स्कुल' नाउँको प्राथमिक विद्यालयको स्थापना गरेका थिए । सोही स्कुलमा सहानालाई भर्ना गरिएको थियो । त्यस स्कुलमा तीन कक्षासम्म मात्र पढाइ हुने भएकाले चार कक्षादेखि उनलाई अर्कै स्कुलमा पुऱ्याइएको थियो । भनौँ, त्यसपछि उनी बर्मेली स्कुलमा पढ्न थालेकी थिइन् । तर त्यहाँ उनले छ महिना मात्र पढिन् । अनि उनलाई मद्रासी स्कुलमा पुऱ्याइएको थियो । त्यस स्कुलमा उनले पाँचदेखि सात कक्षासम्म पढिन् । म्यान्मामा उनको पढाइ त्यतिमा नै दैलो बन्द भयो । पढ्दापढ्दै सहाना परिवारसहित नेपाल फर्किइन् । अनि त्यो समय २००१ सालको असार महिना थियो । म्यान्मामा उनले सात कक्षासम्म पढेकी थिइन् ।

म्यान्माबाट नेपाल आएपछि सहानाका दाजुभाइलाई स्कुल भर्ना गरिनेबारे छलफल भयो । अनि छोरी भएका कारण साधना र सहानालाई स्कुलमा नपठाउने निर्णय भएको थियो । त्यहीअनुरूप उनका दाजुभाइचाहिँ दरबार स्कुलमा भर्ना पनि भए । 'यदि म्यान्मा नगएकी भए म काठमाडौँमा गोठालो नै हुने थिएँ' भन्ने बेहोराको सहानालाई त्यतिखेर नै महसुस भएको थियो ।

सहाना प्रधानलाई पढ्न खुबै रहर थियो । तर घरको कठोर अनुशासनको फेरोमा परेर उनी केही बोल्न सक्तिन थिइन् । कितापकापी उनका प्रिय चीज थिए । तर त्यो बेहोरा उनका लागि महाभारतको कथाजस्तै थियो । पढ्न नपाएपछि आफ्ना अभिभावकउपर उनको मनमा कालो छाया रगडिन थालेको थियो । यसै प्रसङ्गमा सहानाले आफ्नी हितैषी सुशीला श्रेष्ठलाई भनेकी थिइन्– 'कहिलेकाहीँ दाइभाइको किताप मैले समाएको बाजेले देख्नुभयो भने 'कलियुग, कलियुग' भन्नुहुन्थ्यो ।' बाजेका दृष्टि र भावनाका कारण सहाना खिन्न हुन्थिन् । तर पनि उनले लुकीचोरी पढ्न छाडेकी चाहिँ थिइनन् ।

••

सहाना र साधनाले अनेक तरह गरेर पढ्न थालेका थिए । दुईतीन महिना भए पनि टचुसन पढेर जाँच दिन उनीहरूले आफ्ना बुबालाई गुहारेका थिए । तरुनी छोरीलाई तन्नेरीले पढाउँदा बिग्रिन्छन् कि भन्ने उनीहरूका बुबालाई खुबै डरै थियो । कुनै बिघ्नबाधा नपारोस् भनेर घरमा कडा निगरानीका साथ ती दिदीबहिनीलाई टचुसन पढाइएको थियो । त्यतिखेर उनीहरूलाई टचुसन पढाउने गुरुहरू प्रेमबहादुर कङ्साकार, रेणुलाल सिंह, भुवनलाल प्रधान र तीर्थप्रसाद ढुङ्गाना थिए ।

सहाना र साधना दशौँ कक्षाको टेस्टको परीक्षा दिने अवस्थामा पुगिसकेका थिए । त्यसै क्रममा उनीहरूलाई परीक्षामा सम्मिलित पनि गराइएको थियो । त्यस बेलासम्म केटीहरूले जाँच दिने प्रचलन पनि थिएन । दस कक्षा भनेको केटीहरूका लागि माथिल्लो स्तरको पढाइ मानिन्थ्यो । त्यतिखेर साधना र सहानाले दरबार हाईस्कुलबाट टेस्ट परीक्षा दिएका थिए । त्यतिखेर त्यस स्कुलका हेडमास्टर बोधविक्रम अधिकारी थिए ।

साधना र सहाना प्रवेशिका परीक्षा दिन गएको बेह्रोराको हल्लाले टोलै उचालिएको थियो । ती दुई दिदीबहिनी परीक्षा दिन हिँडेको हेर्न टोलका किशोरकिशोरीको बाटोमा भीड लाग्ने गर्थ्यो । वास्तवमा त्यसभन्दा अघि नेपालमा टेस्टसम्म पढ्ने केटीहरू पनि थिएनन् । त्यतिखेर नेपालबाट प्रवेशिका परीक्षा दिने साधना प्रधान, सहाना प्रधान, अङ्गुरबाबा जोशी र भुवन सिंह गरेर जम्मा चार जना मात्र किशोरी थिए । त्यति बेलाको त्यो विषयले पछिसम्म पनि बौद्धिक मगज हल्लाएको थियो । त्यसबारे राजा महेन्द्रका प्रमुख सचिव ईश्वरीमान सिंहसमेतले आफ्नो संस्मरणमा उक्त कुरा उल्लेख गरेका थिए । साथै त्यो घटना सहाना प्रधानले पनि कहिल्यै भुल्न सकिनन् । यही कुरा उनले पछिसम्म पनि

भनिरहिन्– 'हाम्रो परीक्षा केन्द्र दरबार स्कुल थियो । घरबाट निस्कँदा हामीलाई हेर्नेको ताँती लाग्थ्यो । त्यतिखेर हामी परीक्षा दिन हिँडेको घटनालाई सबैले अचम्म नै माने । त्यसैले हामी हिँड्दा बाटोमा रमिता नै हुन्थ्यो । बाटामा हामी हिँड्दा मानिसहरू कुर्कुच्चा उचालीउचाली हामीलाई हेर्थे ।'

साधना र सहानाले २००४ सालमा प्रवेशिका (एसएलसी भनौँ या एसईई) परीक्षा पास गरे । नेपालमा त्रिचन्द्र कलेज भए तापनि त्यतिखेर त्यहाँ केटीले पढ्न पाउँदैन थिए । त्यसैले सहानाले नेपालबाहिरै गएर पढ्नुपर्ने अवस्था थियो । २००५ सालको कुरा हो, सहाना प्रधान आफ्नो भाइसँग लखनऊमा गएर आईएस्सी पढ्न थालिन् । त्यहाँ उनी इजाबेला थोर्वन अमेरिकन मिसनरी कलेजमा पढ्थिन् ।

•

सहाना लखनऊ कलेज पढेताका कक्षाभित्रै बेहोस भएर लडेकी थिइन् । त्यसपछि उनी कलेजकै अस्पतालमा भर्ना भइन् । तीन दिनपछि मात्र त्यति बेला उनको होस फिरेको थियो । त्यसपछि पनि उनी तीन महिना सोही अस्पतालमा बसिन् । उनी बिरामी परेपछि विज्ञान पढ्न नसक्ने अवस्थामा पुगेकी थिइन् । डाक्टर भएर जनसेवा गर्ने उनको सपना त्यहीँ तुहिएको थियो । त्यसपछि उनले आईए नै पढ्ने विचार गरिन् । उनले त्यही कलेजबाट दोस्रो श्रेणीमा आईए पास पनि गरिन् ।

सहाना प्रधानले आईए पढेपछि बीए पढ्नका लागि धेरै कुरा सोचिन् । अनि यिनले खर्च जुटाउनका लागि कन्या मन्दिर हाईस्कुलमा पढाउन थालिन् । त्यसै समयमा उनले घरघरमा गएर टच्युसन पढाउने काम पनि गर्न थालिन् । उनले स्कुलमा पढाउनुका साथै टच्युसन पनि पढाउँदै आफू बीए पढ्न थालिन् ।

सहाना प्रधानले टचुसनबाट महिनाको तीस रुपियाँ र स्कुल पढाएर मासिक तीस रुपियाँ कमाउन थालिन् । आफूले कमाउँदै पढ्न थालेपछि उनीभित्र आत्मगौरव पनि बढ्दै जान थाल्यो । उनी उत्साहका साथ पढ्नमा नै लागिरहिन् । त्यतिखेर उनी नेपाल कम्युनिस्ट पार्टीभित्रै समर्पित थिइन् । त्यसैले बीए पढ्नका लागि उनले पार्टीमा निवेदन दिएकी थिइन् । उनलाई पार्टीले 'परम्परावादी शिक्षा नलिनू' भनेर छुट्टी नदिने निर्णय सुनाएको थियो । अनि उनले पनि पार्टीलाई अवरोध नगरी र थाहा नदिई पढिन् । त्यहीअनुरूप उनले प्राइभेट पढेर बीएको परीक्षा दिइन् । त्यस बेला बीएको परीक्षामा सम्मिलित सत्तरी जना केटा थिए भने उनी एउटी मात्र केटी थिइन् । उक्त परीक्षामा उनी पास भइन् । त्यति बेलासम्ममा नेपालबाट नै बीए परीक्षा दिने नारी कोही थिएनन् । नेपालबाट बीए पास गर्ने उनी प्रथम नारी थिइन् ।

बीए पास भइसकेपछि सहानाको थप पढ्ने चाहना विविध कारणले अवरुद्ध भएको थियो । एकातिर घरपरिवारको बाधाविरोध साम्य पार्दै अघि बढ्नु त पर्दथ्यो नै भने अर्कातिर आर्थिक उपार्जनमा पनि उनी लागिसकेकी थिइन् । यसका साथै उनी नेपालको जहानियाँ राणातन्त्रविरुद्धको क्रान्तिमा पनि समाहित भएकी थिइन् । जसले गर्दा उनको अध्ययनको थप गति रोकिएको थियो । यसैबीच क्रान्तिकारी पुष्पलालकी जीवनसङ्गिनीका रूपमा पनि सहाना प्रधानको जीवन गाँसिन पुगेको थियो ।

२०१७ सालको राजनैतिक परिवर्तनपछि सहाना प्रधानलाई फुर्सद भयो । अनि एमए पढ्ने हिसाबमा पनि उनी जुटिन् । डा.यादवप्रसाद पन्त र नरेशमान सिंह उनका पतिका साथी थिए । तिनै दुई भाइको सहयोगमा उनले पढ्न थालिन् । त्यतिखेर पुष्पलालले पनि उनका लागि नोट बनाएर सहायता गर्ने गर्थे । त्यस बेला परीक्षा नजिकिँदो थियो । त्यसैले उनले भनेजस्तो मिहेनत गरेर पढ्न पाएकी थिइनन् ।

यसबारे उनकी छोरी उषा श्रेष्ठले पनि बयान दिइन्– 'मेरी ममीले एमएको परीक्षा दिँदा मेरो भाइ निकै सानो र म पनि सानी नै थिएँ । मेरी ममीको जागिर थियो त्यसैले उहाँले पढ्न पाउनुहुन्न थियो । तर पनि दुईतीन महिना पढेर मात्र मेरी ममीले एमए पास गर्नुभयो ।'

सहाना प्रधानले २०१८ सालमा अर्थशास्त्र विषयमा एमए पास गरिन् । उनको विद्यावारिधि गर्ने इच्छा पनि विश्वविद्यालयले कुल्चिसकेको थियो । तर पनि उनी आफ्नो इच्छालाई साकार पार्न अघि सरेकी चाहिँ थिइन् । २०३३ सालको कुरा हो– पुष्पलालको समेत करबलमा काशी विश्वविद्यालयबाट विद्यावारिधि गर्ने उनले निर्णयसमेत गरेर फर्म बुझाउँदै थिइन् । तर पनि विविध व्यावहारिक कारण जोडिनाले उनले पिएचडी गर्ने धोकोचाहिँ पूरा गर्न सकिनन् ।

# सहाना प्रधानको म्यान्माबाट नेपाल प्रवेश

सहाना प्रधानका बुबा शङ्करलाल प्रधानले नेपालीको बाहुल्य भएको ठाउँ रोजेर म्यान्माको प्यिन ऊ ल्विनमा आफ्नो कर्मथलो बनाएका थिए । म्यान्मालाई त्यतिखेर बर्मा भनिन्थ्यो भने प्यिन ऊ ल्विनलाई मेम्यो भनिन्थ्यो । त्यतिखेर प्यिन ऊ ल्विन पुगेपछि नेपाल पुगेजस्तै मानिन्थ्यो । साथै अहिलेसम्म पनि त्यो ठाउँमा नेपालीको जरा हल्लिएको छैन । सहानाकालीन समयमा त्यस नगरीको वरिपरि छेउभित्तामा ९९ वटाजति नेपाली गाउँबस्ती थिए । त्यस बेलादेखि अहिलेसम्म पनि त्यस ठाउँमा विशिष्ट कोटिको नेपाली बस्ती नै मौजुद रहेको पाइन्छ । सहानाकालीन प्यिन ऊ ल्विन नगरीको अर्को एउटा विशेषता पनि थियो, त्यो के हो भने नेपालीले थापेका पसलहरूका साइनबोर्ड नेपाली र बर्मिज भाषामा लेखिएका हुन्थे । अनि अहिलेसम्म पनि नेपालीहरूबाट स्थापना गरिएका सामाजिक तथा धार्मिक संस्था र नेपाली पाठशालाहरूका साइनबोर्डमा समेत नेपाली भाषाकै प्रयोग हुँदै आएको छ ।

प्यिन ऊ ल्विन म्यान्माको अत्यन्तै रमणीय पर्यटकीय पहाडी ठाउँ पनि हो । सहानाकालीन समयदेखि अहिलेसम्म त्यस ठाउँलाई फूल सहर पनि भन्ने गरिन्छ । २०२६ साल चैत २३ गते राजा महेन्द्रको म्यान्माको राजकीय भ्रमणको सन्दर्भमा बर्मेली नेपालीहरूलाई भेट्नका लागि उनी त्यही सुन्दर नगरीमा पनि पुगेका थिए । राजाले त्यतिखेर त्यहाँका नेपालीहरूलाई श्रीपशुपतिनाथको प्रतिमा उपहार

दिएका थिए । त्यही प्रतिमालाई जिली राखेर पछिल्ला दिनमा त्यहाँका नेपालीले त्यहाँ भव्य, आकर्षक र सानदार श्रीपशुपतिनाथको मन्दिर बनाएका थिए । पछिल्ला दिनहरूमा प्यिन ऊ ल्विनमा हिन्दू मन्दिरहरू बढ्दै गए तापनि सहानाहरू भएकै बेलामा नै त्यस ठाउँलाई नेपालीहरूको पवित्र जग्गा भनेर चिनिन्थ्यो ।

सहाना प्रधानको बाल्यावस्था म्यान्माको प्यिन ऊ ल्विनमा नै बितेको थियो । उनी म्यान्मा जाँदा पाँच वर्ष लागेकी थिइन् । उनी निरन्तर बाह्र वर्षसम्म म्यान्मामा नै बसिन् । त्यतिन्जेलसम्ममा उनलाई म्यान्मा नै आफ्नै देश हो भन्ने लागिसकेको थियो । त्यतिखेरसम्म उनलाई उनको देश नेपाल हो भन्ने पनि थाहा थिएन र उनले आफू नेपाली भएको बेहोरा पनि बिर्सिसकेकी थिइन् । उनलाई म्यान्माबाट अन्त कतै जाने मन पनि थिएन र म्यान्मा छोडेर अर्को ठाउँमा पुगिएला भन्ने सोच पनि थिएन । उनका लागि म्यान्मा नै उनको देश थियो । बाल्यकालमै नेपालबाट पलायन पारिएकी उनीभित्र नेपालको कुनै टड्कारो छाप पनि देखिँदैनथ्यो । उनी मन, वचन र कर्मैबाट म्यान्माकै माटोमा लहसिसकेकी थिइन् ।

नेपालको जहानियाँ राणा सरकारले चार जनालाई सहिद बनाएको घटना सहाना प्रधानले आफूले पढेको स्कुलमा नै सुनेकी थिइन् । त्यस घटनाले म्यान्मा पनि हल्लिएको थियो । त्यही हल्लाइको कम्पन त्यहाँका तमाम विद्यार्थीको मनमस्तिष्कमा छरिएको थियो । त्यसपछि सहानाका घरमा पनि नेपालबारे चर्चाउपचर्चा भइरहन थाल्यो । अनि मात्र सहानाले नेपाल भनेको आफ्नो देश रहेछ भन्ने थाहा पाएकी थिइन् । त्यसपछि नेपालको प्रेममा उनको मनमस्तिष्कमा कुरा मडारिन थालेको थियो ।

•

दोस्रो विश्वयुद्धताका सहानाहरू म्यान्मामा नै थिए । युद्धका कारण ज्यानकै ठूलो खतरा हुन्छ भन्ने कुरा उनीहरू बसेको प्यिन

ऊ ल्विनमा तरङ्गित भएको थियो । त्यस खतराबाट जोगिन आआफ्ना घरछेउछाउमा ट्रेन्च खन्ने अभियान त छँदै थियो । त्यसै परिवेशमा सहानाका लागि उनलाई डुबाउने खाडल पनि तयारी भएको थियो । त्यतिखेर लडाकू हवाईजहाज देखा पऱ्यो भने घरीघरी उनी पनि अरूसरह ट्रेन्चमा पस्ने गर्थिन् । वास्तवमा त्यो समय साइरन बज्नेबित्तिकै सबैले ज्यान जोगाउन आआफ्नो खाल्डोमा पुगिहाल्नुपर्थ्यो ।

एक दिन सहाना आफ्नो भाइसहित डेरीबाट दूध लिएर आउँदै थिइन् । त्यसै बेला लडाकूविमानले आक्रमण गर्ने सङ्केतको साइरन बजेको थियो । बाटैमा भएको एउटा ठूलो रूखमुनि ती दिदीभाइ घुसे । त्यहाँ तिनीहरू रुँदै बसेका थिए । त्यतिखेर उनीहरूका दाजुले खोज्दै जाँदा उनीहरूलाई भेटेका थिए । अनि उनले आफ्ना भाइबहिनीलाई कुदाएर ट्रेन्चमा पुऱ्याएका थिए । खाल्डोभित्र बसेर पनि डरले सहाना रोइरहिन् । त्यस बेला आकाशवरिपरि दुई सयजति लडाकूविमान घरी तल र घरी माथि गरेर उडिरहेका सहानाले देखेकी थिइन् । ती विमानहरू तल आउँदै बम खसाउँथे र आकाशतिरै हुँइकिन्थे । त्यसै बेलामा बम बर्सेर उनले पढ्ने गरेको स्कुल पनि ध्वस्त भएको थियो ।

सहानाका घरवरिपरि बम खसेकोखसेकै गर्थ्यो । उनीहरू कानको जाली जान्छ भनेर कानमा रुवा खाँदेर खाडलमा टुक्रुक्कै बस्ने गर्थे । दिनहुँजसो लडाकूजहाजहरू घरै छुने गरी उड्ने गर्थे । त्यस्तो दृश्य हेरेर सहाना र साधना रुने र कराउने गर्थे । यति हुँदाहुँदै पनि उनीहरू जोगिएका भने थिए । प्यिन ऊ ल्विनमा बम र बारुदबाट जोगिन उनीहरू कहिले गाउँ भाग्ने र कहिले सहर पस्ने काम भइरह्यो । त्यो कारुणिक समयमा उनीहरूको होस नै हराइसकेको थियो । म्यान्मामा शान्तसँग बसेर जीवन निर्वाह गर्न पाइन्छ भन्ने सहानाका बुबा शङ्करलाल प्रधानको अभिप्राय थियो । तर त्यस बेलाको उनीहरूको अवस्था 'चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी' जस्तै भएको थियो ।

सहानाका परिवारले म्यान्मामा दिनहुँको आतङ्क खप्न सक्ने स्थिति नै थिएन । कतिखेर कसको ज्यान जान्छ भन्ने कुरा सोच्ने अवस्था पनि थिएन । त्यसैले सहानाका बुबाले आफ्नो र परिवारजनको ज्यान सुरक्षित गर्नका लागि म्यान्मा छोड्ने निर्णय गरे । त्यहाँ कमाएको सारा धनसम्पत्ति पनि उनीहरूले नेपाल ल्याउन पाएनन् । उधारो खानेहरूसँग पनि उनीहरूले पैसा उठाउने समय नै पाएनन् । त्यसैले उनीहरू त्यहाँबाट हिँड्ने दिन औषधालय, होटेल र पसल जेजति थियो उनीहरूका तीन जना कामदारहरूलाई समर्पण गरेका थिए । त्यतिखेर सहानाका बुबाले रुँदै उनीहरूलाई भनेका थिए– 'यो पसल आजदेखि तिमीहरूकै भयो ।' अनि पसलमा रहेको नगद मात्र लिएर उनीहरू त्यहाँबाट रातोरात हिँडेका थिए । त्यतिखेर उनीहरूले आफूहरूको मौजुद सम्पत्तिमध्ये दस प्रतिशत पनि जेथा आफूसँग ल्याउन सकेका थिएनन् ।

••

सहाना प्रधानका बुबाले आफ्नो पसलमा एउटा टिनको खुत्रुके बाकस राखेका थिए । त्यस बाकसमा हरेक दिन पसलमा बस्नेले एक रुपियाँजति पैसा खसाउनुपर्ने चलन थियो । घरबाट आफ्नो पाइला निकाल्ने बेलामा सहानाले बाकस खोलेर हेरेकी थिइन् । त्यहाँ भएको कम्पनीका रुपियाँ उनले आफ्नो कट्टुको इँजारमा घुसारेकी थिइन् । उनको इँजारघरमा चालिसवटाजति पैसा अँटेका थिए । त्यति पैसा राखेपछि उनको कम्मर भारी भएको थियो । तर पनि गाह्रो नमानी ती पैसा बोकेरै उनी केही दिन हिँडिरहिन् । दसौँ दिनको यात्रा पार गरिसकेपछि उनले त्यो पैसा चलाउन खोजिन् तर चलेन । अनि उनले त्यो सबै धातुमुद्रा बाटैमा फालेकी थिइन् ।

सहाना प्रधानका घरमा नौ जनाको परिवार थियो । ती नौ जना नै घर छाडेर रेल चढ्न हिँडेका थिए । त्यतिखेर उनीहरूका भरपर्दो साथी सेतु नाउँ गरेका नरहरि खनाल थिए । साथै लडाइँमा

टिक्न नसकेका बन्दुकधारी सिपाहीहरू पनि उनीहरूका दलमा मिस्सिएका थिए । अनि खनाल र ती भगुवा सिपाहीहरूसहित रेल चढेर उनीहरू राति माण्डने पुगेका थिए । त्यस ठाउँको अमरावतीमा पानीजहाज घाट थियो । त्यो ठाउँ निस्लोट अँध्यारो थियो । त्यही ठाउँमा किनारा लागेर उनीहरू गुजुल्टिँदै बसेका थिए । भोलिपल्टको झिसमिसेमा उनीहरूले त्यस ठाउँमा कहालीलाग्दो दृश्य देखेका थिए । भनौँ, त्यस ठाउँमा हजारौँ मान्छेको लास देखिएको थियो । तीमध्ये धेरैको हातखुट्टा नै थिएन, कसैको टाउकै थिएन र कुनै लासहरू आधा मात्र थिए । त्यहाँ कोही जिउँदै छटपटाइरहेका पनि देखिन्थे । कोही अर्धचेतनामा रुने गर्थे । कुरा बुझ्दा अघिल्लो दिनमा त्यहाँ धेरै पल्ट बम खसाइएको रहेछ । अनि हजारौँको एकै ठाउँमा चिहान भएको रहेछ । त्यो दृश्य हेरेर सबै जना आँत्तिएका थिए । अनि सहाना परिवारका नौ जनाकै सातोपुत्लो गएको थियो ।

सहाना प्रधानहरू भामो जानका लागि ऐरावती नदीबाट पानीजहाजमा चढेका थिए । बम हानिएका कारण त्यस ठाउँमा अघिल्लो दिनसम्ममा एक सयवटाजति पानीजहाज नदीभित्रै डुबिसकेका थिए । त्यसैले त्यस दिन पानीजहाजमा पनि उनीहरू थर्कमान भएर बसेका थिए । त्यतिखेर उनीहरूले पानीजहाजबाट कैयौँ चोटि लडाकूजहाजहरू ओहोरदोहोर गरिरहेको देखिरहेका थिए । पानीजहाज चढेको सातौँ दिनमा उनीहरू भामो सहरमा पुगेका थिए । त्यति बेला ऐरावती नदीबाट पानीजहाजमा भामो पुग्न सात दिन लाग्थ्यो भने यतिखेर चौबिस घण्टा मात्र लाग्छ । भामो सहरमा पनि बमवर्षाका कारण जतासुकै मान्छेका लास मात्र देखिन्थे । सेतु भनिने नरहरि खनालचाहिँ त्यहीँदेखि उनीहरूको साथबाट हराएका थिए । अनि सहानाहरूचाहिँ पानीजहाजबाटै कत्था भन्ने सहरतिर लागेका थिए । त्यस सहरको हालत पनि मुर्दैमुर्दामा रूपान्तर भएको देखिन्थ्यो । त्यहाँ पनि सद्धे मान्छे कतै

भेटिएका थिएनन् । जतासुकै रेल पल्टेका, घर भत्केका र मान्छे लडेका दृश्य हेर्दै उनीहरू कत्थामा बसिरहेका थिए । कत्थाभन्दा अगाडि जानका लागि कुनै पनि प्रकारको यातायातका साधन थिएन । अब उनीहरूका लागि पैदल यात्राको सुरुवात गर्नुपर्ने अवस्था आएको थियो । त्यसैले सबै जनाले खानेकुराबाहेक आफूसँग भएका सम्पूर्ण कुरा फ्याँकेका थिए । ती वस्तु फाल्दा त्यतिखेर सहाना प्रधान बेजोडले रोएकी थिइन् ।

केही दिन पैदल हिँडेपछि जगाईतिरबाट सहानाका कानमा हवाईजहाजको आवाज सुनियो । उनी फेरि डरले आच्छुआच्छु भइन् । लडाकू हवाईजहाज देखेर उनीहरू लुक्न थालेका थिए । अनि झन् सारो हवाईजहाज नजिकै आउँदा उनीहरू चिच्च्याउन थालेका थिए । जहाजले उनीहरूका लागि खानेकुरा फालेको रहेछ । अनि त्यो जहाज खाने सामाग्री फालेर अक्कासिएको थियो । त्यो बेलायती जहाजले फालेको चामल, पीठो, चिनी, बिस्कुट आदि खानेकुरा भएको ठाउँमा सहाना घोप्टो परेर सुतेकी थिइन् । धेरेजसोले त्यसै गरी आफ्नो अधिनमा खानेकुरा राखेका थिए । अनि पछि बोक्न सकेजति खानेकुरा बोकेर उनीहरू त्यहाँबाट हिँडेका थिए ।

बाटामा हिँड्दै जाँदा सहानाहरू पानी खान नपाएर प्याकप्याक हुन्थे । त्यसै बेला पानी पनि भेटिएको थियो । तर त्यही पानीमा 'विष छ नखानू' भनेर लेखिएको देखिन्थ्यो । साथै छेउमै मान्छे मरेको पनि भेटिन्थ्यो । त्यसैले पानीमा विषै रहेछ भन्ने पनि उनीहरूलाई भान भइसकेकै थियो । बाटामा पानी नभेटेर तीन दिनजति पानी नखाईकन पनि सहानाहरू पैदल हिँडिरहे ।

सहाना प्रधानले पाँचवटा फ्रक लगाएर म्यान्मा छाडेकी थिइन् । बाटामा उनले लगाएका लुगा झुत्रो भइसकेको थियो । उनका कपालमा लट्टा परेका थिए । एक महिनाजति पैदल हिँडेपछि उनले चारवटा फ्रक फालिसकेकी थिइन् । पाँचौं नम्बरको फ्रक पनि काँडाले

च्यातेर धुजाधुजा हुने क्रममा थियो । ती पाँचवटा फ्रक क्रमशः फाट्ता उनले फाटेको ठाउँमा गाँठो पारेर पनि लगाएकी थिइन् । पछिल्लो दिन बाटामा शरणार्थीलाई दिने खद्धरका कपडा लगाएर उनले आफ्नो लाज ढाक्न पाएकी थिइन् ।

टमुको बाटामा सहाना प्रधानका बर्मेली काका भैरवका आमा, श्रीमती र तीन जना छोराहरू पनि त्यस दलको यात्रामा उनीहरूकै समूहमा सँगै थिए । महिनादिनसम्म हिँड्दै जाँदा भैरवकी श्रीमती र तीनै जना छोराको बाटैमा निधन भएको थियो । अनि बाटोको छेउमा उनीहरूलाई सुताएर सलाई कोरेर उनीहरूका शरीरमा आगो लगाएका थिए । सलाईका काँटीले जति आगो लागेको थियो त्यसउप्रान्त उनीहरूले गर्न सक्ने अरू उपाय नै केही पनि थिएन । रुँदै, कराउँदै र भोकै, तिर्खै उनीहरू बेहाल भएर भारतको नागाल्यान्ड आइपुगेका थिए । त्यसपछि सहानाका बर्मेली काका भैरवचाहिँ बनारसतिर लागेका थिए ।

म्यान्माबाट नेपाल आउने क्रममा उनीहरूको हरिबिजोग भएको थियो । त्यति बेला उनीहरू मरीतरी भारतको नागाल्यान्डसम्म त आइपुगेका थिए । त्यसपछि सैनिक ट्रकमा उनीहरूको यात्रा अघि बढिरहेको थियो । त्यसै बेला मध्यरातमा उनीहरू चढेको ट्रक सडकबाट चालिस फुट तल खसेको थियो । त्यस दुर्घटनामा सात जना मानिस ठहरै भएका थिए । सहानालाई आफूहरूसँग नदेखेपछि उनकी हजुरआमा चिच्च्याएकी थिइन् । हजुरआमाको बोली सुनेर सहाना पनि कराएकी थिइन्– 'म यहाँ छु ।' खोज्दै जाँदा उनी ट्रकको फल्याक खसेर टाँड परेको ठाउँमुनि चेपिएर बसेकी रहेछिन् । भर्खर रोपिएको धानखेत भएकाले उनको एउटा खुट्टाचाहिँ धान रोपेको हिलोमा भासिएको रहेछ । त्यतिखेर उनीहरूका परिवार प्रायः घाइते भएका थिए । अनि उनीहरूलाई जिपले डिम्मापुर अस्पतालमा पुऱ्याएको थियो । त्यस अस्पतालमा उपचारार्थ उनीहरू सात दिन बसेका थिए ।

सहानाहरू रेल, पानीजहाज र ट्रक चढेर अनि दुई महिना अनेक कष्ट खेपेर पैदल हिँडेपछि नेपाल आइपुगेका थिए । नेपाल आउँदा उनीहरूलाई एक प्रकारको रमाइलो भएको थियो । नेपाल मेरो जन्मभूमि रहेछ भन्ने ज्ञान त्यस बेला मात्र सहानालाई बोध भएको थियो । तर पनि उनी निकै समयसम्म म्यान्माकै न्यास्रोमा थिइन् ।

●●

सहाना प्रधानले काठमाडौँको आफ्नो घरका कुनै पनि रीतिरिवाज मन पराइनन् । उनका घरमा सामन्ती प्रथाको टड्कारो स्थिति उनले आफ्नै आँखाले देख्न थालिन् । तर उनले घरमा विद्रोह गर्ने अवस्था पनि थिएन । घरमा एकातिर हैकमवादीहरू थिए भने अर्कातिर गाँसवासकै समस्या देखा पर्न थालेको थियो । वास्तवमा त्यस घरको रहनसहन उनलाई पटक्कै मन परेको थिएन । त्यसपछि उनी आफ्ना माहिला बुबा खोज्दै दक्षिणकालीछेउको कोकु भन्ने तामाङ गाउँमा पसेकी थिइन् । त्यतिखेर उनका माहिला बुबा त्यहाँका जिम्वाल थिए ।

सहाना प्रधान आफ्ना माहिला बुबाको कोकु गाउँमा नै रमाउन थालिन् । उनको त्यहाँ पढाइलेखाइ हुने वातावरण पनि थिएन । त्यसैले त्यहाँ उनको मुख्य काम भनेको गाईबस्तु हेर्ने, गाई दुहुने, गोबर सोर्ने, गाईबस्तुका लागि घाँस काट्ने नै थियो । उनी प्राय: हरेक दिन मकै, भटमास पोल्टामा हालेर गाई चराउन जाने गर्थिन् । त्यस घरमा ढिँडो खान पाइन्थ्यो र उनका लागि त्यो नयाँ परिकारकै भोजन मानिन्थ्यो । त्यस ठाउँमा बस्ने उनको त्यो क्रम उनका माहिला बुबाको निधनपछि समाप्त भएको थियो । त्यहाँ उनी दुई वर्ष बसेकी थिइन् । माहिला बुबा दिवङ्गत भएपछि उनले त्यस प्रकारको साहारा अन्त कतै भेटिनन् । त्यसपछि उनी आफ्नै घर काठमाडौँ नै आएकी थिइन् ।

# सहाना प्रधानको राजनैतिक जीवन

सहाना प्रधान नेपाली परिवेशको नारी शिक्षाका लागि समर्पित, प्रखर, बौद्धिक नेतृ र राष्ट्रवादी राजनीतिज्ञ थिइन् । उनले शिक्षा, नारी जागरण र राजनीतिमा दरिलो, साहसी र ऐतिहासिक उपस्थिति जनाएकी थिइन् । साथै उनले सङ्घर्षका गतिलो पाठका रूपमा नेपाली भूमिमा आफूलाई सग्लो ढाँचामा उभ्याउँदै आएकी थिइन् । देश बनाउनेबारे किशोरावस्थादेखि नै उनको गतिलो सोच थियो ।

साधना र सहाना म्यान्माबाट नेपाल आएदेखि पिँजडामा थुनिएका चराजस्ता भइसकेका थिए । एकातिर घरका सँग कुरा नमिल्ने र अर्कातर्फ आफूहरूलाई पढ्नैसमेत नदिने घरको प्रवृत्तिले उनीहरूलाई घरबाट कसरी र के गरी उड्रूँउड्रूँ भइराखेको थियो । अनि त्यतिखेर नै प्रेमबहादुर कङ्साकारचाहिँ जागरूक युवाहरूका खोजीमा थिए । त्यसमाथि त्यस समयसम्म पनि राजनीतिमा नारीहरूको उपस्थिति न्यून थियो । त्यसै बेला यी दिदीबहिनीको पखेटा पनि घरको सङ्घार काट्न उचालिइरहेका थिए ।

२००३ सालको कुरा हो, त्यस बेला साधना र सहाना प्रेमबहादुर कङ्साकारका सम्पर्कमा पुगेका थिए । उनीहरू त्यहाँ आफ्नो भाइ शङ्करप्रसाद प्रधानमार्फत गएका थिए । कङ्साकारले उनीहरूलाई भेटेकै दिन देशमा कालरात्रि छाएको र यसलाई हटाएर उज्यालो नेपाल बनाउने सन्दर्भका कुरा गरेर यिनीहरूलाई मोहित पारेका थिए । देशलाई कसरी अघि लान सकिन्छ भन्ने विषयमा कङ्साकारले

यिनीहरूलाई थप पाठ नै पढाउन थालेका थिए । साथै उनीहरूले पनि इमानजमानका साथ कङ्साकारले दिएको पाठ घोक्न थालेका थिए । त्यस बेला कङ्साकारका जोसले यी दिदीबहिनीहरू जुरुक्कै उचालिएका थिए । वास्तवमा त्यस घडी उनीहरूका लागि कङ्साकार विश्वका सबैभन्दा ठूला राजनीतिक गुरुबाबुजस्तै भएर उभिएका थिए । त्यसैले उनीहरू पनि कङ्साकारको नीतिनिर्देशनमा टमक्कै बाँधिएका थिए । अन्तत: कङ्साकारकै निर्देशनमा उनीहरूले राणाविरोधी पर्चा बनाउन थालेका थिए ।

सहाना प्रधान २००३ सालदेखि प्रेमबहादुर कङ्साकारमार्फत राजनैतिक नेताहरूको प्रत्यक्ष सम्पर्कमा आइसकेकी थिइन् । त्यो राणकालीन युगमा राजनीतिमा लाग्नु भनेको मृत्युको मुखमा हिँडेझैँ मानिन्थ्यो । तर पनि उनले आफ्नो ज्यानलाई हत्केलामा राखेर भए पनि आफूलाई राजनैतिक यात्रामा होमेकी थिइन् ।

सहाना प्रधानले देशमा चलिरहेको क्रान्तिमा नै सहभागिता जनाउने अभिप्राय राखिन् । उनी नारी शिक्षाको मागमा मात्र अड्किनन्; उनी राणा फाल्ने आन्दोलनमा पनि सक्रिय भइन् । २००४ साल वैशाख १७ गते नेपाली जनताले गरेको आन्दोलनमा उनी पनि सहभागी भई प्रत्यक्ष रूपमा उभिएकी थिइन् । त्यतिखेर उनले ज्यानको समेत माया मारेरै घरको सङ्घार काटेकी थिइन् । त्यस घडी सहानाको मनमा 'अब यो घरमा कहिल्यै फर्किन्न होला' भन्ने पनि लागेको थियो । मानौँ, उनी लडाइँमा नै सकिन पनि सक्छिन् । त्यतिखेरको त्यो नारी सहभागिता नौलो, उपयोगी र प्रेरक थियो । त्यस बखत जुलुसमा जाने नारीहरू छ जना मात्र थिए । ती वीराङ्गनाहरू थिए– साधना प्रधान, सहाना प्रधान, प्रमिला श्रेष्ठ, शान्ता श्रेष्ठ, स्नेहलता ओन श्रेष्ठ र कनकलता नकर्मी बज्राचार्य । प्रमिला श्रेष्ठचाहिँ २००४ सालअघिदेखि नै स्कुलकी शिक्षिका पनि थिइन् भने कनकलताले चाहिँ पछिल्ला दिनमा नर्स पेसा समातेकी

थिइन् । जे होस्, त्यतिखेर उनीहरूले राजनीतिक मैदानमा आफूहरूलाई प्रदर्शन गरेको साहस नै उच्च कोटिको थियो । अरविन्द रिमालका अनुसार– 'नेपालको इतिहासमा नारीहरू प्लेकार्ड बोकेर सडकमा उभिएका थिए ।' त्यतिखेरको जुलुसमा नारी उपस्थितिको हल्लाले राजनीतिक फाँट नै रङ्गीन भएको थियो ।

सहाना सम्मिलित जुलुस राणा प्रधानमन्त्री पद्मशमशेरलाई भेटी शिष्टाचारपूर्वक आफ्ना माग राख्न ठूलो जोसका साथ टङ्गालतिर बढिरहेको थियो । त्यतिखेर जुलुसलाई भताभुङ्ग पार्नेहेतु प्रहरी प्रमुख जनरल नरशमशेर राणा आफैँ खटेका थिए । जुलुस भगवतीबहाल पुगेपछि नरशमशेरले त्यसको नेतृत्व गर्ने पुष्पलालको घाँटी समाएका थिए । त्यति मात्र होइन, राणाले पुष्पलाललाई मरणासन्न हुने गरी पिटेका पनि थिए । त्यति बेला राणाले सहाना प्रधानलाई समेत बेइज्जतपूर्णका गाली गरेर थर्काउनु थर्काएका थिए र तर्साउनु तर्साएका थिए । तर राणा जतिसुकै चुइँके पनि राणाका वाणीमा सहानाले टेरपुच्छरै लगाएकी थिइनन् । यति हुँदाहुँदै पनि राणाका सेनाले ती क्रान्तिकारीहरूलाई पक्राउ गरेका थिए । त्यतिखेर उनीहरूलाई समाएर मोहनशमशेरको ब्यारेकमा थुनिएको थियो । असी जना क्रान्तिकारीहरूसहित सहाना प्रधान पनि अठार दिन राणाको ब्यारेकमा बन्दी बनेकी थिइन् । त्यसै बेला क्रान्तिकारी युगनारी सहाना प्रधानसँग क्रान्तिकारी युगपुरुष पुष्पलालको पहिलो चोटि भेट भएको थियो । त्यसै समयमा उनीहरू सात दिन पानी पनि नखाई जेलभित्र अनसन बसेका थिए ।

सहाना प्रधान न्यायका लागि जिद्धी गर्थिन् । उनको त्यस्तो स्वभावबारे उनलाई चिन्नेजतिलाई ज्ञात थियो । उनी आफ्ना मागप्रति बफादारी पनि थिइन् । त्यति मात्र होइन, उनी जे बोल्थिन्, बौद्धिक धारामा बोल्ने गर्थिन् । उनले राणा सरकारउपर नारीका लागि पनि पुरुषको जस्तै शिक्षा चाहियो भनेर आफ्नो घोक्रो फुलाएकी थिइन् ।

उनको निर्भीक, तार्किक र आवश्यकीय कुरा श्री ३ पद्‌मशमशेरलाई पनि घत लागेको रहेछ । त्यसैले उनले केटीहरू पढ्ने स्कुल खोल्न अनुमति दिएका थिए । तत्कालै स्कुल भवन नभएकाले सुरुमा नारी शिक्षा पनि दरबार स्कुलबाट नै प्रारम्भ भएको थियो । अनि स्कुलको भवन मात्रै दरबार स्कुल थियो; तर त्यहाँ सञ्चालित नारी स्कुललाई चाहिँ पद्‌मकन्या स्कुल नामाकरण गरिएको थियो । पछिल्ला दिनमा डिल्लीबजारमा पद्‌मकन्या विद्याश्रमको नाउँबाट त्यस स्कुलको सञ्चालन हुन थालेको थियो ।

सहाना प्रधानहरूले २००४ साल साउन २२ गते मङ्गलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला सङ्घको तदर्थ समितिको स्थापना गरेका थिए । त्यस बेला सहाना प्रधान क्रान्तिकारी भावनाले अझै ओतप्रोत हुँदै सङ्गठनमा समर्पितै भएर लागेकी थिइन् । उनी लोभानीपापानीबाट टाढा बसेर देश र जनताका लागि बफादार भई राणा शासनका कैफियतका विरोधमा होमिएकी थिइन् ।

सहाना प्रधान लडाकू स्वभावकी थिइन् । डन्डा त के पुलिसले बन्दुक तेर्स्याए पनि त्यसलाई ठेलेर हिँड्न सक्ने उनी हिम्मती नारी थिइन् । सङ्घर्षका घडीमा उनी भोक, तिर्खा र घामपानी बिर्सेर आफ्नो कर्ममा जुटेकी हुन्थिन् । उनको साहस नै उच्च किसिमको थियो । उनीभित्र सङ्घर्ष गर्ने प्रबल शक्ति थियो । त्यति बेलादेखिकै हिसाब गर्ने हो भने नेपालमा उनको जोडा राजनीति गर्ने निष्ठावादी नारी पाइँदैनथ्यो । २००५ सालको कुरा हो– इन्द्रचोकको जनसभामा भाषण गर्दा राणाका सिपाहीले सहाना प्रधानलाई लछारपछार गर्दै, मुन्टचाउँदै र घिसार्दै त्यहाँबाट जेल लगेको दृश्य शान्ता श्रेष्ठले देखेकी थिइन् । अनि उनलाई राणाले जनता कोच्ने खोरसम्म पनि पुऱ्याएको थियो । तर त्यस बेला उनले खोरमा धेरै बेर बस्नु परेन । त्यति बेलाको त्यो दृश्य हेरेर उनकी साथी शान्ता श्रेष्ठले भनेकी थिइन्– 'सहाना प्रधान अत्यन्तै साहसी, निर्भीक र जनतामा समर्पित नारीको नाउँ हो ।'

••

सहाना प्रधान २००७ सालमा नै नेपाल कम्युनिस्ट पार्टीको सदस्य बनिसकेकी थिइन् । त्यसपछि उनी इमानदारीका साथ पार्टीको नीतिनिर्देशनमा समाहित भएकी थिइन् । उनी राष्ट्रको हितका लागि जुधारु भएर नै लागिपरेकी थिइन् । २००७ सालको क्रान्ति सफल भएपछि २००८ साल असार २ गते भारतका प्रधानमन्त्री पं.जवहारलाल नेहरू नेपाल आएका थिए । त्यस बेला नेपाल महिला सङ्घबाट मङ्गलादेवी सिंहहरू फूलमाला लिएर पं.नेहरूको स्वागत गर्न हवाईअड्डा पुगेका थिए । साथै कामाक्षादेवी बस्नेतको नेतृत्वमा सहाना प्रधानहरू भने नेहरूको विरोधमा कालो झन्डा बोकेर त्यस ठाउँमा पुगेका थिए । सहाना समूहचाहिँ दिल्ली राणाकाङ्ग्रेस सम्झौताको घोर विरोधी थियो । पं.नेहरूलाई कालो झन्डा देखाएर विरोध गरेबापत त्यतिखेर सहाना प्रधानलगायत सात जना नारी र तीन जना पुरुषलाई सरकारले पक्रेर जेलमा कोचेको थियो । तर उनीहरूलाई चार दिनपछि अथवा असार ६ गते जेलमुक्त गरिएको थियो । जेलबाट निस्केपछि ती नारीहरूको स्वागतका लागि महिला सङ्घको जुलुसले स्वागत गरेको थियो । साथै टङ्कप्रसाद आचार्यले कालो झन्डा देखाउनेहरूलाई नैतिक समर्थन गरेका थिए ।

सहाना प्रधानले सक्रिय रूपमा राजनीति गर्न थालेकी थिइन् । नेपाल महिला सङ्घका अध्यक्ष मङ्गलादेवी सिंह र उनका गुटका नारीहरूसँग भारतका प्रधानमन्त्री पं.जवहारलाल नेहरू नेपाल आएपछि सहानाहरू सशङ्कित हुन थालेका थिए । भारतको चाकरी गरेको भन्ठानेर उनीहरूले २००८ सालमा कामाक्षादेवीको अध्यक्षतामा फेरि अर्कै नेपाल महिला सङ्गठन खोलेका थिए । त्यो सङ्गठनको स्थापनाका लागि सहाना प्रधानको नै गुरुत्तर भूमिका थियो । अनि उनी त्यस सङ्गठनको महासचिव पनि बनेकी थिइन् ।

राणा शासन खारेज भएपछि २००८ साल मङ्सिर १ गते नेपालको इतिहासमा जनताको छोरो पहिलो चोटि प्रधानमन्त्री भएका थिए । भनौँ, त्यतिखेर मातृकाप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा सरकार बनेको थियो । राजा त्रिभुवनले त्यस सरकारलाई अपदस्त गरेर २००९ साल साउन ३० गते जनरल केशरशमशेर जबराको नेतृत्वमा सरकार गठन गरेका थिए । आफू सरकार प्रमुख भएपछि जबराले कोइरालालाई भेटेर आशीर्वाद लिएका थिए । त्यतिखेर र त्यसपछि पनि कोइरालाले भनेका थिए– 'यस प्रकारको शासन व्यवस्थाबाट देश अघि बढ्न सक्तैन ।'

प्रधानमन्त्री नै भन्ने शब्द उल्लेख नभए तापनि जबरा नियुक्त सरकारको प्रमुखको पदचाहिँ परामर्शदात्री थियो । त्यतिखेरसम्म पनि जनता र राणाको विभेदको अवस्था थियो । त्यसैले जनताको छोरा हटाएर राणालाई प्रधानमन्त्रीस्तरको पद प्रदान गरिएको बेहोरालाई नेपाल कम्युनिस्ट पार्टीले घोर निन्दा गरेको थियो । साथै त्यस काण्डको विरोधमा सहाना प्रधानहरूको आक्रोश बढिरहेको थियो । राणा सरकारलाई समेत आच्छुआच्छु पार्ने सहानालाई राजासँग पट्टा खेल्नु ठूलो कुरै थिएन । त्यसैले राजाको त्यस कदमउपर उनले पनि राँको बालेकी थिइन् । त्यति बेला नेपाल महिला सङ्गठनले काठमाडौँको भूगोलपार्कमा विरोध र्‍यालीको आयोजना गरेको थियो । अनि नेपाल महिला सङ्गठनका तर्फबाट महासचिव सहाना प्रधानले निर्भीकतापूर्ण भाषण गरेकी थिइन् । त्यही बेला सहाना प्रधानलाई पुलिसले लछार्दै लगेको थियो । त्यतिखेर उनीसँगै उनका सहकर्मीहरू प्रभा नेपाली र ज्ञानुमैयाँ श्रेष्ठलाई समेत प्रहरीले पक्रेर लगेको थियो । राज्यको विरोध र जनता भड्काएको अभियोगमा त्यस बखत उनलाई चार महिना जेलमा राखिएको थियो । तर उनी जेलबाट निस्केको छ महिनापछि नै मातृकाप्रसाद कोइराला पुनः प्रधानमन्त्री नियुक्त भएका थिए । कोइरालालाई फेरि प्रधानमन्त्रीको पदभार दिँदै

राजा त्रिभुवनबाट २०१० असार २ गते हुकुम भएको थियो– 'देशवासीहरूको भावनालाई बुझी निजहरू (अर्थात् परामर्शदाताहरू)को कार्यभार समाप्त गरी अरू कुनै अर्को उपाय सम्भव हुन नआएकाले भूतपूर्व प्रधानमन्त्री मातृकाप्रसाद कोइरालालाई फेरि मन्त्रिमण्डल गठन गर्ने अभिभारा दिई प्रधानमन्त्री नियुक्ति गरेको छु ।'

सहाना प्रधान राजनीतिक सङ्गठनमा अहोरात्र लागेकी थिइन् । पुरानो ढाँचामा चलेको नेपाल उनको सपनामा नयाँ देखिने क्रम उनीभित्र जागृत हुन थालेको थियो । सङ्गठनमा साधना र सहानाहरू आगाका ज्वाला जस्ता थिए । त्यसैले उनीहरू धेरैका मनमस्तिष्कमा परेका थिए । वास्तवमा त्यतिखेर उनीहरूको कुरा काट्नेहरूको पनि अनिकाल लागेको थिएन । केटाहरूसँग जुलुसमा उफ्रीउफ्री हिँडेको देख्नेहरू उनीहरूलाई छिल्लिएका आइमाई भन्न पनि चुकेका थिएनन् । त्यति मात्र होइन, उनीहरूको बिहे भयो भने कान काटौँला भन्ने मान्छेहरू पनि त्यही समाजमा देखा परेका थिए । त्यति बेला एकातिर घरपरिवार साधना र सहानाको बिहे गर्ने छटपटीमा थिए भने अर्कातिर आफ्ना छोरीहरूलाई भने त्यस्तो आरोप लगाइएको उनीहरूले सुनेका थिए । बनारसमा आफूसँगै बसेका मोदनाथ प्रश्रितसँग पुष्पलालले सहानाबारे यस प्रकारका पनि धेरै कुरा भन्न भ्याएका थिए ।

**झुकाई हिमाल झुक्तैन**
**ताकेर सगर खस्तैन**
**नेपाली रगत बगेको**
**टिस्टाको पानी सुक्तैन ।**

२०३२ सालअघि र पछिको कुरा हो, जयप्रसाद यू.के.ले स्वनिर्वासित भएका बखत बनारसमा 'झुकाई हिमाल झुक्तैन' भन्ने गीत प्राय: गाइरहन्थे । त्यति बेलाको यू.के.को गीत त्यहाँको नेपाली विद्यार्थी र राजनीतिज्ञमाऊ लोकप्रिय पनि थियो । पुष्पलाल, सहाना

प्रधान र नारायणमा बिजुक्छैं 'रोहित'को पनि त्यस गीतप्रति झुकाउ थियो । पछि 'जनताको साहित्य'ले त्यस गीतलाई स्थान दिएको थियो । सहाना प्रधानले पनि त्यस गीतलाई गुनगुनाउने गर्थिन् ।

नेपाल कम्युनिस्ट पार्टीमा सहाना प्रधानको योगदान छँदै थियो । विवाहपछि पनि पढ्दै, जागिर खाँदै उनले पार्टीका लागि समय दिइरहेकी थिइन् । त्यसैले उनी २०११ सालमा सो पार्टीको बाग्मती क्षेत्रकी हस्तीका रूपमा कायम भएकी थिइन् ।

••

पुष्पलालको निधनपछि सहाना प्रधानले आफ्ना पति, सहकर्मी र नेताको वचनलाई पालन गर्ने निर्णय गरिन् । त्यसैले उनी झन्नै डेढ दशकपछि राजनीतिमा पुन: सक्रिय भएर लागेकी थिइन् । वास्तवमा सहाना २०१८ सालदेखि २०३२ सालसम्म त्रिभुवन विश्वविद्यालयको प्राध्यापन पेसामा नै समर्पित थिइन् । उनलाई विश्वविद्यालयले अनाहकै लखेटेको बेहोरा पनि कालान्तरमा नेपाल कम्युनिस्ट पार्टीलाई चिट्ठै परेको मानिन्थ्यो । उनी पूर्णकालीन रूपमा पार्टीमा सक्रिय हुन थालेपछि उनलाई पार्टीको महासचिव बन्न अनुरोध गरिएको थियो । तर उनले त्यस पदको जिम्मा लिन अस्वीकार गरिन् । यसै परिवेशमा उनले पुष्पलालसँगको दुक्खसुक्खमा बीसौँ वर्ष बिताएका र आफ्ना ज्यादै हितैषी सल्लाहकार गोविन्द ज्ञवालीलाई भनेकी थिइन्– 'पुष्पलालले आफ्नो जीवनमा अविरल सङ्घर्ष गरेर बचाइराखेको नेपाल कम्युनिस्ट पार्टीको साखलाई जीवित राख्न मैले सक्रिय हुनै पर्छ । तर उहाँले सम्हाल्दै आएको महासचिव पद मैले नै बहाली गर्नचाहिँ हुँदैन । त्यो पदमा पुष्पलालकी पत्नी नै बसिन् भनेर कसैले भनिहाले भने पनि मेरा लागि दु:खद कुरा नै हुन जान्छ । त्यसैले म पार्टीको पोलिटब्युरोमा मात्र रहेर काम गर्छु ।' अनि बलराम उपाध्यायलाई नै पार्टीमा सर्वेसर्वा भएर काम गर्न उनैले अनुरोध गरेकी थिइन् । पछिल्ला दिनमा उनका

सहयोगीहरूका पूर्ण आग्रहका कारण उनी पार्टीको महासचिव पनि भएकी थिइन् ।

सहाना सधैँ आफ्ना कर्ममा विश्वास गर्थिन् । उनको कर्म नेपालको राष्ट्रियतामा जोडिएको थियो । २०३५ सालमा नेपाल कम्युनिस्ट पार्टीको सचिव भएदेखि नै उनी मन, वचन र कर्मबाट आफ्नो पार्टीप्रति झन् सारो बफादार भइरहिन् । उनलाई पदभन्दा पार्टीलाई सुदृढ बनाउनुपर्छ भन्ने ध्येय थियो । पदमा बसेर भए पनि र पदविहीन भएर पनि उनी पार्टीकै हितमा मात्र आफूलाई जोड्ने गर्थिन् । तर उनी पार्टीबाहिर चाहिँ रहिनन् । त्यसैले उनी २०४२ सालमा नेकपा मार्क्सवादीको पोलिटब्युरो सदस्य भइन् ।

२०४२ सालमा नेपाली काङ्ग्रेसले सत्याग्रहको आन्दोलन गरेको थियो । त्यस सत्याग्रहलाई नेपाल कम्युनिस्ट पार्टीले पनि समर्थन गरेको थियो । तर पार्टी पक्षबाट त्यहाँ भाग लिन जान कोही तयार थिएनन् । अनि सहाना प्रधानले मुख फोरिन्– 'सत्याग्रहको आन्दोलनलाई समर्थन गरेपछि नैतिकताले हामीले भाग लिनै पर्छ ।' अनि उनी आफू त्यस आन्दोलनमा हार्दिकतापूर्वक सरिक भइन् । उनी त्यस आन्दोलनमा सरिक हुँदा महिला प्रहरी आएर उनलाई भुत्ल्याएर घाइते हुने गरी भुइँमा पछारेका थिए । अनि महिला प्रहरीले त्यहाँबाट घिसार्दै भ्यानमा राखेका थिए । त्यसपछि हनुमानढोकाको कैदी राख्ने ठाउँमा पुऱ्याइएको थियो, त्यहाँ दुई दिन राखियो । दुई दिनसम्म पनि उनलाई पुलिसले भोकै राखेको थियो । अनि तीन दिनका दिन मुद्धा लगाएर जेल चलान गरिएको थियो । त्यस बेला उनी साढे चार महिनाजति जेल बसेकी थिइन् ।

२०४३ सालमा नेपाल कम्युनिस्ट पार्टीको छैटौँ सम्मेलन भएको थियो । त्यस सम्मेलनले मनमोहन अधिकारीलाई महासचिव बनाएको थियो । साथै सहाना प्रधानचाहिँ सचिवमा चुनिएकी थिइन् ।

२०४६ सालमा मालेको शिरबन्दी लगाएको नेपाल कम्युनिस्ट पार्टीलगायत कम्युनिस्ट सिद्धान्तका सात दल जस्तै– नेपाल मजदुर किसान पार्टी, नेकपा मार्क्सवादी, नेकपा संयुक्त, नेकपा बर्मा, नेकपा अमात्य र नेकपा चौ.म. मिलेर संयुक्त वाममोर्चा बनाइएको थियो । अनि सहाना प्रधान सोही मोर्चाको अध्यक्ष बनेकी थिइन् ।

••

२०४६ सालमा बहुदलीय व्यवस्थाको माग राखेर देशमा क्रान्तिको ज्वालाले आकाशै ढाकेको थियो । त्यति बेलाको उक्त क्रान्ति गर्ने कमान्डर गणेशमान सिंह थिए भने सहकमान्डर सहाना प्रधान थिइन् । त्यतिखेर देशदेशान्तरबाट निर्दलीय पञ्चायती व्यवस्थाउपर आएको हुन्डरी थाम्न सक्ने अवस्था राजा वीरेन्द्रसँग रहेनछ । त्यसैले प्रतिबन्ध लगाएका दलहरूसँग उनले सरोकार राख्ने निर्णय गरे । सोहीबमोजिम राजाले क्रान्तिकारीहरूलाई आफूसँग बसेर छलफल गर्न राजदरबारमा आउन आह्वान गरे । 'देशमा बहुदलीय प्रजातन्त्र नआई राजालाई म भेट्दिनँ' भन्ने गणेशमान सिंहले बाचा गरेकाले उनी राजदरबार पस्न मानेनन् । अनि राजनैतिक व्यवस्थाको फेरबदलका लागि राजासँग सहमती गर्न २०४६ साल चैत २६ गते संयुक्त वाममोर्चाका तर्फबाट सहाना प्रधान, राधाकृष्ण मैनाली अनि नेपाली काङ्ग्रेसका तर्फबाट कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला राजासँग वार्ता गर्न राजदरबार पुगेका थिए । त्यस बेलाको वार्तामा भाग लिने सहाना प्रधानसँग राजा वीरेन्द्र प्रभावित भएका थिए । पछिल्ला दिनहरूमा राजाबाट हुकुम भएको थियो– 'सहाना प्रधान त झुक्नै नजान्ने फलामजस्तै कडा (Iron Lady) तर सिद्धान्तवादी नारी रहेछिन् ।' त्यसपछि सहाना प्रधानको व्यक्तित्वलाई मान्नेको झनै ताँती लाग्न थालेको थियो । क्रमश: उनी नेपाली राजनीतिक परिवेशमा सर्वमान्य नेतृ नै भइसकेकी थिइन् । नेपाली माटोमा उनको योगदान खालि कम्युनिस्टहरूमाझ

मात्र सीमित थिएन । अमृता लम्सालका भाकामा भन्दा 'सहाना प्रधान कुनै राजनैतिक दलको मात्र सम्पत्ति नभई नेपालीको हकहितका लागि लड्ने योद्धा थिइन् ।' लम्सालको कुरालाई पुष्टि गर्दै सुषमा कोइरालाले भनेकी थिइन्– 'आफ्नो पार्टीका लागि त्यागी र सिद्धान्तमा दृढ भए तापनि सहाना प्रधान जुनसुकै विचारका मान्छेसँग पनि नजिक थिइन् र उनी अत्यन्तै विदुषी, शालीन र दूरदर्शी सोचकी राजनीतिज्ञ थिइन् ।' त्यतिखेर सहाना प्रधानको नाउँ खुबै चम्केको थियो । त्यस बेला उनी बहुदलीय राजनैतिक निर्णायक बिन्दुमा नै रहेकी राजनेता थिइन् ।

••

नेपालमा बहुदलीय व्यवस्थाको आगमनका लागि सहाना प्रधान २०१७ सालदेखि नै जुरमुराएकी थिइन् । उनी जागिरमा बाँधिएकी भए पनि नेपालको चौतर्फी विकास होस् भन्ने भावनामा नै समाहित थिइन् । खास गरेर २०३५ सालपछि देशव्यापी रूपमा क्रान्तिका ज्वाला क्रमैसँग बल्न थालेको थियो । राजा वीरेन्द्रको शासकीय शैली सन्तोषजनक नभएका कारण देशमा क्रमश: निराशा छाउँदै गएको थियो । साथै विदेशीको समेत सक्रिय सहयोगका कारण २०४६ सालको आन्दोलनले चाहिँ उग्र रूप लिएको थियो । सहाना प्रधानहरूको अडान, राष्ट्रिय र अन्तर्राष्ट्रिय अनेक प्रकारको दबाबसमेत आउन थालेपछि अन्तत: राजाले आफ्नो नेतृत्वमा सञ्चालित पञ्चायती व्यवस्था खारेज गर्न बाध्य हुनुपरेको थियो । त्यहीअनुरूप २०४६ साल चैत २६ गते राति नै राजा वीरेन्द्रबाट नेपालमा बहुदलीय प्रजातन्त्रको घोषणा भएको थियो ।

नेपालमा बहुदलीय प्रजातन्त्रको घोषणा भएकै भोलिपल्ट टुँडिखेलमा आमसभाको आयोजना भएको थियो । त्यस बृहत् सभामा मान्छेको ओइरो लागेको थियो । नेपालको इतिहासमा त्यतिको ठूलो जुलुस कहिल्यै देखिएको थिएन । टुँडिखेलभरि नेपाली काङ्ग्रेस र

वामपन्थीको झन्डा फहराएर त्यो क्षेत्र नै राताम्मे भएको थियो । आमसभाको सुरुमा गिरिजाप्रसाद कोइरालाले सम्बोधन गरेका थिए । बोल्ने क्रममा उनले 'यो जित जनताको हो र राजाको पनि हो' मात्र भनेका थिए । कोइरालाको भाषणको प्रत्युत्तरमा मञ्चतिर चप्पल, ढुङ्गा, माटो, कुखुराको फुलको वर्षा हुन थालेको थियो । त्यस बेलाको त्यस सन्दर्भले मञ्चमा बसेका गणेशमान सिंह पनि आत्तिइसकेका थिए । अनि गणेशमान सिंहको आग्रहमा सहाना प्रधानले माइकमा गएर जोस निकालेर बोलेकी थिइन् । सहाना प्रधानले बोल्न थालेपछि मात्र त्यो ज्वाला निभेको थियो । त्यसपछि मुलुकमा सहाना, सहाना र सहाना छाएको थियो । वास्तवमा उनको बोलीको प्रताप नै उच्चस्तरीय थियो ।

••

सहाना प्रधानको राजनैतिक जीवनमा उनले देखावटी शत्रु कमाइनन् होला, तर उनले आफ्नो ईर्ष्या र डाहा गर्ने मान्छेहरू प्रशस्तै कमाएकी थिइन् । उनका विरोधमा जतिले मुख बङ्ग्याए पनि र उनको खोइरो खने तापनि तीबारे अर्थ राख्न उनलाई फुर्सदै पनि हुँदैनथ्यो । वास्तवमा उनको सोच, दृष्टिकोण र योजना नै लोभिलो र गर्विलो थियो । यति हुँदाहुँदै पनि उनको यात्रामा उनलाई हतोत्साही बनाउने, होच्याउने र दुक्ख दिनेहरूको अनिकालै पनि लागेको थिएन । तर उनी हिम्मतकी नारीचुली थिइन् । उनको व्यक्तित्वको त्यही पाटोलाई छोएर रवीन्द्र अधिकारीले आफ्नो मत पोखेका थिए– 'सहाना प्रधान राजनीतिका धेरै खुरापात, घात, अन्तर्घातलाई सजिलै पिउन सक्ने; आफ्नो स्वाभिमान र क्षमतामा विश्वास गर्ने एक जना नेता हुनुहुन्थ्यो ।'

२०४६ सालमा तीस वर्षसम्म चलेको पञ्चायती शासन व्यवस्था फालियो । त्यसपछि २०४७ साल वैशाख ३ गते नेपालमा अन्तरिम सरकार बनेको थियो । त्यस सरकारको नेतृत्व नेपाली

काङ्ग्रेसका सभापति कृष्णप्रसाद भट्टराईले गरेका थिए । अनि मर्यादाक्रममा सहाना दोस्रो व्यक्तिका रूपमा मन्त्री बनेकी थिइन् । उनी २०५१ सालमा पनि मन्त्री बनिन् । महाकालीको सन्धिपछिका दिनमा उनलाई राजनीतिबाट पर सार्न उनैको पार्टीबाट कसरत भएको थियो । त्यसैले सहानाको नाउँ रूसका लागि नेपाली राजदूतमा पनि राख्न लागिएको थियो । अनि त्यसबारे सुइँको पाएपछि उनले राजनीति छाडेर अन्यत्र जान ठाडै अस्वीकार गरेकी थिइन् । त्यसपछि उनी २०६३ सालमा उपप्रधानमन्त्री पनि भएकी थिइन् ।

नेपालमा संसदीय व्यवस्थाको ऐतिहासिक निर्वाचन भयो । निर्वाचनमा लोकप्रियताको कुरा गर्ने हो भने सहाना प्रधान अब्बल दर्जामा थिइन् । भनौँ, त्यस आमनिर्वाचनमा सहाना प्रधानले देशभरिको निर्वाचन परिणाममध्ये सबैभन्दा धेरै मत ल्याएर चुनाव जितेकी थिइन् । त्यस्ती जनप्रियताको नापोमा नापिएकी नेतालाई राजनीतिबाट घचेट्न उनकै राजनीतिक सहकर्मीहरू हात धोएर लागेका थिए । वास्तवमा उनको लोकप्रियताका कारण उनी २०४८ साल र २०५१ सालमा प्रतिनिधिसभा सदस्य बनेकी थिइन् ।

सहाना प्रधान २०४७ सालदेखि २०५४ सालसम्म नेकपा एमालेको पोलिटब्युरो सदस्य भएकी थिइन् । महाकाली सन्धिपछि कम्युनिस्टहरू दुई चिरामा विभाजित भएका थिए । त्यही कारणले एमाले पार्टी पनि फुटेको थियो । त्यसपछि वामदेव गौतमहरू मिलेर नेकपा मालेको स्थापना भएको थियो । अनि उनी २०५४ सालदेखि २०५८ सालसम्म सोही मालेको अध्यक्षमा आसीन भइन् । त्यसपछिको प्रतिनिधिसभाको निर्वाचनमा मालेले शून्य मत ल्याएपछि चार वर्षपछि अर्थात् २०५८ साल फागुन ३ गते उनीहरू फेरि एमालेमा मिसिन गएका थिए । अनि उनी २०६५ सालसम्म पनि राजनीतिमा सक्रिय भएर नै लागिरहिन् । त्यतिखेर उनी एमालेको स्थायी समितिको सदस्य भएकी थिइन् ।

सहाना प्रधानलाई उपप्रधानमन्त्रीभन्दा माथि चढ्नचाहिँ राजनीति र समयसन्दर्भले साथ दिएको थिएन । कतिसम्म भने गणतन्त्र आएपछि राष्ट्रप्रमुखका लागि उनको समेत नाउँ अरू दलबाट प्रस्तावित भएको थियो । तर उनको दलले चाहिँ राष्ट्रप्रमुखका लागि उनको नाउँ सिफारिस गर्ने हिम्मत गरेको थिएन । किनभने उनले बराबर नेपालकै हितमा मात्र काम गरेकी थिइन् । वास्तवमा उनको राष्ट्रमोहका कारण उनलाई राजनीतिको लिस्नो चढ्न धोका नै भइरहेको थियो । तर पनि उनले राजनीतिको 'रा' छाडेर देशभक्तिको 'दे' रोजेकी थिइन् । बालकृष्ण समले भनेझैँ 'देशभक्ति त मर्दैन चुत्थै देश भए पनि' भन्ने सिद्धान्तमा उनी अटल भएर बेरिएकी थिइन् ।

••

सहाना प्रधान प्रजातन्त्र र नारी जागरणको हिसाबमा राजनीति गर्थिन्, तर अधिकांशचाहिँ विदेशलाई रिझाउन राजनीति गर्थे । त्यसैले उनीहरूको सोचको बीचमा ठूलो खाडल थियो तापनि उनी भनिरहन्थिन्– 'महिलाहरूलाई अझै प्रजातन्त्र आएको छैन ।' वास्तवमा गणेशमान सिंहहरू र सहाना प्रधानहरूले सङ्घर्ष गरेर ल्याएको प्रजातन्त्रमा पछिपछिका दिनमा न गणेशमान सिंहको हैसियत थियो न सहाना प्रधानको नै हैसियत थियो । नेपालमा लुटी ल्याएर भुटी खानेका लागि मात्र प्रजातन्त्र आएको देखिन्थ्यो । यसबारे दु:खित हुँदै सहाना प्रधानकी छोरी उषा श्रेष्ठ बोलेकी थिइन्– 'अहिलेका नेताहरूले व्यक्तिगत स्वार्थलाई मात्र सर्वोपरी ठान्दछन् । यत्रो राजनैतिक स्वतन्त्रता र महिलाहरूका लागि आन्दोलनमा नेतृत्व लिएकी मेरी आमाले पार्टीबाट र राष्ट्रका तर्फबाट केही सम्मान पाउनु भएन ।' तर सहाना प्रधानले चाहिँ यो पाएँ र यो पाइनँ भनेर कहिल्यै आवाज निकालिनन् । बरु उनले राष्ट्रको चौतर्फी विकास र जनसमृद्धिका लागि मात्र चिन्तन गरिरहिन् । पूर्वप्रधानमन्त्री झलनाथ खनालका शब्दमा भन्ने हो भने 'सहाना प्रधान देशभक्तिपूर्ण आन्दोलनमा

चिन्तनरत राजनेता' थिइन् । उनी समग्र नेपालको विषयमा जसरी चिन्तित थिइन्; नारी हक, हित र संरक्षणका लागि त्योभन्दा दोब्बर लागिपरेकी थिइन् । तर पनि राजनीतिको माथिल्लो तहमा रहेर राष्ट्रको विकासहेतु आफ्नो गच्छे रोप्न उनले विहङ्गम दृष्टि राखेकी थिइन् । तर उनको सोचअनुसारको काम गर्न उनलाई चारैतिरबाट प्रपञ्च रचिएको थियो । त्यतिखेर उनीप्रतिको धारणा उनका मनले थेग्न नसकेर उनी स्वयम् बोलेकी थिइन्– 'महिला भएकै कारणले महिला सङ्गठनमा जानुपर्ने मेरो मनले खाएको थिएन ।' अनि उनको खासै रुचि नभए तापनि उनी २०४६ सालपछि अखिल नेपाल महिला सङ्घमा दुई कार्यकाल अध्यक्ष भएकी थिइन् ।

••

२०१७ सालदेखि २०२४ सालसम्म पुष्पलालसँग दुक्खसुक्ख बाँडेर बनारस बसेका कमलप्रसाद कोइरालाले सहाना प्रधानसँग पनि मनग्गे सङ्गत गरेका थिए । त्यति मात्र होइन पुष्पलालको शेषपछि पनि उनले सहानाउपर यथेष्ट सहयोग, सद्भावना, समर्थन जनाउँदै आएका थिए । अनि कोइरालाले सहानाको व्यक्तित्वमाथि सधैँ भन्ने गरेको संवाद पनि एउटै थियो– 'नेपालको वामपन्थी आन्दोलनमा सक्रिय, निर्भीक र खुल्ला रूपमा उभिने पहिलो नारी सहाना प्रधान नै थिइन् । जसको तुलना वामराजनीति गर्ने अरू नारीसँग गर्न अन्याय हुन्छ । उनले राजनीतिमा मात्र विशिष्टता हासिल गरेकी थिइनन्, उनी विदुषी पनि थिइन् ।'

सहाना प्रधानले राष्ट्रबाट केही पाए पनि र केही नपाए पनि उनको साहस, प्रतिबद्धता र जाँगरको चारैतिरबाट प्रशंसा भइरह्यो । यसै प्रसङ्गमा नेपाली वामपन्थी आन्दोलनका धीर, बौद्धिक र अविरल यात्री पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले आफ्नो भावना पोखेका थिए– 'सहाना प्रधानजस्ता अविचलित योद्धाहरूकै कारण

असम्भव ठानिएका धर्ती हल्लाउने घटनाहरू सम्भव भएको हामी पाउँछौँ ।' माकुने भन्नु दलको प्रमुख या भनौँ, महासचिवको पदभार सम्हालेर गुटरहित ढङ्गबाट सबैभन्दा लामो अवधिसम्म नेपाल कम्युनिस्ट पार्टीलाई परिचालन गर्ने योद्धा मानिन्छन् ।

सहाना प्रधानकालीन नेपालको पछिल्लो चरणको राजनीतिक अवस्था तरल रूपमा नै सञ्चालित भएको थियो । भनौँ, त्यतिखेर आश्चर्यजनक रूपमा मुलुक रूपान्तरित भइरहेको थियो । सहानाकै जीवनकालमा महाकालीको बाउन्ने प्रसाद नै पाएझैँ गरी मपाइँ हुने कर्ता पनि टड्कारै रूपमा देखिएका थिए । त्यसपछि समग्र नेपालकै राजनीति क्रमशः क्रमशः हेरिनसक्नुकै अवस्थामा अनुवाद हुन थालेको पनि पाइयो । सहाना प्रधानको गुन्यू पनि हुन नसुहाउने मान्छे पछिल्ला दिनहरूमा सहानाको शिरबन्दीसम्म जस्ता भएर पनि निस्केका देखिए । तर त्यस्तो दयनीय राजनीतिक अवस्थाचाहिँ सहाना प्रधानले टुलुटुलु हेर्नुपरेको थिएन । त्यसैले उनको आत्मा धन्य भइरह्यो भन्ने अड्कल गर्ने ठाउँ पनि देखियो । संसद्मा दुई तिहाइको रापमा प्रजातन्त्रलाई पेवा, राजनीतिलाई अधमरो र राष्ट्रियतालाई धराप पार्ने खेलको दृश्यसँगै साँगी लागेर सहाना प्रधानले रुनुपरेको चाहिँ थिएन । अनि जब उनको जीवनभरिको त्याग, तपस्या र समर्पणबाट प्राप्त सिद्धान्तको निष्कर्षलाई नै ढाल्ने क्रम सुरु हुन थाल्यो तब उनी पनि त्यही ताकदेखि ढल्दै, ढल्दै र ढल्दै जान थालेकी थिइन् । वास्तवमा उनलाई प्रजातन्त्रसँग धेरै लोभ, मोह र प्रेम थियो । यही जनव्यवस्थाको स्थापनाका लागि २००३ सालदेखि बराबर चेप्टिँदै, थेप्चिँदै र कुटिँदै, भोकनिद्रासमेत छोडेर उनी युद्धमैदानमा होमिएकी थिइन् ।

सहाना प्रधानमा देशभक्ति भावना, निष्ठाको राजनीति र नेतृत्व दिन सक्ने खुबी थियो । त्यसैले वैचारिक भिन्नता भएका मध्ये पनि उनको बौद्धिक क्षमता, स्वाभिमान र राष्ट्रवादी धाराउपर

नतमस्तक थिए । यसै परिवेशमा २०४६ सालअघि पूर्वाञ्चलमा गठित सात वाममोर्चाका अध्यक्ष नन्दकुमार प्रसाईले उनीबारे भनेका थिए– 'राजधानीमा वाममोर्चा गठनताक सहाना प्रधानसँग मेरो सैद्धान्तिक र वैचारिक असमझदारी भएको थियो । यति हुँदाहुँदै पनि उनका बारे मलाई भन्न मन लागेको कुरा के हो भने– उनी राष्ट्रियताका लागि समर्पित उच्चस्तरीय राजनीतिज्ञ थिइन् । उनी नेपाल कम्युनिस्ट पार्टीमा अहोरात्र लागिपरेकी बौद्धिक नेतृ थिइन् । पुष्पलाललाई पुष्पलाल बनाउनसमेत पनि सहानाको अधिकतम भूमिका थियो । उनले २००७ सालदेखि बाँचुन्जेल नेपाल कम्युनिस्ट पार्टीमार्फत राष्ट्र र राष्ट्रियताका लागि आफूलाई समाहित गरेकी थिइन् ।' साथै सहानालाई आफ्नो राजनैतिक जीवनको आदर्श मान्ने रामकुमारी झाँक्रीले भनेकी थिइन्– 'नेपाली राजनीतिमा सहाना प्रधान एउटा अग्लो नाउँ हो । जीवनका अनेक उकालीओरालीमा अविचलित रूपमा क्रियाशील उनको हरसमयको चिन्ता र चासो राष्ट्र र जनताप्रति समर्पित थियो । त्यति मात्र नभएर देशभक्तिपूर्ण आन्दोलनको अर्को नाउँ पनि सहाना प्रधान नै हो ।'

सहाना प्रधानको हृदयमा प्रचुर मात्रामा नेपालमोह थियो । नेपालप्रेमबारेको सन्दर्भमा धेरैले मुक्त कण्ठले उनको प्रशंसा गरेका थिए । यसै क्रममा अर्का एक जना देशभक्त राजनेता नारायणमान बिजुक्छेँ 'रोहित'ले पनि सहानाको सम्मान गर्दै आए र उनले सहाना प्रधानउपर भनि पनि रहे– 'सहाना प्रधान देशभक्त थिइन् । बाँचुन्जेल उनले राष्ट्रभक्तिप्रतिको धर्म निर्वाह गरिरहिन् ।' तर उनलाई पार्टीले थेचार्न मात्रै खोजेको थियो ।

सहाना प्रधानको निधनपछि धेरैले धेरै कुरा गरे । धेरैले उनको योगदानको स्तुति पनि गरे । अनि बाँचुन्जेल उनको जरा धोइपखाली गर्न खोज्ने र निधन हुनासाथ उनीप्रति गोहीको आँसु झार्ने पनि देखिए । तर उनका लागि समग्रमा भन्नुपर्दा रवीन्द्र

अधिकारीले जे भने त्यो कुरा नै शाश्वत थियो– 'राजकीय पदका हिसाबले सहाना प्रधान उपप्रधानमन्त्री र दुई पटक काठमाडौँबाट निर्वाचित सांसद हुनुहुन्थ्यो । प्रधानमन्त्री, मन्त्री, सांसद हुनु त्यति ठूलो कुरा होइन; सबैभन्दा ठूलो कुरा त जीवनभर एउटा निष्ठा र आदर्शको राजनीतिमा अविचलित भएर अगुवाइ गर्नु हो, जुन सहाना प्रधानले गर्नुभयो । सहाना प्रधानको जीवन सङ्घर्षले भरिएको एउटा खुल्ला किताब हो, जुन नेपालको राजनीतिको अध्ययन गर्ने नयाँ पुस्ताका लागि अझ उपयोगी हुनेछ ।'

सहाना प्रधान सिद्धान्तकी लखपति थिइन् । उनले कुनै पनि सर्तमा र कुनै पनि हालतमा आफ्नो सिद्धान्तलाई व्यापार बनाइनन् । वास्तवमा नेपाल कम्युनिस्ट पार्टीमा नै उनको प्राण मिसिएको थियो । उनको राजनीतिक उचाइ निक्कै माथिल्लो स्तरको थियो । त्यसैले उनलाई वामदेव गौतमले 'आमा' नै मानेका थिए । महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीका शब्द सापटी लिएर भन्नुपर्दा सहाना प्रधान 'नेपाली आमा' नै थिइन् । पुष्पलालका आत्मीयजन गोविन्द ज्ञवाली पनि सहाना प्रधानको राजनीतिक निष्ठाप्रति गौरवीबोध गर्थे र भन्थे– 'म बाह्र वर्ष सहाना प्रधानको राजनीतिक सहकर्मीका रूपमा निकट रहेँ । यस अवधिमा मैले उनको प्रबल इच्छाशक्ति, सुदृढ राजनीतिक निष्ठा, आफ्नो काम र कर्तव्यप्रति समर्पण भाव हेर्ने र अनुभव गर्ने अवसर पाएँ । सहाना प्रधानमा उच्च कोटिको राजनीतिक विश्वसनीयता थियो । उनी जे बोल्थिन् त्यही गर्थिन् । उनले राजनीतिलाई ट्रिक, तिकडम र षड्यन्त्रका रूपमा कहिल्यै लिइनन् । उनको व्यवहार पारदर्शी र राजनीति आदर्श थियो ।'

पुष्पलालसँगसँगै धेरै वर्ष बिताएका नेपाल कम्युनिस्ट पार्टीका प्रेरक हस्ती तथा कम्युनिस्ट पार्टीबाट मन्त्री भएका नेपाली साहित्यका महारथी मोदनाथ प्रश्रितले सहाना प्रधानछेउ बसेर उनलाई धेरै

वर्षदेखि हेरिरहेका थिए । त्यसैले उनी सहाना प्रधानको राजनीतिक निष्ठा र बौद्धिक क्षमताबाट आह्लादित भएका थिए । सहाना प्रधानको राजनैतिक चमकमा घोत्लिएर उनले सहाना प्रधानबारे भनेका थिए– 'नेपाली कम्युनिस्ट आन्दोलनमा पुष्पलालपछाडि सहाना प्रधानको नै ऐतिहासिक पृष्ठभूमि रहेको छ । नेपालको कम्युनिस्ट आन्दोलनलाई यहाँसम्म ल्याइपुऱ्याउन सहाना भाउजूको पनि उत्तिकै भूमिका रहेको छ ।' यति हुँदाहुँदै पनि सहाना प्रधानजस्ती देशभक्त नारीलाई उनैको दलले शीर्ष स्थानमा पुऱ्याउने कसरत गरेन, हिम्मत गरेन र साहसै पनि गरेन ।

सहाना प्रधान नेपाली पटभूमिमा लामो समयसम्म निष्ठाको राजनीतिमा होमिएर सङ्घर्षले बेरिएकी एक मात्र साहसी नारी थिइन् । अनि यस्ती विशिष्ट कोटीका नारीलाई समेत गणतन्त्रात्मक व्यवस्थाले झल्लु र उल्लु बनाउन दुष्प्रयास गरेकै थियो । तर उनी देशभक्त भएर पनि विदुषी थिइन् र विदुषी भएर पनि राजनीतिक सुझबुझ राख्न सिपालु थिइन् । त्यसैले उनी आफ्नै दलबाट हुने अनेक जालझेल, षड्यन्त्र र कुचक्रको सिकार हुनबाट जोगिँदै आएकी थिइन् । अनि उनले जस्तोसुकै गति वा दुर्गति बेहोर्नुपरे तापनि अन्ततः इतिहासले नै उनलाई देशभक्त राजनेताका रूपमा स्थापित गरिदियो ।

नेपालको इतिहासको डिलमा उभिएर हेर्दा राष्ट्रप्रमुख या सरकार प्रमुखको पद नै मात्र पनि ठूलो कुरा रहेन । इतिहासमा सुकिलो र मुकिलो भएर अजर र अमर हुन केवल राष्ट्रप्रमुख र सरकार प्रमुख नै पनि भइरहनु पर्दैन रहेछ । भनौँ, यस बेहोराको गतिलो नजिर बहुदलीय व्यवस्थामा गणेशमान सिंह, सहाना प्रधान र नारायणमान बिजुक्छेँ 'रोहित' अनि निर्दलीय पञ्चायती व्यवस्थामा विश्वबन्धु थापा र राजेश्वर देवकोटाले नै स्थापित गरेका थिए ।

# सहाना प्रधानको नारी जागरण

नेपालको नारी जागरणलाई आजको अवस्थामा पुऱ्याउन सहाना प्रधानको प्रबल भूमिका देखिन्छ । २००३ सालदेखि उनी नागरिक आन्दोलनमा सरिक भएकी थिइन् । उनी सडकमा निस्केपछि नारीहरूले पनि ज्यानको बाजी मारेर क्रान्तिमा भाग लिँदा रहेछन् भन्ने उनले प्रमाण प्रस्तुत गरेकी थिइन् । वास्तवमा नेपालबाट हुकुमी शासन लखेट्न र नारी जागरणलाई प्रबल बनाउन उनको विशिष्ट कोटिको भूमिका थियो । उनी क्रान्तिकारी नारी भनेर पनि त्यसै बेलादेखि परिचित हुन थालेकी थिइन् । उनी क्रान्तिका लागि पुरुषभन्दा कम्तीकी नारी थिइनन् । नारीपुरुषकै सन्दर्भमा वामदेव गौतमले भनेका थिए– 'सङ्घर्षका लागि सहाना प्रधान अगाडि थिइन् र सङ्गठनका लागि पुष्पलाल अगाडि थिए ।' भनौँ, उनीहरू दुवै बराबरी थिए ।

चाहे राणा सरकारसँग नारीको हकहितका लागि ठाडोठाडै संवाद गरेर होस्, चाहे राणाविरोधी जुलुसमा समावेश भएर जिन्दाबाद र मुर्दावादका नारामा समाहित भएर होस्, चाहे भारतका प्रधानमन्त्री स्वदेशमा आएको बेला 'नेपालको अहित गर्ने यिनै हुन्' भनेर त्रिभुवन विमानस्थल पुगेर कालो झन्डा देखाएर होस्– सहाना प्रधानले आफ्नो बेग्लै, मौलिक र स्तरीय वर्चस्व स्थापित गरेकी थिइन् । वास्तवमा बौद्धिक रूपबाट समेत राजनीतिक चेतनाले ओतप्रोत भएर नेपाली नारीले आफ्नो नाउँ यसरी सुरक्षित राखेको पनि त्यो नै पहिलो घटना थियो ।

राजनीतिमा लागेर सहाना प्रधान खालि झन्डा बोकेर हिँड्ने समूहकी नेता मात्रै थिइनन् । उनी धैर्य, साहस र जाँगर भएकी विदुषी थिइन् । उनको बौद्धिक क्षमता, जागरण र समर्पण नेपाली नारीहरूका लागि प्रेरक थियो । त्यसैले उनीउपर नेपाली नारीहरूको पनि श्रद्धा, विश्वास र प्रेम गाँसिएको थियो ।

नेपालमा जतिसुकै नारी जागरण, नारी सुरक्षा र नारीहितको नारा दिए तापनि कार्यान्वयन पक्षमा त्यति सफल नदेखिएको बेहोराको साक्षी पनि सहाना प्रधान नै थिइन् । तर पनि नारीहितका लागि उनी पाखुरा सुर्किन छाड्दैन थिइन् । त्यति मात्र नभएर नारी भावनाअनुरूप नारीहरूलाई उनी जागृत पनि गराइरहने गर्थिन् ।

नेपालमा जुनसुकै प्रधानमन्त्री आए तापनि नारी आवाजलाई ख्यालठट्टामा उडाइदिने प्रचलनबाट सहाना प्रधान दु:खित थिइन् । नेपालका मन्त्रीहरू कस्तासम्म पनि थिए भने– देशमा बहुदलीय प्रणाली भित्रिएपछिको कुरा हो । त्यस बेला प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई थिए भने उनीपछिको मर्यादामा सहाना प्रधान पहिलो मन्त्री थिइन् । साथै गृह तथा सञ्चार मन्त्री भट्टराईकै बनारसी साथी योगप्रसाद उपाध्याय थिए । त्यस बखत भनौँ, भट्टराई प्रधानमन्त्री भएपछि राष्ट्रमा बाल, वृद्ध, विधुवा आदिमा बलात्कारका दु:खद घटना घटिरहेका थिए । त्यतिखेर नेपाल कम्युनिस्ट पार्टीकी विशिष्ट राजनीतिज्ञ अष्टलक्ष्मी शाक्यको नेतृत्वमा सत्तरी जना नारीहरू गृहमन्त्री उपाध्यायसमक्ष गएर निवेदन गरेका थिए– 'बलात्कारका घटना न्यूनीकरण, अपराधीलाई कानुनी कार्यवाही, पीडितलाई न्याय र क्षतिपूर्ति दिनु पऱ्यो ।' त्यतिखेर गृहमन्त्री उपाध्यायले ती सत्तरी जना नारीहरूलाई उत्तर दिएका थिए– 'यदि तपाईंहरूलाई सुरक्षा नै चाहिएको हो भने हातमा नङ पाल्नुहोस्, आफ्ना झोलामा खुर्सानीको धूलो बोकेर हिँड्नुहोस् ।' मन्त्रीको त्यस प्रकारको नीच संवाद सुनेर त्यतिखेरै अष्टलक्ष्मी शाक्यले घोषणा गरेकी थिइन्– 'राजनीतिक

व्यवस्था परिवर्तन भएर मात्र पुग्दैन, मान्छेको सोचमा नै परिवर्तन आउनुपर्छ ।' त्यस बेलाका आफ्ना क्याबिनेट समकक्षी मन्त्रीको नारीउपरको तुच्छ कुरा सुनेर सहाना प्रधान धेरै नै निराश भएकी थिइन् । राष्ट्रको कार्यपालिकामा बस्नेहरूले नारी जागरणमा हतोत्साही गरिरहे तापनि सहाना प्रधानहरू नारी हिंसा र बलात्कारका विरोधमा दस हात पटुका कसेर अग्रसर भइरहे ।

सहाना प्रधान नारी जागरणको अर्को नाउँ मानिन्थ्यो । उनी सधैँ, सधैँ र सधैँ नारीहितका लागि नै समर्पित हुन्थिन् । सहाना प्रधानकै माग, अडान र समर्पणका कारण आमाका नाउँबाट पनि नागरिकताको प्रमाणपत्र पाउनुपर्ने, पैत्रिक सम्पत्तिमा छोराछोरीको बराबरी हक लाग्नुपर्ने, राजनैतिक व्यवस्थामा तेत्तिस प्रतिशत नारीको सहभागिता हुनुपर्ने आदि संवैधानिक व्यवस्था पनि भयो । त्यति मात्र होइन, राष्ट्रिय महिला आयोग पनि सहाना प्रधानकै परिकल्पना थियो । उनी धेरैसँग परामर्श लिएर काम गर्ने राजनेता थिइन् । उदाहरणका लागि भन्ने हो भने उनले नारी जागरणमा भिजेकी आफ्नी साथी चाँदनी जोशीलाई भनेकी थिइन्– 'महिला आयोग बनाउनु पऱ्यो, कसरी बनाउने सिकाऊ न !' वास्तवमा धेरै नारीहरूको परामर्श र सहाना प्रधानको समर्पणबाट नै महिला आयोग बनेको थियो । केन्द्रदेखि स्थानीय निकायसम्म राजनैतिक सङ्गठनहरूमा प्रमुख र उपप्रमुखमध्ये एक जना नारी नै हुनुपर्छ भन्ने सोच, मान्यता र अडान पनि सहाना प्रधानकै थियो । सेना र प्रहरी सङ्गठनहरूमा पनि नारी उपस्थितिको उल्लेखनीय वृद्धि हुनुको कारक तत्त्व सहाना प्रधान नै थिइन् ।

२०४७ सालमा नेपाल कम्युनिस्ट पार्टी माले र मार्क्सवादीको एकीकरण भएको थियो । त्यसको अर्को वर्ष नेपाल कम्युनिस्ट पार्टी (एमाले)को नारी सङ्गठन 'अखिल नेपाल महिला सङ्घ'को गठन भएको थियो । अनि त्यस सङ्घको केन्द्रमा सहाना प्रधानले अध्यक्षता

ग्रहण गरेकी थिइन् । उनी पद धारण गरेर मात्र नारी जागरणमा लाग्ने नारी थिइनन् । उनी नारीकै हितका लागि हृदयबाटै जागरूक थिइन् । नारीप्रति देखिएका जुनसुकै नकारात्मक धारणाको उनी खूब विरोधी थिइन् । नारीलाई सियोको टुप्पोले मात्र छुँदा पनि उनको मनमा चोट लाग्ने गर्थ्यो । मानौँ, उनी समस्त नारी जातिकी मातृवत् स्नेह दिने माउ थिइन् । उदाहरणका लागि भन्ने हो भने २०४९ सालको कुरा हो, सात वर्षीया बालिकाको बलात्कार भएको थियो । त्यही घटनाले चिथोरेपछि राजनैतिक दलहरूका भगिनी संस्थाहरूको गठबन्धनमा २०४९ असार १९ गते 'महिला सुरक्षा दबाब समूह' गठन भएको थियो । त्यस संस्थाको अध्यक्ष सहाना प्रधान थिइन् । त्यस दबाब समूहमा झन्डै एक सयवटा नारी संस्थाको सञ्जाल गठन भएको थियो । त्यस संस्थाको प्रमुख उद्देश्य भनेकै नारीको हकहित र सुरक्षा गर्नु थियो ।

# सहाना प्रधानको पुष्पलालसँगको सम्पर्क र विवाह

सहाना प्रधानको पुष्पलालसँग २००४ सालको जुलुसमा नै भेट भएको थियो । त्यति बेला पक्राउ परेर उनीहरू जेलभित्र सँगै पनि बसेका थिए । त्यसभन्दा अघिको जनसङ्गठन र पछिको पार्टीको काममा समेत उनीहरू जाँगरिला भएर सँगसँगै हिँडेका थिए ।

२००४ सालदेखि नै पुष्पलालले सहानाको व्यक्तित्वको रौनक चाल पाउँदै आएका थिए । सहानाको सक्रियताबाट आह्लादित भएर पुष्पलाल क्रमशःक्रमशः सहानाको पछिपछि लागेका थिए । कतिसम्म भने सहाना प्रधान लखनऊमा आईए पढेका बेला पनि पुष्पलाल उनलाई भेट्न दुईपल्ट त्यहाँ गएका थिए । तर त्यस बेला त्यहाँ सहाना प्रधानसँग पुष्पलालको भेट हुन सकेको थिएन । पुष्पलाल उहाँदेखि आफूलाई नै भेट्न आएको बेहोरा सुनेर सहाना प्रधान धेरै खुसी भएकी थिइन् । त्यतिखेर पुष्पलाल बनारस बस्थे । त्यसताका पुष्पलाल नेपाली काङ्ग्रेसको कार्यालय सचिव भएर काम गरिरहेका थिए ।

पुष्पलाललाई सहाना प्रधान अति मन परेकी थिइन् । त्यस बेलासम्म उनले सहाना प्रधानजस्ती सशक्त समकालीन नारी अरू देखेका पनि थिएनन् । त्यसैले उनी सहाना प्रधानलाई भेट्नका लागि नै भनेर २००७ सालमा नेपाल आएका थिए । त्यस बेलाको उनको लक्ष्यचाहिँ सहानालाई फकाउने नै मात्र थियो ।

पुष्पलाल नेपाल आएपछि सहाना प्रधानसँग उनको बराबर सम्पर्क भइरह्यो । त्यति बेलैदेखि उनीहरूको सिद्धान्त पनि मिल्यो, कुरा पनि मिल्यो र मन पनि मिल्न थाल्यो । पछिल्ला दिनहरूमा उनीहरूले एकअर्कालाई मनैभित्रबाट रुचाएका थिए । यति हुँदाहुँदै पनि पुष्पलालको बिहे गर्ने प्रस्तावमा सहाना प्रधानले सकारात्मक उत्तरचाहिँ दिएकी थिइनन्– 'अहिले म टेक्ने न समाउने अवस्थामा छु । म मेरो खुट्टामा उभिएपछि मात्र बिहे गर्छु ।' सहानासँगको वैवाहिक जीवनमा गाँसिने पुष्पलालको सोच त्यतिखेरका लागि असफलै भएको थियो ।

सहानाले वैवाहिक जीवनमा टाँसिन चाहेकी थिइनन् । उनी जति फुत्कन चाहे पनि पुष्पलालले सहाना प्रधानमाथि आफ्नो राजनैतिक, मानसिक र भौतिक जाल बिछ्याउन छाडेका थिएनन् । त्यसैले उनले फेरि दाम्पत्य जीवनमा गाँसिने उद्धेश्य राखेर २००९ सालमा सहाना प्रधानसँग भेट गरे । त्यतिखेर पुष्पलालले चाँडोभन्दा चाँडो बिहे गर्न सहानासँग प्रस्ताव राखे । पुष्पलालको आफूउपरको सम्मान, समर्पण र प्रेमबाट त्यस बेलासम्ममा सहाना पनि राम्ररी नै पग्लिन थालिसकेकी थिइन् ।

पुष्पलाल सहानाभन्दा जातमा एक तहमुनि भएकाले सहानाका घरका मान्छेले पुष्पलाललाई त्यतिसारो मन पराएका थिएनन् । गङ्गालाललाई फाँसी दिएपछि त्यस परिवारको सम्पत्ति पनि सरकारी भइसकेको थियो । भनौँ, गङ्गालालको सर्वस्व हरणका कारण त्यस परिवारको सिरीखुरी नै भएको अवस्था थियो । पुष्पलालचाहिँ गङ्गालालका माहिला भाइ थिए । त्यसैले पुष्पलालको आर्थिक अवस्था दयनीय नै थियो । वास्तवमा त्यस बेला उनीहरू तन्नमैको अवस्थामा नै पुगिसकेका थिए । आर्थिक रूपमा पुष्पलालको घरायसी अवस्था खण्डहर भएको सहानाका बुबालाई पनि कण्ठाग्र थियो । त्यसैले पुष्पलाल आफ्ना घरमा नआइदिए हुन्थ्यो भन्ने

सहानाका बुबाको भावना थियो । तर पुष्पलालचाहिँ सहाना प्रधानलाई भेट्न बराबर सहानाका घरमा धाउने गर्थे । सहानाका परिवारजनलाई मन नपरे तापनि त्यतिखेर उनीहरू एकअर्कासँग समर्पित भइसकेका थिए । उनीहरू गहिरो प्रेमबन्धनमा बाँधिइसकेका थिए । अनि सहिद गङ्गालाल श्रेष्ठकी पत्नी हसिना र भाइ विजयलाल श्रेष्ठले सहाना र पुष्पलालको प्रेमसम्बन्ध प्रगाढ भएको बेहोरा थाहा पाइसकेका थिए ।

एकातिर पुष्पलाललाई सहानाको घरपरिवारले फुटेको आँखाले पनि देख्न सक्तैन थिए । अर्कातिर पुष्पलाल भने मीठा कुरा गर्थे र सहानाका परिवारका सबैलाई आदर र सम्मान गर्थे । उनी थोरै बोल्थे तर उनको बोलीमा जादु हुन्थ्यो । उनलाई जति अपमान गरे तापनि उनी सहानाका घर जान छाड्दैन थिए । अन्ततः उनको सरल, शालीन र सौम्य व्यवहारका कारणले उनीप्रति सहानाका घरपरिवारको स्नेहमा बढोत्तरी हुन थालेको थियो । तर पनि उनलाई ज्वाइँ बनाउनचाहिँ कसैको पनि मन्जुरी थिएन । त्यसैताका नै मनमोहन अधिकारीको चाहिँ सहानाकी दिदी साधनासँग प्रेमप्रसङ्ग चलिरहेको थियो । बाहुन भनेर अधिकारीलाई भने त्यस परिवारले खुबै आदर गरेको थियो ।

पुष्पलालको भावनात्मक शक्तिले सहाना प्रधान उनकी बेहुली बन्न राजी भएकी थिइन् । घरपरिवारको मन्जुरीबिना नै सहानाले पुष्पलाललाई वरण गर्ने निश्चय पनि गरिन् । अन्ततः क्षेत्रपाटीका तीर्थप्रसाद ढुङ्गानाका घरमा उनीहरूको बिहे हुने कार्यक्रमको नक्सा कोरियो । बेहुलाबेहुलीका आआफ्ना साथीसङ्गीहरूमाऋ पुष्पलाल र सहानाको प्रेमविवाह २०१० साल माघ २ गते सम्पन्न भएको थियो । त्यस विवाहको कार्यक्रमका हर्ताकर्ता मनमोहन अधिकारी थिए । त्यो दिनभरि विवाहको रमझम भयो । अनि साँझपख पुष्पलालले आफ्नो घर यट्खाको दमाईं टोलमा बेहुली भित्र्याएका थिए । 'आखिर छोराले ल्याइ नै हाल्यो, बीए पनि पढेकी बुहारी' भनेर छोराबुहारी भित्रँदा पुष्पलालका बुबा भक्तलाल श्रेष्ठले घरमा दीपावली गरेका थिए ।

पुष्पलाल र सहानाको विवाहमा सहानाका घरबाट भने एक जना मानिसको समेत उपस्थिति थिएन । यता पुष्पलालका बुबाले सहानालाई क्रान्तिताकादेखि नै चिन्दै आएका थिए । तर क्रान्तिकारी सहानाबाट पुष्पलालको घर हुँदैन नै भनेर त्यस बिहेमा पुष्पलालका घरपट्टिबाट पनि कसैको उपस्थिति भएको थिएन । कतिसम्म भने आफन्तजनको दबाबसमेत खप्टिनाले पुष्पलालका बुबा पनि बिहेमा सरिक भएका थिएनन् । साथै सहानाको बिहेको केही महिनापछि उनकी दिदी साधनाको बिहे मनमोहन अधिकारीसँग भएको थियो । अनि उनीहरूको बिहे विजेश्वरी मन्दिरमा भएको थियो । अधिकारीचाहिँ बाहुन भएकाले सहानाका बुबा र उनको घरपरिवारै हर्षबढाइँका साथ साधनाको बिहेमा सरिक भएका थिए ।

सहाना र पुष्पलालको दाम्पत्य जीवन आपसी प्रेम, विश्वास र समझदारीमा अडेको थियो । उनीहरूमध्ये सहानाले घर खाने, छोराछोरीको हेरविचार गर्ने, कमाउने र पुष्पलालले चाहिँ राजनीति गर्ने उनीहरूको व्यावहारिक परिस्थिति स्थापित भएको थियो । पुष्पलाल सरकारविरोधी राजनीतिमा लागेका कारण उनका लागि नेपाल आइरहनु खतरा थियो । त्यसैले हरेक वर्षको कम्तीमा पनि दुईपल्ट सहाना आफ्ना पति पुष्पलाललाई भेट्न छोराछोरीसहित भारत पुग्ने गर्थिन् । त्यतिखेर पुष्पलाल प्राय: बनारस नै बस्ने गर्थे । उनीहरू त्यसरी टाढाटाढा बसेको बेहोरा शत्रुपक्षले नाफा नै ठानेका थिए । त्यसैले त्यही मौकामा दुवैतिरका स्त्रीपुरुषलाई भड्काउनेहरूको पनि अनिकाल लागेको थिएन । त्यस कालखण्डमा सहाना र पुष्पलालको सम्बन्ध बिग्रियोस् भन्ने नै धेरै थिए । पुष्पलालका आत्मीय सहयोगी गोविन्द ज्ञावालीका अनुसार पुष्पलाल र सहानाको सम्बन्ध बिगार्न मनमोहन अधिकारी पनि लागेका थिए । यति हुँदाहुँदै पनि यी दम्पतीको एकअर्काप्रतिको प्रेम, व्यवहार र सम्बन्धमा कहिल्यै आँच आएन ।

# सहाना प्रधानलाई घरेलु बुहार्तन

पुष्पलालका दुई जना आमा थिए । उनकी आफ्नी आमा तुलसीमायाबाट पाँच छोरा गङ्गालाल, पुष्पलाल, गौरीलाल, देवीलाल, विजयलाल र दुई छोरी हिरण्यदेवी र पुष्पलता जन्मेका थिए । साथै उनकी कान्छी आमा पूर्णमायापट्टिबाट चार जना छोरा जवहारलाल, तोरणलाल, ललितलाल र वसन्तलाल अनि तीन छोरी उमा, रमा र समा जन्मेका थिए । उनीहरू सबै एउटै घरमा बस्थे । ती सन्तानमध्ये घरमा सबैभन्दा धेरै घोटिनेचाहिँ सहिद गङ्गालाल अर्थात् जेठा छोराकी विधवा पत्नी हसिना थिइन् । त्यस घरमा पुष्पलालका बुबा र सहाना मात्र रोजगारमा थिए । परिवारका बाँकी अरू सबै सदस्य बेरोजगारी नै जस्ता थिए । तर पुष्पलालका साहिँला भाइ गौरीलालले चाहिँ टचुसन पढाएर केही आम्दानी ल्याउने गर्थे । वास्तवमा दिउँसो कमाएर ल्याएको साँझ र बिहान खानुपर्ने अवस्थामा त्यो परिवार पुगिसकेको थियो ।

सहाना प्रधानले बिहे गरेपछि घर चलाउन अनेक उपाय झिक्न थालिन् । हुन त उनी पढाउने काम पनि गरिरहेकै थिइन् । बाहिरको मात्र नभएर घरेलु काम पनि उनले धेरै गर्नुपर्थ्यो । त्यस बेला उनी काम गरेर थाक्तिन थिइन् । भित्र र बाहिर गरेर उनी दैनिक सोह्र घण्टासम्म काम गर्ने गर्थिन् । उनको काम गराइले उनका सासूससुरा पनि उनीप्रति खुसी हुन थालेका थिए । पुष्पलाल सबैका लागि असल, सरल र विनम्र थिए । त्यसमाथि उनले आफ्नी

पत्नीलाई नसघाउने त प्रश्नै थिएन । वास्तवमा उनी नारी शोषणका विरोधी पनि थिए । तर उनका घरमा पुरुषलाई मात्र मान्ने प्रवृत्ति भएकाले उनले घरेलु काममा सहानालाई सघाएको कसैले मन पराउँदैन थिए । त्यसैले उनी बुबाआमाको आँखा छलेर आफ्नी पत्नीलाई बेलाबखत घरेलु काममा सघाउने गर्थे ।

●●

पढेकी बुहारी भनेर सहानालाई उनका ससुराले कदर गर्थे । ससुराकै आग्रहमा सहानाले घरैमा ससुरालाई अङ्ग्रेजी पनि पढाएकी थिइन् । 'हाँसेर कोही बोल्यो भने 'एस्एस्' भन्नु र अँध्यारो मुख लगाएर बोल्यो भने 'नोनो' भन्नु भनेर सहानाले आफ्नो ससुरालाई सुरुका दिनमा पाठ सिकाएकी थिइन् ।

बिहेपूर्व नै सहानाका ससुरा भक्तलाल श्रेष्ठसँग उनको सौहार्दता थियो । राणा मास्ने जुलुसमा पनि उनीहरू सँगै हिँडेका थिए । भक्तलाल अखिल नेपाल न्यून वैकल्पित सरकारी कर्मचारी सङ्घका अध्यक्ष थिए । भक्तलालको सभापतित्वमा भएको समारोहमा सहानाले भाषण पनि ठोकेकी थिइन् । साथै त्यति बेला भक्तलालको भाषणको गाइड अथवा भनौँ, निर्देशक पनि सहाना नै थिइन् । त्यतिखेर सहानाको इसारामा भक्तलालले भाषण गर्थे । सहानाका परिवारभित्र सानोले ठूलोलाई आदर गर्नुपर्ने परम्परा थियो । खास गरेर बुहारी जातिले सासूससुरालाई दिनहुँ ढोग्नुपर्ने हुन्थ्यो । पढेकी बुहारी भएकीले ससुराले विशेष गरेर सहानाको कदर गर्थे र भन्थे– 'तिमीले मलाई दिनदिनै ढोग्नु पर्दैन ।'

ससुराले मात्र नभएर सहानालाई उनकी जेठानी हसिनाले पनि खुबै माया गर्थिन् । जेठानी र सहाना खुबै मिल्थे । सहाना आफ्नी जेठानीलाई भान्साको काम सघाइरहन्थिन् । उनी जेठानी दिदीलाई भाउजू भनेर सम्बोधन गर्थिन् । 'भाउजू म के सघाऊँ' भनेर

सहानाले सोधेको प्रश्नको उत्तरमा 'जाऊ तिम्रो लेख्ने, पढ्ने काम हो । भान्साको काम तिम्रो होइन, मेरो हो' हसिनाले भन्ने गर्थिन् ।

••

२०११ सालको भाइटीकाका दिन सहानादम्पती सन्तानका बाबुआमा भएका थिए । पहिलो चोटि सन्तानका रूपमा उनीहरूले छोरीको मुख हेर्न पाएका थिए । अनि ती छोरीको नाउँ उषा राखियो । सहानाले छोरी पाएपछि उनलाई पार्टीको काम गरेर घर खान सारै असजिलो भएको थियो । त्यति बेला उनलाई चारतिर काम गरेर अरूहरूलाई रिझाउन निकै गाह्रो थियो । उनका ससुरा पनि उनलाई पार्टीमा काम नगरे हुन्थ्यो भन्ने मानसिकतामा थिए । पछिल्ला दिनमा सहानाका ससुराले उनलाई 'घर र स्कुलको मात्र काम गरे पुगिहाल्यो नि' भन्ने गर्थे । तर सहानालाई पार्टीको काम छाड्न मन थिएन । 'यही सङ्गठनले मलाई चिनायो र म यहाँसम्म आइपुगेँ म कसरी पार्टी छोडौँ' भन्ने भावनाले सहानाभित्र जरा गाडिसकेको थियो ।

सहाना अनेक जुक्ति झिकेर पनि पार्टीको काममा जाने गर्थिन् । उनको जुक्तिले नभ्याएको बेला उनी भागेर पनि पार्टीको काममा जाने गर्थिन् । पार्टीको काममा हिँड्दा उनी कहिले त खाली खुट्टा पनि घरबाट निस्किने गर्थिन् । भनौँ, घरबाटै जुत्ता लगाएर जाँदा जुत्ता बजेको आवाज आउँछ भनेर उनी जुत्ता बोकेर घरबाट निस्कने गर्थिन् । घरबाट कसैले नसुन्ने र नदेख्ने ठाउँमा पुगेर मात्र उनी जुत्ता लगाउने गर्थिन् । उनी यसरी हिँडेको देखेर उनका ससुरालाई असह्य हुन थालेको थियो । त्यसैले एक दिन त उनका ससुराले पुष्पलाललाई भनेका पनि थिए– 'माहिला ! पार्टीभित्र तँ एक जना मात्र गए हुँदैन र ! तँ गएपछि सहानालाई पनि सँगसँगै लिएर जानुपर्छ र ? तिमीहरूले मात्र पार्टीको काम कति गर्ने ? पार्टीका लागि तिमीहरूले जति गर्नुथ्यो गरिहाल्यौ नि !'

आफूप्रतिको ससुराका व्यवहारले सहाना खिन्न थिइन् । ससुराकै कारणले उनलाई पार्टीमा गएर बराबर काम गर्न धेरै अप्ठ्यारो परिरहेको थियो । अनि एक दिन उनले आफ्ना पतिलाई विनम्रतापूर्वक भनिन्– 'घरमा मलाई निकै कडा गरिन थालिएको छ । अब मेरो विषयमा पनि बुबासँग बोलिदिनुहोस् न !' बुबाप्रति तेर्सिएको सहानाका कुरामा पुष्पलालको सकारात्मक उत्तर नै जाँदैनथ्यो । किनभने उनी आफ्ना बुबाका परमभक्त थिए । त्यसैले पुष्पलालले उल्टै आफ्नी पत्नीलाई भनेका थिए– 'हेर सहाना ! यो घरको लडाइँ हो । अनि यो लडाइँमा मलाई नमिसाऊ । यो तिम्रो निजी लडाइँ हो । यसमा तिमी आफैँ लड्नुपर्छ । यस विषयमा बुबासँग तिमीले नै मात्र बोल्नुपर्छ । तिमीले बोल्नुपर्ने कुरा मैले बोल्दा राम्रो हुन्छ र ?'

जतिसुकै बाधा अडचन आए पनि सहानालाई पार्टीसँग अति नै मोह थियो । त्यसैले उनले पार्टीको कामबाट हात झिक्न नै सकिनन् । ससुरा र पतिका कुराले उनलाई दिग्दार लाग्न थालेको थियो । आफूले गर्दै आएको काममा बाधा अड्चन आउन थालेपछि उनी सिथिल हुन थालेकी थिइन् । क्रमश: उनको भावना घरपरिवारसँग विपरीत हुन पनि थालेको थियो । त्यही बीजको अङ्कुर पलाउँदै गयो । अन्तत: उनीहरू घरबाट छुट्टिएर बेग्लै बस्न थाले । सहिद गङ्गालाल अर्थात् जेठा दाजुकी विधवा हसिनालाई घरमा धेरै नै शारीरिक शोषण थियो । त्यसैले सहानाका ढिप्पीले उनीहरू हसिनालाई पनि आफूहरूसँगै लिएर घरबाट निस्केका थिए । वास्तवमा हसिना पनि आफ्ना देवरदेउरानीसँग भुतुक्कै थिइन् ।

मूल घरमा दिनहुँको कचकच भएपछि नै पुष्पलाल र सहाना छुट्टिएर बेग्लै बसेका थिए । वास्तवमा सहानालाई पनि बेग्लै बस्ने रहरचाहिँ थिएन । उनीहरूलाई बेग्लै बस्नुपर्ने बाध्यता त परिस्थितिले स्थापित गरेको थियो । तर त्यसपछि पनि उनीहरूलाई आर्थिक अवस्थाले आक्रान्त पार्न छोडेको थिएन । पुष्पलालले अर्थ उपार्जन

गर्ने कुरै थिएन । उनी बिहान झिसमिसेमा कतिखेर घरबाट हिँड्थे र त्यसरी घरबाट चम्पट ठोकेपछि कतिखेर घरमा आएर खान्थे, सुत्थे; सहानालाई पत्तै हुँदैनथ्यो । उनको त्यो रीत निरन्तर दोहोरिने गर्थ्यो । यदि सहाना प्रधानले सीताराम हाईस्कुलमा पढाउन नछोडेको भए उनीहरूको आर्थिक अवस्था राम्रै पनि हुने थियो ।

•

पुष्पलाल र सहानाको दाम्पत्य जीवन पनि विचित्रकै थियो । उनीहरूको भेटघाट हुन पनि साइत चाहिन्थ्यो । पुष्पलाल कहिले महिनौंदिन हराउँथे । उनीहरू एक महिनासम्म सँगसँगै बसेको इतिहास सहानाले पाउनै सकेकी थिइनन् । यति हो, पुष्पलाल सहानाको कदर गर्थे । उनी सहाना र छोरी उषाको मायामा डुब्दाडुब्दै पनि आफ्नो समयको समन्वय मिलाउन नसक्ता घरबाट टाढाटाढै हुन्थे । तर त्यही परिवेशमा उनीहरूको घरमा पुत्ररत्नको उदय भयो । अथवा भनौं, २०१४ साल माघ २६ गते उनीहरूको छोरा उमेशलालको जन्म भयो ।

# सहाना प्रधानको शिक्षासेवा

सहाना प्रधानले २००३ सालदेखि क्षेत्रपाटीको इखापोखरीमा कन्या मन्दिर स्कुल सञ्चालन गरेकी थिइन् । प्रारम्भमा सुकुल ओछ्याएर त्यहाँ पढाइने गरिन्थ्यो । उनले बिहे गर्नुअघिदेखि नै स्कुल पढाउन थालेकी थिइन् । अर्थात् २००२ सालदेखि नै उनले शान्ति निकुञ्जमा पढाउन थालेकी थिइन् ।

सहाना प्रधानको सक्रियतामा डिल्लीबजारमा पद्मकन्या विद्याश्रम स्थापना भएको थियो । उनैको सक्रियतामा २००९ सालमा महिला प्रौढ स्कुलको स्थापना भएको थियो । त्यो स्कुल महिला सङ्घको कार्यालयमा स्थापना गरिएको थियो । पछि त्यसलाई सहाना प्रधानहरूकै मोतोमा अरुणोदय महिला विद्यालय भनेर नाउँ राखियो ।

बिहेपछि सहानाले पढाएको स्कुलमा उनका नन्द र देवर पनि पढ्थे । भनौँ, कक्षामा उनीहरूलाई पनि सहानाले नै पढाउनुपर्थ्यो । घरमा सहानाले कति काम भ्याएर स्कुल आइपुग्छिन् भन्ने बेहोरा उनका नन्द र देवरहरूले देखेका नै हुन्थे । मेरी भाउजूलाई धेरै गाह्रो छ भनेर उनका नन्द र देवरले उनलाई कहिले पनि सघाउने काम भने गरेका थिएनन् । त्यस विषयमा चित्त दुखाएर सहानाले सुशीला श्रेष्ठसँग भनेकी पनि थिइन्– 'मेरा नन्द, देवरले मेरी भाउजूलाई स्कुल ढिलो होला सघाउनुपर्ला भनेर मेरो समस्या बुझिदिने काम गर्दैन थिए । सायद उनीहरूको भावनामा भाउजू त हो नि दल्नुपर्छ भन्ने लाग्थ्यो कि !'

सहाना प्रधानले २००७ सालदेखि कन्यामन्दिरमा पढाइन् । त्यस स्कुलको उनैद्वारा परिकल्पना भएको थियो । २०१० सालबाट उनी सीताराम हाईस्कुलमा पनि पढाउन थालिन् । त्यस स्कुलमा छात्रछात्रा नै पढ्थे । त्यहाँ उनले दस कक्षालाई पढाउने काम थियो । पहिलो दिन उनी विद्यार्थीलाई पढाउन खुरुखुरु कक्षामा पसिन् । उनी कक्षामा पस्नासाथ केटाहरूले चाहिँ कक्षा नै बहिष्कार गरेर हुरुरुरु कक्षाबाहिर निस्केका थिए । त्यतिन्जेलसम्म पनि त्यस स्कुलमा कुनै पनि गुरुआमाले पढाएका थिएनन् । त्यसैले नारीले पढाउन जान्दैनन् भनेर नै सहानाले पढाएको कक्षा उनीहरूले बहिष्कार गरेका थिए । त्यस स्कुलको कक्षा दसमा छ जनाचाहिँ केटी पनि थिए । त्यतिखेर सहानाले कुनै पनि प्रकारको प्रतिक्रिया नदिई केटीहरूलाई मात्र पढाएकी थिइन् । त्यहाँ त्यसरी केटीहरूलाई मात्र पढाउने रीत केही दिनसम्म जारी नै भएको थियो । उनको पढाउने शैलीबाट कक्षाका छात्राहरू प्रभावित थिए । त्यसैले 'सहाना गुरुआमाले सारै राम्रो पढाउनुहुँदो रहेछ' भन्ने स्कुलमा हल्ला हुन थाल्यो । अनि केही दिनपछि एकदुई जना गरेर केटाहरू पनि सहाना प्रधानको कक्षामा क्रमश: पढ्न आउन थालेका थिए । पछिल्ला दिनमा सबै विद्यार्थीहरूले सहाना गुरुआमाको जय मनाउन थालिसकेका थिए । पछि, पछि र पछिसम्म पनि त्यहाँ सहाना प्रधानको प्रशंसा भइरह्यो । किनभने त्यस स्कुलमा सहाना प्रधान सबैभन्दा राम्रोमध्येकी एक जना राम्रो पढाउने गुरुआमामा स्थापित भएकी थिइन् ।

•

स्कुलमा सहाना प्रधानले नियमित पैसा पाउँथिन् र त्यो सबै पैसाले उनको पढाइ उकास्न धेरै मद्धत गरेको थियो । बिहे नगरुन्जेल सहानाले जति कमाउँथिन् आफ्नो पढाइका लागि खर्च गर्ने गर्थिन् । अनि बाँकी रहेको पैसा उनले घरमा नै खर्च गर्थिन् । तर गृहस्थ

आश्रममा प्रवेश गरेपछि आफ्नो परिवारको सम्पूर्ण अर्थभार उनकै काँधमा थियो । तर खर्च गर्नमा उनी खुबै मितव्ययिता अपनाउँथिन् ।

••

एमए पास गरेपछि २०१८ सालदेखि सहाना प्रधानले त्रिचन्द्र कलेजमा पढाउन थालिन् । उनले लोकसेवा आयोगबाट उत्तीर्ण भएर कलेजमा पढाउने काम पाएकी थिइन् । पछि उनी नर्मल तालिमअन्तर्गत स्कुलमा पढाउन काठमाडौँबाट पोखरा सरुवा भएकी थिइन् । त्यतिखेरै उनले पोखराको पृथ्वीनारायण क्याम्पसमा पनि पढाउन थालेकी थिइन् । २०२०–०२१ सालको एक वर्षजति उनी पोखरामा पढाउने विषयमा नै कार्यरत भइन् । त्यहाँ बसुन्जेल उनले दिउँसो स्कुल र बिहान क्याम्पसमा पढाउने गरिन् । पढाउने काममा उनले पोखरामा पनि सबैको मन जितेकी थिइन् । एक वर्ष पोखरामा कार्यरत रहेपछि उनलाई फेरि काठमाडौँबाट बोलावट भयो । काठमाडौँमा आएपछि उनलाई पद्मकन्या कलेजमा पढाउन खटाइएको थियो । त्यस कलेजमा उनले निरन्तर दस वर्षजति पढाइन् । पद्मकन्या कलेजमा पनि उनको प्राध्यापनको धेरैले बयान गर्थे भन्ने कुरा प्रा.डा.वीणा पौडेल बताउने गर्थिन् । २०३० सालदेखि चाहिँ उनी कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयमा पढाउन पुगिन् । त्यहाँ पढाउन थालेपछि उनी विश्वविद्यालयको आवासगृहमा बस्थिन् । त्यहाँ बस्न थालेपछि उनले छात्रावासको वार्डेनको पनि काम पाएकी थिइन् ।

सहाना प्रधानको किशोरवयदेखि नै पढ्ने र पढाउने कुरामा एकाग्रता, रुचि र समर्पण थियो । उनी पढेर र पढाएर कहिल्यै थाक्तिन थिइन् । नारी शिक्षाका लागि उनको योगदान नेपालको शिक्षाको इतिहासमा अजर, अमर छ भनिरहनु पनि परेन । किनभने उनी त्यही शिखरमा चुलिएकी नारी थिइन् ।

# सहाना प्रधानलाई आर्थिक सङ्कट

छोरी जन्मेपछि सहाना प्रधानलाई घरायसी आर्थिक कारणले तनाव हुन थालेको थियो । उनको खासै आयस्ता थिएन । उनका ससुरा नेपाल सरकारका सुब्बा थिए । उनको त्यो जागिर पनि स्थायी थिएन । त्यस घडी दुईदुईवटा स्कुलमा काम गरेर छोरी हुर्काउन सहानालाई सकस परेको थियो । त्यसैले उनी एउटा स्कुलबाट अवकाश लिन बाध्य भएकी थिइन् । त्यतिखेर पार्टीको काम, स्कुल, घर आदिले गर्दा उनी खुबै बेफुर्सदी पनि थिइन् । तर पनि जागिर, घर, पढाइ र सङ्गठनमा उनी मिलाएर समय दिनेचाहिँ गर्थिन् । साथै समयको उचित व्यवस्थापनका कारणले उनले सफलता नै पनि पाउँदै गएकी थिइन् ।

२०१७ सालसम्म पुष्पलाल र सहाना डेरामा नै बस्थे । त्यसपछि सहानाले पाँच हजार रुपियाँ जुटाएर बन्दकीमा तीन कोठाको घर लिएकी थिइन् । बन्दकीमा लिएको त्यो घर काठमाडौँको असन बजारमा थियो । त्यस घरमा उनीहरू जति समय बसे रमाएर नै बसिरहेका थिए । तर राजनैतिक चक्रव्यूहका कारण एकाएक काठमाडौँबाट पुष्पलालले डाँडा काट्नुपरेको थियो । त्यसै परिवेशमा सहाना प्रधानले सुशीला श्रेष्ठलाई भनेकी थिइन्– ‘पुष्पलालजीसँग म लामो समयसम्म सँगै बसेको भनेको त्यही बन्दकी घरमा हो ।’ तर त्यस घरमा उनीहरू चार महिना मात्रै सँगै बसेका थिए ।

बन्दकी लिएको घरमा सहाना पनि लामो समय बस्न पाइनन् । त्यस घरमा करिब तीन वर्ष बसेपछि सहाना प्रधानलाई पाँच हजार

रुपियाँ बुझाएर घरधनीले आफ्नो घर उकासेका थिए । त्यसपछि सहानाको वास फेरि पनि डेरामा नै कायम भएको थियो ।

सहाना प्रधानले २०२६ सालमा आफ्ना नाउँमा क्षेत्रपाटीको ठहिँटीमा घर किनेकी थिइन् । त्यस घरको मूल्य चौध हजार रुपियाँ थियो । त्यस घरमा बसेपछि उनलाई साइत परेको थियो । साथै त्यो घर किनेपछि पुष्पलाल पनि खुसी भएका थिए । उनीहरू त्यस घरमा २०४२ सालसम्म बसेका थिए ।

विवाहित नारीले लालाबालासमेतको जायजन्मपछि पतिको कुनै आर्थिक सहयोगबिना नै गृहस्थीको धर्म एक्लै निर्वाह गर्नु निकै जटिल परिस्थिति हुने गर्छ नै ! त्यसैले सहानाले पनि त्यस्तो जटिल अवस्थाका लागि अर्थात् घर धान्नका लागि अनेक कसरत गरेकी थिइन् । उनले आफ्ना पतिलाई भेट्न बनारस गएको बेला पनि त्यहाँबाट सारीहरू किनेर काठमाडौँमा ल्याएर बेच्ने काम पनि गरेकी थिइन् ।

सहाना प्रधानको अविरल र अथक परिश्रमबाट पुष्पलाल एकातिर मोहित पनि थिए र अर्कातिर श्रीमतीलाई सुक्ख दिन नपाएकोमा उनलाई ग्लानि पनि थियो । सहाना प्रधानले आफूले कमाएको पैसा आफ्नो घर खर्च गरेर पुष्पलाललाई पनि पठाउने गर्थिन् । सहानाका अति घनिष्ठ, पुत्रतुल्य तथा राजनीतिक सहकर्मी वामदेव गौतमले सहाना प्रधानको आर्थिक अवस्थाका बारे भने– '२००७ सालदेखि २०१७ सालसम्म सहाना प्रधानले सधैँ पुष्पलाललाई अघि बढ्न प्रेरित गरिरहिन् । पुष्पलालको भारत प्रवासको कठिन परिस्थितिमा सहाना प्रधानले नै नैतिक रूपमा मात्र होइन आर्थिक रूपमा पनि सक्तो सहयोग गरिन् ।' वास्तवमा राजनैतिक रूपमा होस् या चाहे माया गरेर होस् र चाहे आर्थिक सहयोग गरेर नै होस् सहानाबाट पुष्पलालको शुभलाभ भइरहेको नै थियो ।

सहाना प्रधानको दुक्ख र कष्टका बारे एक दिन पुष्पलालले मोदनाथ प्रश्रितलाई भनेका थिए– 'बिहे गरेपछि सहानाले घरका

लागि हरेक प्रकारले आफ्नो जीवन अर्पण गरिन् । तर उनले कहिले आर्थिक सुक्ख पाउनै सकिनन् । मैले उनलाई आर्थिक रूपले समेत कुनै सहयोग गर्न पाइनँ ।' वास्तवमा पुष्पलाल जन्मेदेखि नै सङ्घर्षमा परेका मान्छे थिए । पुष्पलालले प्रवासमा प्राय: भोकतिर्खा खेपिरहे । बनारसको पुत्रगल्लीमा नेपाल कम्युनिस्ट पार्टीको कार्यालय थियो । त्यतिखेर उनका लागि खानेकुरा लिएर शान्ति श्रेष्ठ र दुर्गा पौडयाल शनिबारको दिन पारेर प्राय: पुगिरहन्थे । बनारसमा पुष्पलालको डेरा र नेपाल कम्युनिस्ट पार्टीको कार्यालय एउटै थियो । त्यतिखेरको उनको वैयक्तिक जीवन धेरै कारुणिक नै थियो । २०२७ सालको कुरा हो, उनका सहयोगी साथी दुई जनामध्ये गोविन्द ज्ञवाली र मोदनाथ प्रश्रित पनि सोही पार्टी कार्यालयमा नै डेरा जमाएर बसेका थिए । प्रश्रितका अनुसार त्यति बेला पन्ध्र रुपियाँले उनीहरू तीन जनाले सत्र दिन पालिनुपरेको थियो । त्यस बेला उनीहरू भटमास र चनाका गेडा टोक्तै पेटभरि पानी खाएर सुत्ने गर्थे । प्रश्रितले पछिसम्म पनि भने– 'त्यस्तो अवस्थामा बाँचेका पुष्पलालले घरपरिवारका लागि के गर्न सक्थे र ?'

घरको अप्ठचारो आर्थिक अवस्था सोचेर सहाना प्रधान झोक्राउने पनि गर्थिन् । प्रवासमा बसेर राष्ट्रको राजनैतिक परिवर्तनका लागि क्रान्तिमा लागेका पति, अध्ययनको बीचमा पुगेका छोराछोरी र घरव्यवहार कसरी धान्ने भन्ने पीडाले त्यस घडी उनलाई बेसरी डस्न थालेको थियो । त्यस घटनाको ज्वालामा भतभती उम्लँदै उनले भनेकी थिइन्– 'मेरो त अडेस लाग्ने ठाउँ पनि कतै छैन ।'

प्राध्यापनबाट विमुख पारिएकी सहाना प्रधानले टचुसन पढाउन थालेपछि उनको आम्दानी बढ्दै जान थालेको थियो । त्यसै समयमा उनका छोराले पनि जागिर भेटेका थिए । त्यसपछि छोराले चाहिँ आमाले पढाउँदै गरेको टचुसन जबरजस्ती छाड्न लगाएका थिए । छोराले जागिर खान थालेपछि पनि सहानालाई एउटा ठूलो पीर भने

परेको थियो । त्यो पीर के थियो भने उनले आफ्नो छोराको पढाइ बीए स्तरमा नै थन्क्याउनुपरेको थियो । घरको आर्थिक अवस्थाका कारणले छोरालाई एमए पढाउने उनको धोको भने अधुरो नै रहेको थियो ।

सहाना प्रधान आफ्ना छोराछोरी बढाउन, पढाउन र जोगाउन उद्धत थिइन् । साथै उनले खाइनखाई जोगाएर राखेको पैसाले जग्गा किनेकी थिइन् । आफ्नो मात्र थैलीमा बाँधेको रकमले नपुगेर उनले त्रिभुवन विश्वविद्यालयबाट पाँच हजार रुपियाँ पेस्की लिएकी थिइन् । त्यो सबै धन भेला पारेर उनले सानेपामा आधा रोपनी जग्गा किनेकी थिइन् । साथै ठहिँटीको घरसमेत बेचेर उनले २०४२ सालमा त्यही जग्गामा नयाँ घर बनाएकी थिइन् ।

जतिसुकै आर्थिक सङ्कटले रिङ्ग्याउँदा पनि सहाना प्रधानले अर्काको सम्पत्तिमा कहिले आँखा गाडिनन् । उनले आफ्नो पसिनाको कमाइबाहेक कसैको लोभ गरिनन् र कसैउपर लालच पनि राखिनन् । उनी दलको हर्ताकर्ता हुँदा पनि उनले कतैतिरबाट एक पैसा पनि नाजायज धन लिइनन् । मन्त्री हुँदा पनि उनले शुद्ध पारिश्रमिक मात्र लिएकी थिइन् । त्यसैले नेपाली समाजमा उनी पवित्र, मर्यादित र आदरणीय रूपमा परिचित भइन् । इमानका कारण उनका विरोधीले पनि उनको विरोधमा बेठी लगाउन सकेनन् ।

# सहाना प्रधानको सोख

सहाना प्रधान हरेक कुरामा चाख राख्ने गर्थिन् । उनका लागि रुचि नभएको कुनै विषय नै थिएन । उनलाई कला, संस्कृति, इतिहास, भूगोल, विज्ञान, राजनीति, अर्थशास्त्र आदि विषयको ज्ञान थियो । तर अत्याधिक रूपमा चाहिँ उनी शिक्षा र राजनीतिप्रति मुखरित थिइन् । नाटकदेखि घोडचढीसम्म र यात्रादेखि भाषण गर्नसम्म उनको सोखको विषय थियो । त्यही क्रममा उनले २०१० सालमा नाटकमा पनि अभिनय गरेकी थिइन् । नाटचसम्राट् बालकृष्ण समको निर्देशनमा त्यस बेला उनले केटाको भूमिकामा अभिनय गरेकी थिइन् । उनी नाच्न पनि सिपालु थिइन् । पार्टीका कार्यक्रमहरूको सांस्कृतिक कार्यक्रममा उनी नाच्ने पनि गर्थिन् । साथै शान्ति मास्केको निर्देशनमा पनि उनले आफ्नो अभिनय देखाएकी थिइन् ।

•

सहाना प्रधान खुबै राम्रो पौडी खेल्थिन् । उनी आफ्नो समयकी जलपरी नै थिइन् । साथै उनी घोडचढीमा पनि सोखिन थिइन् । त्यसै सन्दर्भमा उनी पोखरामा बसेका बेला उनले घोडा पनि चढिन् । पोखरामा रहँदा घोडा चढ्नु उनको दैनिकी जस्तै थियो । क्रमश: उनीमा घोडा चढ्ने बानी परिसकेको थियो । तर त्यसै बेला एक दिन उनलाई घोडाले फालेको थियो । त्यस घडी उनी सेती नदीमा पर्नबाट जोगिएकी थिइन् । त्यसपछि चाहिँ उनले घोडा चढ्न कान समाएकी थिइन् ।

•

सहाना प्रधान घर, परिवार र समाज स्वच्छ, शिक्षित र न्यायिक हुनुपर्छ भन्ने धारणा राख्थिन् । उनलाई जे कुरा पनि शुद्ध, सफा र स्पष्ट भएको मन पर्थ्यो । मनमा एउटा कुरा र मुखबाट अर्को बोली बोल्ने मान्छेसँग उनी टाढै बस्न रुचाउँथिन् । उनी पनि चाहिँदो कुरा नै बोल्थिन् । उनी जति कुरा बोल्थिन्, आफूले बोलेको कुरा ताकतले भ्याएसम्म पुऱ्याउन नै प्रयास गर्थिन् । उनी खड्गप्रसाद वलीजस्तो उखान छाँटेर जनता फुल्याउने कुराको विरोधी थिइन् । पतरपतर गरेर जगाभाबी बोल्ने उनीमा कला नै थिएन । कोही बोलिरहने मान्छेसँग नजिक हुन थालिन् भने उनी तिनलाई किताप पढ्न सुझाव दिन्थिन् । अर्कालाई होच्याउने, अरूको कुरा काट्ने र अरूको हितविपरीत लाग्ने मान्छेसँग उनी टाढा थिइन् ।

सहाना प्रधानसँग साना, ठूला जति नजिक हुन्थे तिनीहरूलाई उनी कथा सुनाउने, आफ्नो जीवनकथाका रोचक घटना सुनाउने र देशविदेशको वर्णन गर्ने गर्थिन् । खास गरेर उनी बर्माको घटना भनेरचाहिँ थाक्तिन् थिइन् । उनी सबैलाई ज्ञान, सीप र अधिकारका कुरा गर्थिन् । उनी अरूलाई हँसाउने कुरा गर्थिन् । तर उनी हाँस्न मन गर्दिन थिइन् । अरूले चाहिँ उनीसँग खुलेर बोल्नुपर्थ्यो । तर उनी आफ्नो पेट अरूलाई त्यतिसारो बाँड्दिन थिइन् । उनी खाने, बस्ने, सुत्ने, उठ्ने कुरामा पनि अरूहरूलाई शिक्षा दिन्थिन् । उनी आफू पनि यी कुरामा अनुशासित थिइन् । उनको सबैभन्दा ठूलो विशेषता के थियो भने उनी घरव्यवहारमा खुबै पारङ्गत थिइन् । सहाना प्रधानलाई आफ्नो घर, कोठा सजाउने सोख थियो । उनको घर जति सफासुग्घर हुन्थ्यो उनको घरप्रतिको दायित्व पनि त्यतिकै अब्बल देखिन्थ्यो । उनी घरको साजसज्जा गर्न मन पराउँथिन् ।

सहाना प्रधानलाई भान्साको काम खुबै मन पर्थ्यो । उनी घरमा आफ्नो खाना आफैँ पकाउने गर्थिन् । उनलाई आफू खानभन्दा

अरूलाई खुवाउने सोख थियो। उनी परिकारपरिकारका खानेकुरा बनाएर पाहुनाको स्वागत गर्थिन्। घरमा आउने पाहुनाहरूलाई उनी खाना, खाजा वा चिया भए पनि नखुवाई घरबाट बिदा दिन सक्तिन थिइन्। उनी आफन्त, साथी, घनिष्ठ इष्टमित्रका घरमा पनि परेको खण्डमा खानेकुरा पकाउने गर्थिन्। उनी जुनजुन देशमा जान्थिन्, त्यहाँत्यहाँको खानेकुरा पकाउन सिकेर स्वदेश आउने गर्थिन्।

जेलमा बस्ता पनि सहाना प्रधान आफूभन्दा साना नारीहरूलाई आफैँ पनि चिया पकाएर खुवाउने गर्थिन्। सहाना प्रधानले उनीहरूलाई स्नेह दिन्थिन्। उनी तिनीहरूलाई प्रोत्साहन दिएर कुरा गर्थिन्। उनी आफूलाई मन परेका नारीसँग घाँटी जोड्थिन्। उनीहरूका लागि जेसुकै परे पनि उनी आफूले सकेको सहयोग पनि गर्थिन्। वास्तवमा उनी परोपकारकी पनि एउटी नमुना थिइन्।

सहाना प्रधान कहिले आफ्नै रुचिअनुसार विविध परिकारका खानेकुरा पकाउने गर्थिन्। उनी सादा खान्थिन्, सादा लगाउँथिन्, सादा बोल्थिन् र सादा व्यवहार गर्थिन्। उनलाई खद्धरका कपडा मन पर्थ्यो। उनी सधैँ सादा जीवनमा नै हिँडिन्। तर उनको विचार उच्च थियो। भनौँ, उनी सादा जीवन उच्च विचारकी कुवेर थिइन्।

सहाना प्रधानको सबैभन्दा ठूलो विशेषता के थियो भने उनी दृढ आत्मविश्वास भएकी नारी थिइन्। उनी गर्छु भनेको कुरा गरेरै छोड्थिन्। यदि उनले त्यो काम तुरुन्तै सम्पादन गर्न सकिनन् भने पनि पछिल्ला दिनमा उनले त्यो काम पूरै गरेर छाड्ने प्रयास गर्थिन्। अडानमा उभिन सक्ने उनको अर्को मुख्य विशेषता थियो। त्यही विशेषताले नै धेरै मान्छे उनीसँग नजिक पनि थिए र त्यही कारणले धेरै मान्छे उनीसँग पर पनि सरे।

सहाना प्रधान घरमा कहिले पनि हात बाँधेर बसिनन्। उनी आफ्ना घरको करेसाबारीमा आफैँ फलफूल र तरकारी रोप्थिन्।

उनी आफ्नै बारीमा उम्रेका तुलफूलमा गर्व मान्थिन् । उनी कोठेबारीमा काम गर्न पाएपछि त्यतै रमाउने गर्थिन् । जति सीप भए तापनि उनीसँग घमन्डचाहिँ पटक्कै थिएन, बरु उनीभित्र त्याग थियो ।

सहाना प्रधानको सबैभन्दा ठूलो गुण के थियो भने उनी सबै लिङ्ग, जात, धर्म, राजनीतिक विचारकसँग शिष्टाचार राख्न पारङ्गत थिइन् । वास्तवमा जुनसुकै विचारका मान्छे भए तापनि उनलाई केही फरक पर्दैनथ्यो । उनी कम्युनिस्ट सिद्धान्तकी चट्टान थिइन्; तर बौद्धिक, क्रियाशील र सकारात्मक सोच भएका जुनसुकै सिद्धान्तका मान्छेहरूको पनि उनी कदर गर्थिन् । उनी भन्थिन्– 'हरेक मान्छेमा केही न केही गुण, विशेषता र क्षमता हुन्छ । मान्छेहरू भनेका साझा फूलबारी हो । बगैँचामा एउटा मात्रै फूल फुल्यो भने त्यति शोभा दिँदैन जति धेरै फूलहरू भएको बगैँचाले दिन्छ ।' उनलाई फूलमा गुलाफको फूल मन पर्थ्यो । त्यसैले घरमा आएका नारीहरूलाई अवस्था हेरेर उनी फूल उपहार दिने गर्थिन् । उनको मनले खाएका नारीहरूलाई चाहिँ उनी गुलाफकै फूल टिपेर कपालमा सिउरि पनि दिन्थिन् ।

सहाना प्रधानको रुचि विविध क्षेत्रमा थियो । बाहिरका मान्छेले देख्ता उनको व्यक्तित्व सधैँ पूर्ण नै पाउँथे । वास्तवमा उनले दैनिक गर्ने योग, न्यास, ध्यानले उनीभित्र थप शक्तिको सञ्चय भएको हुन्थ्यो । आफ्नो संस्कृतिअनुसार चाडबाड मान्ने र पूजापाठ गर्ने विषयमा पनि उनको लगाव थियो । उनी मूर्तिपूजामा विश्वास गर्थिन् । पितृहरूको श्राद्ध गर्न पनि उनी निपुण थिइन् । उनकी छोरी उषा श्रेष्ठका अनुसार उनी हरदिन आधा घण्टा ध्यान गर्थिन् ।

सहाना प्रधानलाई पढ्न खुबै रुचि थियो । उनी पढ्न पाएपछि समय बितेको पत्तो पाउँदिन थिइन् । उनीको प्राज्ञिक र राजनीतिक दुवै विषयमा गहिरो रुचि थियो । जनसम्पर्क गर्ने उनको प्रमुख कला मानिन्थ्यो । उनी जुन काममा लाग्थिन् एक चित्तले लाग्थिन् । गाल

टार्ने, आँखामा छारो हाल्ने र अल्छी मान्छे उनलाई मन पर्दैन थिए । उनी जुनसुकै बेला पनि जाँगरिली हुन्थिन् । उनका लागि बोलीभन्दा काम प्यारो हुन्थ्यो ।

सहाना प्रधान नेपाली र अङ्ग्रेजी भाषामा बराबरी दक्ष थिइन् । उनले अङ्ग्रेजी भाषामा बोल्दा, लेख्ता र भाषण गर्दा देख्नेहरू आह्लादित नै हुन्थे । उनी बोल्दा स्टेट फर्डवर नै देखिन्थिन् र उनी त्यस्तै पनि थिइन् । नेपाल कम्युनिस्ट पार्टीको इतिहासमा विविध प्रकारका रुचिले ओतप्रोत नेता उनीजस्तै अरू देखा परेको पाइएन पनि भनिन्छ ।

सहाना प्रधान सरल व्यवहारकी धनी थिइन् । उनी आफ्नो शारीरिक शृङ्गारमा ध्यान दिन्न थिइन् । कपडा लगाउँदा पनि भड्किलो रङ भने उनी मन पराउँदिन थिइन् । तर उनलाई सफाचाहिँ चाहिन्थ्यो । उनी जति सरल थिइन्, उनको पोसाक पनि त्यतिकै साधारण हुन्थे । उनको निधारमा जहिलेसुकै पनि रातो टीकाचाहिँ टाँसिएकै हुन्थ्यो । उनी दिगो, शाश्वत र शालीन विषयलाई मात्र कदर गर्थिन् । नेपाली साहित्यका महारथी प्राध्यापक राजनारायण प्रधानका शब्दमा भन्नुपर्दा 'उनी प्रकृतिवादी थिइन्, जुन कहिल्यै नास हुँदैन ।'

# सहाना प्रधानको जागिरमा आगो

सहाना प्रधान आफ्नो प्राध्यापकीय सेवामा सधैँ दत्तचित्त भएर लागिरहेकी हुन्थिन् । उनका लागि उनका विद्यार्थी अति प्रिय हुन्थे । आफ्ना विद्यार्थीको पढाइको श्रीवृद्धिका लागि मात्रै उनको मन गएको हुन्थ्यो । उनी आफ्नै शैक्षिक निष्ठामा बाँधिएकै बेला २०३२ सालमा देशमा विद्यार्थी आन्दोलन चर्किरहेको थियो । त्यस बेला उनीप्रति विद्यार्थी भड्काउनेमा शङ्का भइरहेको थियो । उनलाई विविध ठाउँबाट धम्की पनि जान थालेको थियो । उनको जागिर जाने झन्डै पक्कै भइसकेको थियो । उनले यो कुरा थाहा पाएपछि उनी धेरै तनावमा रहिन् । त्यसपछि उनी आफ्नो जागिर बचाउका लागि रजिस्टारसमक्ष पुगिन् । त्यति बेला रजिस्टारचाहिँ जगतमोहन अधिकारी थिए । रजिस्टार जगतमोहन अधिकारी भन्नु सहाना प्रधानका भिनाजू मनमोहन अधिकारीका भाइसमेत भएकाले उनले आफ्नो जागिर थाम्न अधिकारीसमक्ष केही अनुनय र विनय पनि गरिन् । तर आफूले पनि यस मामलामा केही गर्न नसक्ने भनेर जगतमोहन अधिकारीले सहाना प्रधानलाई जबाफ दिएका थिए । जगतमोहन अधिकारीका संवाद सुनेर सहाना प्रधान अब मेरो जागिर जाने नै भयो भनेर पानीपानी भएकी थिइन् । अनि केही दिनपछि उनका घरमा अवकाशको पत्र पनि पुग्यो । त्यो पत्र पढेर उनी छाँगाबाट खसेसरी भइन् ।

प्राध्यापक सहाना प्रधानले २०१८ सालदेखि कलेजमा पढाउन थालेकी थिइन् । एमए पास गरेपछि उनले सुरुमा नै त्रिचन्द्र कलेजमा

पढाउन थालेकी थिइन् । साथै सरकारी नर्मल तालिम स्कुलमा पढाएको अवधि पनि जोडिने त्यस बेला त्रिभुवन विश्वविद्यालयको नियम थियो । त्यसैले थप पाँच महिनासम्म मात्र पनि उनी विश्वविद्यालयको सेवामा टिक्न सकेकी भए उनले आजीवन पेन्सन पाउने थिइन् । तर बीसौँ वर्ष शिक्षासेवा गर्दा पनि उनका हातमा केवल सुन्ना मात्र परेको थियो । वास्तवमा प्राध्यापन पेसाबाट अचानक हात धोएपछि उनलाई सारै नमज्जा लागेको थियो । त्यस घटनाले उनी एक्लै बसेर रोएकी थिइन् । प्राध्यापनकै सेवामा रहन नपाएपछि आवासगृहमा बस्ने उनको हक पनि थिएन । त्यतिखेर उनका छातीमा बेजोडको बाणले प्रहार गरेको उनीमा अनुभूत भएको थियो ।

पञ्चायती व्यवस्थाको विरोध गर्नेहरूमध्ये २०३२ सालमा त्रिभुवन विश्वविद्यालयबाट सहाना प्रधानसँगै सेवाबाट बर्खास्त हुनेहरूमा वासुदेवचन्द्र मल्ल, हिरण्यलाल श्रेष्ठ, अर्जुननरसिंह केसी, दुर्गा पोखरेल, केदारभक्त माथेमा, वीरेन्द्रभक्त श्रेष्ठ, नूतन थपलिया, पीताम्बर दाहाल, राजेश्वर आचार्य, भीमसेन थापालगायत सत्र जना प्राध्यापक थिए । जागिरबाट हटाइएपछि सहाना प्रधानको जीवनमा चाहिँ अचाक्ली चोट परेको थियो । त्यस व्यथामा डुबेर उनी धेरै दिनसम्म रोएकी थिइन् ।

सहाना प्रधानको जागिर खोसिएको खबर अरूहरूबाटै पुष्पलालले भारतमा नै थाहा पाइसकेका थिए । त्यो सूचना पाएपछि उनले उतैबाट सहानालाई पत्र लेखेर पठाएका थिए– ‘म अत्यन्तै खुसी छु । अब तिमी स्वतन्त्र भयौ र हामी सँगसँगै भएर काम गर्न सक्छौँ ।’ सहानाका पतिले उनको असहाय अवस्थामा ढाडस दिन उनलाई भनेका त थिए । तर व्यवहारमा सहाना प्रधानलाई धेरै कष्ट थियो । त्यतिखेर उनी के गरौँ र कसो गरौँ भन्ने अवस्थामा पुगिसकेकी थिइन् । त्यसपछि उनी भावनात्मक रूपले शिथिल हुँदै

जान थालेकी थिइन् । त्यसै प्रसङ्गमा उनले बिलौना पनि गरिन्– 'छोराछोरी दुवै जना स्नातक स्तरको अन्तिम परीक्षाका लागि पढ्दै थिए । यिनीहरूलाई अब कसरी पार लगाउने ? घर कसरी धान्ने ? आर्थिक समस्या कसरी टार्ने ?' विश्वविद्यालयको जागिरले निर्धक्क घरसंसार चलाइरहेकी सहाना प्रधानलाई जागिरबाट गलहत्याइएपछि उनको जीवनमा आर्थिक भुइँचालो नै आएको थियो । तर यति हुँदाहुँदै पनि उनले हरेसैचाहिँ खाइसकेकी थिइनन् । किनभने साहसको अर्को नाउँ 'सहाना' थियो । त्यसैले उनले हिम्मतै हार्न जानिनन् । त्यसपछि उनले टच्युसन पढाएर भए पनि घरखर्च चलाउन थालिन् । केही समयपछि साथीका घरमा कुखुरा पालेर पनि उनले आर्थिक जोहो गर्न थालेकी थिइन् ।

सहाना प्रधानले शिक्षासेवामा आफ्नो तन र मन अर्पेकी थिइन् । उनी प्राध्यापन पेसासँग गौरवीबोध गर्थिन् । उनका विद्यार्थीले पनि सहाना प्रधानजस्ता गुरुआमाका हामी चेलाचेली हौँ भनेर गौरव मान्थे । तर त्यति उच्च कोटिकी गुरुआमाको योग्यतामाथि त्यही शिक्षाले तीखो बाण प्रहार गरेको थियो । वास्तवमा नै उनी माथिल्लो स्तरकी गुरुआमा थिइन् । तर पञ्चायती व्यवस्थाले उनीमाथि राजनीतिक आरोप लगाएर तल्लो स्तरको खेला देखाएको थियो । प्राध्यापकमा हुने प्राय: सम्पूर्ण गुण उनीमा मौजुद थियो । कलेजमा दशौँ वर्ष उनीसँगै प्राध्यापन गरेकी उनकी साथी चाँदनी जोशीले उनीबारे बयान पनि दिइन्– 'सहाना दिदी कडा अनुशासनमा बस्न रुचाउँथिइन् । उनले आफ्नो राजनीतिलाई पेसामा घुसाउने काम गरिनन् । राजनीति उनको व्यक्तिगत दर्शन थियो । पेसा र राजनीतिलाई आआफ्ना ठाउँमा सुरक्षित राख्ने उनको क्षमता र गुण मैले पाएकी थिएँ । उनले हामीसँग खुलेर राजनीतिका कुरा निकालेको मलाई थाहा छैन ।' तर अन्धाहरूले त्यस्ती समर्पित प्राध्यापकको जागिरमा अनायासै आगो लगाइदिएका थिए । अन्तत:

त्यही दनदनी बलेको आगोले पञ्चायती शैलीलाई पनि खरानी पारिदिएको थियो ।

सहाना प्रधानको प्राध्यापन सेवा राजाबाट सञ्चालित पञ्च सरकारको इकाइ अर्थात् त्रिभुवन विश्वविद्यालयले उखलेको बेहोरा पञ्चायत समर्थक कुनै पनि बुद्धिजीवीले मन पराएका थिएनन् । आफ्नो कार्यकालमा राजा वीरेन्द्रले राष्ट्रका नाउँमा कुनै त्यस्तो दूरदर्शी सोच अपनाएको देखिएको थिएन । राजा वीरेन्द्र दरबारलाई अयोग्य भाटहरूको भर्ती केन्द्र बनाउन नै सक्रिय देखिएका थिए । साथै तिनै दरबारिया भाटहरूको बुद्धिबाट उनी शासन परिचालनमा लागे । जसले गर्दा उनले राष्ट्रका नाउँमा समयको दुरूपयोग गर्नेदेखि बाहेक त्यतिसारो ठोस काम गरेको पनि पाइएन । बरु सहाना प्रधानहरूजस्ता निष्ठावादी प्राध्यापकहरूको जागिर खोसेर राजाको सरकारले नगर्नुको पाप गरेको थियो । त्यति राम्रो मानिएको पञ्चायती व्यवस्था पनि त्यसका सञ्चालकका गैरचेतनाले सहाना प्रधानहरूका रगतका आँसु चाखेको थियो । सहाना प्रधानहरू जस्तामाथि अन्याय गरिएका यस्ता अन्य धेरै तथ्य जोडिएर पनि त्यस व्यवस्थाले खरानी हुनुपरेको थियो ।

सहाना प्रधानहरूको प्राध्यापकीय सेवामा आगो लागेपछि बौद्धिक जगत्ले शासकलाई आआफ्नै ढङ्गले धिक्कारेका थिए । त्यही क्रममा उनीसँगै जागिर खोसिएका हिरण्यलाल श्रेष्ठले भने– 'सहाना प्रधान आफ्नो कर्तव्यमा जुटेकी थिइन् । निष्ठाका कारण प्राध्यापन पेसामा उनको नाउँ चलेको थियो । तर उनी आफ्नो पेसाप्रति खुबै उत्तरदायी र इमानदार थिइन् । पुष्पलालप्रतिको रिसले उनको जागिर फाल्नुपर्ने कुनै कारणै थिएन । त्यस बेला उनीजस्ता निर्दोष प्राध्यापकको जागिर उखलेर सरकारले घोर अन्याय गरेको थियो ।'

# सहाना प्रधानलाई पतिशोक

सहाना प्रधान र पुष्पलाल दिल्लीमा थिए । त्यसैबीच पुष्पलाल बिरामी परे । उनी लरतरो बिरामी पर्दा टेरपुच्छरै लगाउँदैन थिए । त्यसैले बिरामी परेका बेला पनि उनले दौडधुप गर्ने काम छाडेका थिएनन् ।

'आराम गर्नु नि ! शारीरिक यन्त्रले पनि कतिन्जेल थाम्छ ?' आफ्ना पतिको खिइँदो अवस्था देखेर त्यतिखेर सहानाले भनेकी थिइन् । 'अन्नपानीको शरीर हो, कहिलेकाहीँ यस्तै हुन्छ' भनेर पुष्पलालले आफ्नी पत्नीलाई जबाफ फालेका थिए । बिरामी भएर सुत्दै, बस्तै, उठ्तै गर्दा पुष्पलाललाई केही आराम भएजस्तै भएको थियो । अनि उनी अर्ध बिरामी शरीर लिएर दरभङ्गामा हुने कम्युनिस्टको सभामा भाग लिन गएका थिए । त्यस बखत सहानाले जति जोड गरे पनि उनी रोकिएका थिएनन् । उनका लागि जिउभन्दा कर्तव्य ठूलो मानिन्थ्यो ।

पुष्पलाल रोगलाई नटेरी दरभङ्गा पुगे । तर त्यहाँ पुगेपछि उनी थला परेका थिए । उनी सिकिस्त भएपछि उनले बनारसमा भएका आफ्ना अति हितैषी गोविन्द ज्ञवालीलाई बोलाएका थिए । ज्ञवाली पनि दरभङ्गा पुगे । त्यसपछि पुष्पलाललाई अस्पतालमा भर्ना गरियो । केही दिनपछि सहाना प्रधानलाई गोविन्द ज्ञवालीले 'पुष्पलाल दरभङ्गा अस्पतालमा भर्ना हुनुभएको छ' भन्ने समाचार पठाएका थिए । उक्त समाचार सुनेपछि सहाना प्रधान नराम्रोसँग आत्तिएकी थिइन् ।

'पुष्पलालका लागि दरभङ्गामा राम्ररी उपचार हुन सक्ने सम्भावना रहेन । 'उहाँलाई लिएर हामी दिल्ली नै आउँदै छौँ ।' फेरि पनि सहाना प्रधानलाई गोविन्द ज्ञवालीले समाचार पठाएका थिए ।

पुष्पलाललाई उपचारका लागि दरभङ्गाबाट रेल चढाएर दिल्ली पुऱ्याइएको थियो । त्यति बेला पनि पुष्पलालको सम्पूर्ण हेरचाह गर्ने गोविन्द ज्ञवाली नै थिए । दिल्लीमा पुगेपछि स्थानीय राममनोहर लोहिया अस्पतालमा पुष्पलाललाई भर्ना गरिएको थियो । त्यस अस्पतालमा उनको बिराम पत्ता लगाउन नै चार दिन लागेको थियो । त्यस अस्पतालले उनको मुटुसम्बन्धी रोग भएको बेहोराको नतिजा दियो । अनि त्यसपछि मुटु रोगको विशिष्टता हासिल गरेको गोविन्दवल्लभ अस्पतालमा उनलाई पुऱ्याइएको थियो ।

पुष्पलालको नाउँचाहिँ ठूलो थियो तर आयस्ता थिएन । उनको मन ठूलो थियो तर उनीसँग धन भने थिएन । उनी जति माथिल्ला कोटिका बौद्धिक थिए, आर्थिक रूपमा महाकमजोर थिए । त्यसैले उनी त्यस अस्पतालको साधारण शय्या भनौँ, जनरल वार्डमा नै भर्ना भएका थिए । त्यहाँ उनलाई हेर्न चन्द्रशेखर (पछि भारतका प्रधानमन्त्री) पनि अस्पतालमा आएका थिए । पुष्पलाल तथा सहानाकी छोरी उषा श्रेष्ठका अनुसार अस्पतालका प्रमुखलाई चन्द्रशेखरले भनेका थिए– 'पुष्पलाल हाम्रो साथी हुनुहुन्छ । उहाँलाई क्याबिनमा राख्नुपर्छ ।' चन्द्रशेखर बोलेपछि पुष्पलाललाई उच्चस्तरीय कक्ष अथवा भनौँ, क्याबिनमा तुरुन्तै सारिएको थियो । केही दिनपछि उनलाई झन् गाह्रो हुन थालेको थियो । त्यसपछि उनलाई आईसीयुमा राखिएको थियो । त्यही बेला चन्द्रशेखरले 'तपाईंलाई विदेश लानुपर्ने भयो र अब हामी हाम्रैतर्फबाट तपाईंलाई विदेश पठाउँदै छौँ' भनेका थिए । तर पुष्पलालले चन्द्रशेखरको प्रस्तावलाई अस्वीकृत गरिदिएका थिए । किनभने पुष्पलालले त्यस बेला भारतीय नेताका कारण विदेशमा गएर औषधि उपचार गर्दा आफ्नो स्वाभिमानमा असर पर्ने बेहोरा महसुस गरेका थिए ।

आईसीयुमा पुष्पलाललाई निकै कष्ट भइरहेको थियो । उनको त्यो कारुणिक दृश्यको साक्षी सहाना प्रधान थिइन् । त्यस बेलाको दृश्यका कारण हरपल सहानाका छातीमा पीडाको भँगालो बगिरहने गर्थ्यो । त्यस बखत उनले आफूलाई सम्हालेर पुष्पलालको सेवा गरिरहेकी थिइन् । पुष्पलाललाई स्वाँस्वाँ भइरहेको थियो । उनी बोल्न पनि नसक्ने अवस्थामा थिए । एक पटक उनले आफ्नो मास्क आफैँले खोलेर सहानासामु स्वाँस्वाँ गर्दै बोलेका थिए– 'सहाना ! तिमी...ला...ई मै...ले दुक...ख मात्र दि...एँ । तिम्रो नि...म्ति मै...ले के...ही ग..र्न सकि...नँ । अब अ...गाडि...का काम...पक्कै पनि ति...मीले ग...र्छौ होला ।'

पुष्पलालका वाणी सुनेर सहानालाई त्यस बेला नमीठो लागिरह्‍यो । पुष्पलालको संवादले उनको पेट निचोरिएको थियो । त्यस क्षण उनको मनको बाँध बेजोडले फुटेको थियो । पतिका अगाडि उनलाई आफ्नो मन थाम्न सारै कठिन भएको थियो । अनि उनी कोठाबाहिर आइन् । पुष्पलाल जाने भए भन्ने त्यतिन्जेलमा उनीमा आभास आइसकेको थियो । टिलपिलटिलपिल उनका आँखाबाट आँसु झरिरहेका थिए । त्यसै बेला गिरिजाप्रसाद कोइराला र शैलजा आचार्य पनि पुष्पलाललाई हेर्न अस्पताल पुगेका थिए ।

अस्पतालमा आएका पाहुनापासासँग बोलेर सहाना प्रधान आईसीयुभित्र पसेकी थिइन् । त्यति खेरसम्ममा उनका पति पुष्पलालको स्वर्गारोहण भइसकेको थियो । २०३५ साल साउन ७ गते बिहानको १० बजे नेपाल कम्युनिस्ट पार्टीका प्रवर्तक पुष्पलालले आफ्नो देह त्याग गरेका थिए ।

पुष्पलालको निधनपछि चन्द्रशेखरका निजी सचिव गोविन्दवल्लभ अस्पतालमा पुगेका थिए । चन्द्रशेखरकै आग्रहअनुसार पुष्पलाल क्याबिनमा बसेका हुँदा अस्पतालमा लागेको सम्पूर्ण रकम उनैले तिर्न उनले आफ्ना सचिवलाई पठाएका थिए । अस्पतालमा

तिर्नुपर्ने रकम सहानाले नै जोहो गरेकी थिइन् । त्यसैले सहानाले चन्द्रशेखरका निजी सचिवलाई धन्यवाद दिँदै भनेकी थिइन्– 'पैसा म नै तिर्छु । उहाँको इच्छा पनि त्यही नै थियो ।' तर चन्द्रशेखरका निजी सचिवले त्यो पैसा चन्द्रशेखरकै तर्फबाट तिर्नुपर्नेबारे सहाना प्रधानलाई सम्झाएका थिए । अन्ततः चन्द्रशेखरकै तर्फबाट अस्पतालमा लागेको सम्पूर्ण खर्च बेहोरिएको थियो ।

पुष्पलालको निधन भएको भोलिपल्टै दिल्लीको निगमवोधघाटमा उनको दाहसंस्कार गरिएको थियो । उनलाई अन्तिम श्रद्धाञ्जली चढाउन र सहाना प्रधानलाई समवेदना दिन दिल्लीमा नै उपचार गरिरहेका गणेशमान सिंह, तुलसीलाल अमात्य, हिक्मतसिंह भण्डारी र पछिल्लो समयमा 'गद्दार पुष्पलाल' भन्नेहरू पनि निगमवोधघाट पुगेका थिए । साथै चन्द्रशेखरलगायत भारतीय नेताहरूको पनि घाटमा उपस्थिति थियो । स्मरण रहोस्– उपचारका क्रममा आठ वर्षअघि अर्थात् २०२७ सालमा दिल्लीमा नै निधन भएका पुष्पलालका बुबा भक्तलाल श्रेष्ठलाई पनि सोही निगमवोधघाटमा दाहसंस्कार गरिएको थियो ।

पुष्पलालको पार्थिव शरीर नेपालमा ल्याउन सहानाले इच्छा प्रकट गरेकी थिइन् । तर तत्कालीन सरकारबाट त्यो बेहोरालाई अस्वीकृत गरिदिएको थियो । कतिसम्म भने उनको अस्तुसम्म पनि नेपाली माटोमा छुवाउन प्रतिबन्ध नै गरिएको थियो । यति हुँदाहुँदा पनि उनको अस्तु नेपालमा भित्रिएको थियो । दुर्गा पौडयालका अनुसार 'एक जना कर्मठ साहसी योद्धा आर.सी. चापागाईंबाट पुष्पलालको अस्तुसम्म देशभित्र ल्याउने काम भएको थियो ।'

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलालको निधनले त्यतिखेर नेपाली राजनीतिमा बादल लागेको थियो । साथै त्यस दिन नेपालका निष्ठावादी वामपन्थीहरूका आँखा रसाएका थिए । त्यस घटनाले उनीहरूको शिरको टोपी खसेको थियो । त्यति मात्र

होइन, उनीहरूले आफ्नो आकाश रित्तो देखेका थिए । वास्तवमा नेपालका अर्का एउटा राजनेताको निधनले पृथ्वीभरि दु:खद सन्देश सम्प्रेषण भएको थियो ।

पुष्पलालको निधनमा धेरैले धेरै कुरा बके । दुर्गा पौडयालका शब्दलाई अघि सारेर भन्ने हो भने– 'पुष्पलालको मृत्युपछि उनलाई गाली गर्नेहरूले पनि उनको सम्मान गर्न थाले र उनका नाउँमा छुट्टाछुट्टै स्मृतिदिवस मनाउन थाले ।' अनि उनका बीसौँ वर्षका दुक्खसुक्खका सहयोगी गोविन्द ज्ञावालीले चाहिँ भनेका थिए– 'पुष्पलाल बाँचुन्जेल असफल र अभागी मानिए तर उनी मरेपछि सफल र भाग्यमानीमा दरिए ।'

# सहाना प्रधानको स्वदेश यात्रा र केही कम्युनिस्ट कर्मी

सहाना प्रधानको रुचिको विषय भ्रमण पनि थियो । त्यसैले देशका विविध गाउँठाउँको भ्रमण गर्न पनि उनलाई जुरेको थियो । उनी केवल भ्रमण मात्र गर्दिन थिइन्; गएका ठाउँहरूबाट केही सिकेर पनि आउँथिन् । भ्रमणकै क्रममा उनले नेपालका चौधै अञ्चलको भ्रमण गरेकी थिइन् । घरबाहिर जाँदा उनी सकेसम्म होटेलमा बस्न मन गर्दिन थिइन् । जिल्लातिर जाँदा उनी प्राय: साथी, आफन्त र दलका कार्यकर्ताका घरमा बस्न मन गर्थिन् । उनी जहाँजहाँ जान्थिन् त्यहीँत्यहीँ उनी आत्मीयता दिन्थिन् र आत्मीयता पनि लिन्थिन् । यसै परिवेशको उदाहरणका लागि भन्ने हो भने रूपन्देहीका मदनलाल पौडयाल र दुर्गा पौडयालको घर पनि सहाना प्रधानले आत्मीय घर जस्तै मानेकी थिइन् ।

मदनलाल पौडयालका बुबा यज्ञलाल पौडेल पनि म्यान्मामा नै जन्मी, हुर्की, बढेका रहेछन् । अनि उनको सहाना प्रधानका बुबासँग पनि गाढा सम्बन्ध रहेछ । यज्ञलाल पौडयालसँग म्यान्माका थप कुरा सुन्न सहाना लालायित हुने गर्थिन् । त्यसैले उनी त्यतातिर जहिले गए पनि त्यही घरमा नै बास बस्ने गर्थिन् । वास्तवमा साहनाका लागि पौडयालनिवास प्रिय हुने अर्को कारण पनि थियो । त्यो के हो भने– मदनलाल पौडयाल नेपाल कम्युनिस्ट पार्टीका समर्पित, निष्ठावान् र बफादार कार्यकर्ता थिए । उनी सधैँ त्यसै

पार्टीमा अटल रहे । त्यति मात्र होइन उनी पुष्पलालका धेरै नजिकका बुद्धिजीवी थिए । साथै उनी आफ्ना गुरुझैं निर्लोभी पनि थिए । नेपालमा कम्युनिस्टहरूले घरीघरी शासन गर्दा पनि उनले कहिले मुख मिठ्याएनन् । भनौं, फल प्राप्तिका लागि उनी केन्द्रीय नेताहरूसँग धाएनन् । उनी भन्थे– 'सिद्धान्त भनेको पद, पैसा र शक्ति होइन ।'

काठमाडौँबाहिर सहाना प्रधानको विश्वासपात्र घर नै रूपन्देहीस्थित तिलोत्तमाको मदुगृह अर्थात् मदनलाल, दुर्गा पौडचालको घर थियो । सहाना प्रधान पार्टीको काममा पश्चिम जाँदा प्राय: पौडचालकै घरमा नै बस्थिन् । साथै कुनै समय उनी सिद्धार्थनगर रूपन्देहीका देवीप्रसाद पाण्डे अनि बुटवलका एकराज पाण्डे र भूपालकुमार श्रेष्ठका घरमा पनि बसेकी थिइन् । मनमोहन अधिकारी र सहाना प्रधान प्रमुख रहेको नेपाल कम्युनिस्ट पार्टीको एकीकरणबारेको छलफल पनि मदुगृहमा नै भएको थियो । मानौं, पौडचालदम्पती सहाना प्रधानको मनले खाएका कम्युनिस्ट कार्यकर्ता थिए ।

सहाना पाल्पा जाँदा विनयकुमार कसजू तथा गङ्गादेवी कसजूकै घरमा बस्थिन् । गङ्गादेवीका घरमा पुग्दा उनी र गङ्गादेवी प्राय: एउटै ओछ्यानमा सुत्थे । गङ्गादेवी भन्नु सहाना प्रधानकी मन परेकी, भरपर्दी र आडिलो बहिनी साथी थिइन् । त्यसैले बाँचुन्जेल सहाना प्रधानले पेट खोल्ने साथी गङ्गा नै भइन् । साथै गङ्गादेवीले पनि सहाना प्रधानलाई धुमधामै आदर, श्रद्धा र स्नेह गर्थिन् । सहाना प्रधानकै सल्लाहले सहानाकै घरछेउमा घर किनेर उनी बसेकी थिइन् । त्यसपछि यी दुवैको भान्सा झन्नै एउटै जस्तो थियो । सहाना गङ्गादेवीका घरमा जाँदा सहानाले पकाउने र गङ्गादेवी सहानाका घर जाँदा पनि त्यही रीत जारी हुने गर्थ्यो । वास्तवमा सहाना र गङ्गादेवीको आत्मीयता अवर्णनीय थियो ।

सहाना प्रधान जुन घरमा ढल्किन्थिन्, त्यस घरमा उनी शिक्षादीक्षा पनि दिने गर्थिन् । यदि उनी पुगेका घरमा बालबच्चा र

किशोर रहेछन् भने उनी कथा र संस्मरण सुनाएर तिनीहरूलाई मक्ख पार्थिन् । भ्रमणका क्रममा उनी जहाँजहाँ बस्थिन् त्यस घरमा छाप छोडेर आएकी हुन्थिन् । त्यति मात्र होइन उनी बसेका घरकाले उनलाई आफ्नो अविभावक नै पनि ठान्थे ।

विराटनगर जाँदा सहाना प्रधान आफ्ना दिदीभिनाजू साधना अधिकारी र मनमोहन अधिकारीका घरमा डेरा जमाउने गर्थिन् । त्यहाँ पुगेपछि उनी फिक्रीविहीन भएर केही दिन ढलीमली गर्थिन् । आफ्ना भिनाजूसँग जति नै धेरै गुनासो भए तापनि दिदीप्रति उनको खुबै स्नेह, भक्तिभाव र झुकाव थियो । यदि दिदीभिनाजू नभएको बेलामा विराटनगर पुगिन् भने उनी सरासर भरतमोहन अधिकारीका घरमा जान्थिन् ।

सहाना प्रधान नेपालगन्ज र बर्दिया जाँदा बर्दियाको मधुवनमा पुग्थिन् । उनी धेरैजसो त्यहीँ बस्थिन् । त्यस ठाउँमा पुष्पलालका दायाँ हात मानिने गोविन्द ज्ञवालीको घर थियो । पछिल्ला दिनहरूमा गोविन्द ज्ञवाली सहाना प्रधानका सल्लाहकार पनि थिए । उनी सल्लाहकार पनि कस्ता थिए भने कार्यकारीजस्तै थिए । खास गरेर सहाना प्रधान मन्त्री हुँदा पनि ज्ञवाली नै उनका हर्ताकर्ता थिए । ज्ञवालीलाई उनी देशभक्त, इमानदार र निष्ठावादी कम्युनिस्ट मान्थिन् । वास्तवमा ज्ञवाली पुष्पलाल र सहानाका फेरोमा अटाउने बुद्धिजीवी भनेर अरूहरूले पनि भन्थे । त्यति मात्र होइन उनी निर्लोभी पनि थिए । उनी कम्युनिस्टहरूले चाकरी, चाप्लुसी र स्वार्थका लागि राजनीति गर्नु हुँदैन भन्थे । त्यसैले उनी कहिले सत्ताको कार्यकारी इकाइमा पुग्न सकेनन् । यति हुँदाहुँदै पनि उनी २०४८ सालमा निर्वाचित माननीय सांसदचाहिँ भए । उनी ज्यादै ठूलो राष्ट्रवादी भएकै कारण उनको पनि मोदनाथ प्रश्रितको जस्तो नै हालत हुन थाल्यो । भनौँ, उनलाई पनि चारैतिरबाट छिर्के लगाएर सक्रिय राजनीतिबाट धपाउने काम भयो । त्यसैले उनी फेरि कहिले

उठ्न नसक्ने भएर थचारिए । यो बेहोरा सहाना प्रधानका लागि पनि असह्य थियो । वास्तवमा ज्ञवालीले जीवनभरि निष्ठाकै राजनीति मात्र गरिरहे । नारायणमान बिजुक्छेँ 'रोहित'ले पनि गोविन्द ज्ञवालीलाई सत्यनिष्ठ कम्युनिस्ट माने । साथै गोविन्द भट्टले पनि ज्ञवालीलाई अति इमानदार कम्युनिस्ट नेता भन्थे ।

सहाना प्रधानकी बर्मेली साथी कलादेवी कार्कीको डेरा वीरगन्जमा थियो । उनीहरू दुवैको एकअर्काका घरमा आउनेजाने चलन थियो । त्यसैले सहाना प्रधान वीरगन्जतिर जाँदा कलादेवीकै डेराबाट उनको राजनीति शिविर चल्ने गर्थ्यो । उनी धीत मरुन्जेल त्यही डेरामा बस्ने गर्थिन् । सहाना प्रधान आफ्ना डेरामा पुग्दा उनकी प्रिय शखी कमला पनि फुरुङ्ग पर्थिन् । वास्तवमा उनीहरू म्यान्मादेखि नै एकअर्कामा आआफ्नो आन्द्रा जोडिएको ठान्थे ।

सहाना प्रधान नेपालभित्र कताकता बास बस्नुपर्छ भन्नेबारे गोविन्द ज्ञवालीसँग पनि परामर्श लिने गर्थिन् । उनी काठमाडौँबाहिर जति नेता र कार्यकताका घर पुगिन्, तिनीहरू स्वच्छ छविका राजनीतिज्ञ मात्र थिए । ज्ञवालीका अनुसार सहाना प्रधान पूर्वाञ्चल जाँदा सप्तरीको कञ्चनपुरका निष्ठावादी कम्युनिस्टहरू भगेश्वर शाह, तेली र हीरालाल चौधरीका घर नाघेर कहिले काठमाडौँ फर्केको इतिहासै हुँदैनथ्यो । त्यतातिर पुग्दा उनी तिनीहरूका घरमा नै बास बस्ने गर्थिन् । कुरा के हो भने कुनै बेला बनारसमा ती दुवै जना पुष्पलालका परम सहयोगी थिए । सहयोगी मात्र होइन उनीहरू पुष्पलालीय कम्युनिस्ट नेता पनि थिए ।

सहाना प्रधानले मुलुकका जति भूभागको भ्रमण गरे तापनि उनी मनले खाएको मान्छे भेटिनन् भने अतिथिगृह र होटेलमा नै बस्थिन् । तर उनी पुगेको ठाउँमा निष्ठावादी कम्युनिस्टको घरको तथ्याङ्क पाइन् भने उनी हान्निएर त्यतै पुग्थिन् । उदाहरणका लागि भन्ने हो भने उदयपुरमा पुग्दा उनी भीम सेडाईका घरमा बस्ने

गर्थिन् । सेडाई पनि पुष्पलालका अति प्रिय पात्र मानिन्थे । त्यसै गरी स्याङ्जामा पुग्दा सहाना प्रधानले एकराज पाण्डेका घरमा बस्नुपर्थ्यो भने गुल्मीमा उनको भ्रमण मुकाम केशर श्रेष्ठको घर मानिन्थ्यो । यी दुवै भाइ पनि पुष्पलालीय कम्युनिस्ट नै थिए ।

सहाना प्रधानले देशका प्रमुख स्थानहरूको भ्रमण गरेकी थिइन् । उनले विभिन्न ठाउँबाट जनताको आवाज मनमा गाँठो पारेर केन्द्रमा ल्याउने गर्थिन् । तर उनको सिफारिस केन्द्रले चलाउने हिम्मतै गर्न सकेको थिएन । त्यसैले कम्युनिस्ट पार्टीमा कपाल फुलाएका प्रा.यादव उपाध्यायहरूजस्ताको पनि कहिल्यै मूल्याङ्कन हुन सकेन । उपाध्याय पनि पुष्पलालसँगै बसेर धेरै वर्ष काम गरेका बौद्धिक, निष्ठावान् र इमानदार कम्युनिस्ट थिए । त्यसैले सहाना प्रधान त्यस क्षेत्र जाँदा उपाध्यायलाई भेट्न कलैया जान्थिन् र उनैका घरमा बस्थिन् ।

# सहाना प्रधानको विदेश भ्रमण : हर्ष र वैराग

सहाना प्रधानले बाल्यकालमा नै विदेशको रङ्गीबिरङ्गीको झाँकी देखिसकेकी थिइन् । म्यान्मा र भारत पुगिसकेकी उनलाई त्यसपरको अरू देश हेर्ने कौतूहल पनि थियो । त्यति मात्र नभएर उनी कम्युनिस्ट सिद्धान्तमा समर्पित भएका नाताले पनि चीन, उत्तर कोरिया, रूस आदि देश पुग्ने उनको तीव्र चाहना थियो । खास गरेर कम्युनिस्टले शासन गरेको देश जाने भनेपछि उनी खुट्टा उचालिहाल्थिन् ।

सहाना प्रधानले नेपाल सरकार, नेपाल कम्युनिस्ट पार्टी र महिला सङ्गठनका तर्फबाट प्रतिनिधित्व गर्दै विश्वका विभिन्न मुलुकको भ्रमण गरेकी थिइन् । त्यही क्रममा उनी २०४३ सालमा मनमोहन अधिकारीको नेतृत्वमा रूसी कम्युनिस्ट पार्टीको निमन्त्रणामा मास्को गएकी थिइन् । त्यतिखेर उनी पन्ध्र दिन मास्कोमा बसेकी थिइन् ।

रूस नपुगुन्जेल सहानाका मनमा रूस भनेको कम्युनिस्ट देशहरूमध्येको माथिल्लो श्रेणीको साम्यवादी मुलुक हो भन्ने लागेको थियो । सर्वहारा वर्गको नेतृत्वले रूसको सञ्चालन भएको छ भन्ने उनको भ्रम रूस गएपछि तोडिएको थियो । यति हुँदाहुँदै पनि रूसमा क्रमश: परिवर्तन भएको बारेमा त्यहाँका नवसिद्धान्तकारहरूले हरेक दिन तीन घण्टाजतिको पाठ उनलाई पढाइरहने गर्थे । त्यति मात्र

होइन, सहानालाई रूसको विविध ठाउँको स्थलगत भ्रमण पनि गराइएको थियो । त्यहाँको राजनैतिक व्यवस्था जेजसरी परिवर्तित भए तापनि लेलिनग्राद र पिटर्सवर्ग हेर्न उनीभित्र उत्सुकता थियो र त्यस ठाउँमा पनि उनी पुगेकी थिइन् ।

सहाना प्रधानको दृष्टिले रूसलाई त्यति सहज रूपले ग्रहण गरेको थिएन । यसको मुख्य कारण के थियो भने– त्यहाँका नारीहरूलाई राजनैतिक, प्रशासनिक र आर्थिक क्षेत्रमा उच्च पद नदिएको देखेर उनी खिन्न थिइन् । त्यहाँ उनले कलकारखाना र शारीरिक परिश्रम हुने ठाउँमा मात्र नारीले प्राय: काम गरेको देखेकी थिइन् । उनी जताजता पुग्थिन्, नारीवर्गले तलतलै मात्र घोटिनुपर्ने अवस्थाको सग्लो चित्र देख्तै जान्थिन् । अनि उनका लागि रूस त्यति रुचिको विषय बनेको थिएन तापनि उनले त्यहाँको ससानो विषयको पनि अवलोकन गर्नचाहिँ मन गरिरहिन् ।

रूसको सम्पूर्ण व्यवसाय पनि सहाना प्रधानले हेर्ने मौका पाएकी थिइन् । उनी जुन बजार जान्थिन् त्यहीँको दृश्यले उनी दु:खित बन्थिन् । जब उनी डिपार्टमेन्टल स्टोरहरू जान्थिन् त्यहीँको वातावरणले उनी निराश हुन्थिन् । कलकारखाना जाँदा त्यहीँ नै उनी तीनछक्क पर्थिन् । रूसको हालत हेरेर त्यतिखेर उनले मनमनै कुरा खेलाउने गर्थिन्– 'समाजवाद, साम्यवाद र सर्वहारावाद त खालि कितापकापीमा मात्रै पो सीमित रहेछ । व्यवहारमा त नाङ्गो रहेछ ।' वास्तवमा जनताका लागि उपभोग्य सामानै नभएको ठाउँ भनेर उनले रूस पुगेपछि मात्र सक्कली समाजवाद, साम्यवाद र सर्वहारावादका बारे चाल पाएकी थिइन् । दिनभरि कुरेर पनि पाउरोटी र दूध सकिएर रित्तै फर्कनुपर्ने रूसका जनताको हालत देखेर सहाना प्रधानलाई समाजवादी धाराउपर त्यतिखेर वैराग्य छाएको थियो । उनले खाएर फालेको रोटी र अन्य खाद्यान्न जुठोसुठो नभनी त्यहाँका कामदारले उठाएर खाएको दृश्य हेर्दा उनी भित्रभित्रै रोएकी पनि थिइन् ।

•

सहाना प्रधान उद्योग मन्त्री भएका नाताले २०४७ सालमा स्विडेन गएकी थिइन् । अनि त्यहाँका दुईवटा विश्वविद्यालयमा उनले सम्बोधन गरेकी थिइन् । त्यहाँ उनले सम्बोधन मात्र गरिनन् त्यहाँका उत्कृष्ट पत्रिकाका लागि उनको अन्तर्वार्ता लिन पत्रकारहरूको घुइँचो लागेको थियो । उनी नेपालमा प्राध्यापक भएको बेहोरा त्यहाँका नारीहरूलाई पनि थाहा थियो । राजनीति, प्रशासन र आर्थिक मामिलामा त्यहाँ नारीपुरुषको बराबरी सहभागिता भएको बेहोरा सहाना प्रधानले पनि देखिन् । उनले घुमेका राष्ट्रहरूमध्ये उनी स्विडेनबाट धेरै प्रभावित थिइन् । त्यस देशको उच्च ओहोदाहरूमा प्राय: नारी नै नारी देखिन्थे । त्यतिखेर प्रधानमन्त्री नारी, संसद्की प्रमुख नारी, सहरकी प्रमुख नारी, मन्त्री नारी थिए र शासनमा प्राय: सबैतिर नारी नै नारी थिए । त्यहाँ प्राय: बलिया, बाङ्गा र दोहोरो शरीर परेका नारी देखेर उनी दङ्ग थिइन् । नारी स्वतन्त्रताले अधिकतम ठाउँ पाएको स्विडेनमा सम्बन्धविच्छेदका धेरै घटना हुने पनि उनले थाहा पाइन् । सहाना प्रधानले स्विडेनमा प्राय: जति नारी भेटिन् ती सबै सम्बन्धविच्छेद भएकै मात्र भेटेकी थिइन् ।

सहाना प्रधान दुईपल्ट स्विडेन गएकी थिइन् । अर्कोपल्ट दमननाथ ढुङ्गाना सभामुख भएका बेला २०५२ सालमा ढुङ्गानाकै नेतृत्वमा स्विडेन र नर्वे गएकी थिइन् । त्यतिखेर नर्वेको भ्रमण गरेको बेला त्यहाँकी प्रधानमन्त्रीको शारीरिक बनोट हेरेर सहाना प्रधान मक्ख परेकी थिइन् । नर्वेकी प्रधानमन्त्री ब्रन्डलेन्ट अग्ली थिइन् र उनीसँग नजिक जाँदै डर लाग्ने व्यक्तित्व भएको सहाना प्रधानले नेपालमा आएर उनको बयान गरिरहिन् । उनी भन्थिन्– 'नर्वेकी प्रधानमन्त्री त कुरा गर्दा पनि सात्तो खाने खालकी थिइन् ।'

•

संसद्को चुनाव जितेपछि २०४८ सालमा अन्तर्राष्ट्रिय भ्रमण कार्यक्रमअन्तर्गत सहाना प्रधान अमेरिका गएकी थिइन् । त्यो उनको अमेरिकी सरकारका तर्फबाट भ्रमण थिएन; नेपालकै तर्फबाट थियो । पहिलोपल्ट न्युयोर्कमा पुग्दा उनलाई आश्चर्य नै लागेको थियो । त्यहाँका मान्छेको भीड, चिताई नसक्नुका अग्ला घर र राजनैतिक वातावरणले उनी चकित भएकी थिइन् । त्यहाँको भ्रमणमा उनले स्थानीय अधिकारीहरूसँग विविध जिज्ञासा राखेकी थिइन् । उनको मूल जिज्ञासा नै अमेरिकाजस्तो विशाल प्रजातान्त्रिक मुलुकमा एउटी नारीले बल्लबल्ल उपराष्ट्रपतिको चुनावमा आफूलाई सहभागी गराएकी थिइन् तर उनलाई पनि हराइएको थियो । उनको यस भावनाविपरित त्यहाँका बौद्धिक भनिनेहरूबाट उनले जबाफ पाएकी थिइन्– 'हामीलाई नारी राष्ट्रपति चाहिँदैन र नारीद्वारा हुने शासन हामी पचाउन पनि सक्तैनौँ ।' त्यस्ता विचित्रका कुरा सुनेर सहाना प्रधान छाँगोबाटै खसेसरि भएकी थिइन् । त्यति मात्र होइन अमेरिकाको सरकारको कुनै पनि निर्णायक ठाउँमा नारीको उपस्थिति उनले अति नै न्यून देखेकी थिइन् । अनि त्यस्तो विकसित देशमा नै पनि निर्णायक ठाउँमा नारी नहुनु उनका लागि अर्को आश्चर्यकै विषय थियो । त्यतिखेर 'नारीद्वारा हुने शासन हामी पचाउन पनि सक्तैनौँ' भन्ने संवाद सुनेर उनले २०१० सालमा सीताराम हाईस्कुलमा पढाउँदा उनलाई विद्यार्थीले हुटिङ गरेको क्षण सम्झेकी थिइन् । तर उनी ती विद्यार्थीबाट अपहेलित भएको पैँतिसचालिस वर्षपछिको समयमा पनि अमेरिकाका बुद्धिजीवीहरूको राजनैतिक सोच, चेत र ज्ञान त्यतिखेरका नेपालका मान्छेको भन्दा खस्केको उनले ठम्याएकी थिइन् ।

सहाना प्रधानको अमेरिका भ्रमणमा सबैभन्दा रोचक कुरा के थियो भने त्यहाँ उनले जति जेल देखिन्, ती सबै जेल उच्चस्तरीय थिए । त्यति मात्र होइन, कैदीहरूका लागि त्यहाँको जेलजीवन नै

माथिल्लो कोटिको थियो । नेपालको नर्कतुल्य जेलमा बसेकी उनलाई अमेरिकाको जेल स्वर्गजस्तै लागेको थियो । अनि त्यसै विषयलाई लिएर उनले त्यहींका अधिकारीलाई भनेकी थिइन्– 'नेपालमा पनि अमेरिकाको जस्तै जेलको व्यवस्था भए म सधैंभरि जेलै बस्थें होला ।' वास्तवमा जेलका कैदीको जेलभित्रै आफ्नो योग्यताअनुसारको पढाइ, काम, ज्याला, आयस्ता, व्यवस्थापन, खेलकुद, होटेल देखेर उनी चकित परेकी थिइन् । त्यतिखेर एक महिनासम्म अमेरिकाको भ्रमण गर्दा अमेरिकाको विविध विषयमा चाख मानेर उनले आफ्नो डायरीमा समेत लेख्न भ्याएकी थिइन् ।

•

२०५० सालमा सहाना प्रधान उत्तर कोरियाको भ्रमणमा गएकी थिइन् । त्यहाँ उनले जति सम्मान पाइन्, धेरै पाइन् । त्यो देश उनका लागि एकादेशको सुन्दर देश लागेको थियो । भनौं, हेर्दा खेरि उत्तर कोरियाभन्दा राम्रो देश उनका लागि अरू कुनै देश थिएन । तर त्यस देशको हरेक तरिका देखेर उनी छक्कै परेकी थिइन् । उत्तर कोरियाको बजार पनि उनका लागि आश्चर्य नै थियो । यति हुँदाहुँदै पनि त्यस देशमा पुगेपछि उनलाई सुनसान लागेको थियो । त्यहाँका बाटा ठूला थिए, तर यात्री थिएनन् । साथै त्यहाँबाट सञ्चारहरूमा बाह्य मुलुक प्रवेश गर्न दिएका थिएनन् । उनलाई कोरियाको विविध ठाउँ हेर्न मन लागेको थियो । अनि उनले त्यहाँ यसबारेमा आफ्नो इच्छा पनि जाहेर गरेकी थिइन् । तर उनको अनुरोधलाई कोरियाली सरकारले स्वीकार गरेन । उनी त्यहाँ छ दिन बस्दा उनलाई छ ठाउँ लगिएको थियो । भ्रमणको अन्त्यमा उनले त्यहाँको महत्त्वपूर्ण कडी फेला पारेकी थिइन् । त्यो के हो भने त्यस देशका जनता अति जागरूक, मेहनती र देशप्रति समर्पित थिए । तर पनि उनी त्यस मुलुकमा जति बसिन् त्यति नै अघाएकी थिइन् । मानौं, उनका लागि त्यो ठाउँ फेरि फर्केर

घुम्नलायकको थिएन । यति भएर पनि त्यस देशप्रति उनको प्रेमचाहिँ झाङ्गिँदो थियो ।

•

सहाना प्रधानले कोरियाबाट फर्कंदा चीनको बाटो पारेकी थिइन् । उनलाई चीन हेर्न कौतूहल पनि थियो । तर त्यस बेला उनी भनेजस्तै गरेर चीन घुम्न पाएकी थिइनन् । त्यसपछि उनी अर्को वर्ष फेरि चीन गइन् । भनौँ, उनी सन् १९९४ मा जनवर्गीय सङ्गठनको औपचारिक निम्तोमा चीन गएकी थिइन् ।

चीनमा सहाना प्रधानले नारीहरूबाट सञ्चालित उद्योगधन्दाहरूको अवलोकन गरेकी थिइन् । त्यहाँको ती विषयले उनलाई धेरै प्रभाव पारेको थियो । त्यहाँ बस्ता, उठ्ताका समयमा उनले आधुनिक चीनका महेश्वर माओत्से तुङको जतातत‌ै बयान मात्र सुनेकी थिइन् । चीनका मान्छेको कामप्रतिको समर्पण ज्यादै माथिको देखिन्थ्यो । त्यही कारणले नै चीनको विकास भएको कुरा पनि उनले महसुस गरेकी थिइन् ।

त्यतिखेर नै उनले चिनियाँ सरकारले आफ्ना जनताका लागि सुक्ख सुविधा र जनतालाई खुसी पार्न हरप्रयत्न गरेको रहेछ भन्ने बुझेकी थिइन् । चिनियाँ क्रान्तिपछि त्यहाँका नारीहरूको पनि भाग्यमा बढोत्तरी भएको बेहोरा पनि उनले त्यही बेला थप थाहा पाएकी थिइन् । सहाना प्रधानले चीनबारे जान्नुपर्ने भन्दा पनि धेरै कुरा त्यस भ्रमणकालमा थाहा पाएकी थिइन् । किनभने चिनियाँ नारी फेडेरेसनका अध्यक्ष चेन लीले सहाना प्रधानलाई चीनको सबै बेहोराको आन्द्राभुँडी नै फर्काएकी थिइन् । त्यतिखेरै सहाना प्रधानले चिनियाँ क्रान्तिपछि चीनमा नारी जागरणका लागि धेरै ठूलो परिवर्तन आएको बुझेकी थिइन् । उनले सुनेअनुसार चीनमा महिला सहभागिता धेरैजसो ठाउँमा थियो । तर पनि राष्ट्रको निर्णायक ठाउँमा समान

रूपमा नारीहरूको उपस्थिति नभएको तथ्य पनि उनलाई चेन लीले घोकाएकी थिइन् । त्यहाँका धेरैजसो नारीहरूका लागि जीवन कष्ट नै थियो । नारी हिंसा, घरेलु हिंसाबाट नारी मुक्त हुन सकेका थिएनन् र नारीका लागि राज्यले भनेजस्तो कदर पनि गरेको थिएन् । यति हुँदाहुँदै पनि त्यतिखेरसम्मको चीनमा सरकार र संसद्मा बाइस प्रतिशत नारी सहभागिता थियो ।

सन् १९९५ को कुरा हो– चीनको बेइजिङमा चौथो महिला सम्मेलन भएको थियो । त्यस सम्मेलनमा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व सहाना प्रधानले गरेकी थिइन् । त्यस बखत चारैतिरबाट चीनमा पुग्ने नारीहरूको लर्को लागेको थियो । विश्वका खारिएका नारीहरूसँगको भेटघाट र कुराकानीबाट उनी खुसी भएकी थिइन् । त्यस सम्मेलनमा सहाना प्रधानले थप एउटा अर्को कुरा पनि बुझेकी थिइन्, त्यो के हो भने अन्य केही विकसित देशमा झैं चीनमा पनि 'तिमी नारी हौ र तिमीले पुरुषभन्दा मुनि बस्नुपर्छ' भन्ने सोच कायमै थियो । त्यतिखेरसम्ममा चीनमा अर्थतन्त्रको सम्पूर्ण बागडोर पनि पुरुषकै हातमा भएको उनले चाल पाएकी थिइन् ।

•

२०५१ सालको कुरा हो– सहाना प्रधान नेपालको प्रतिनिधि भएर श्रीलङ्का गएकी थिइन् । साथै उनी त्यहाँ २०५५ सालमा पनि पुगेकी थिइन् । पहिलो चोटि र दोस्रो चोटि उनी तीनतीन दिन त्यस देशमा बसेकी थिइन् ।

श्रीलङ्कामा नारी जाति पनि पुरुषसरह अगाडि भएको पनि सहाना प्रधानले प्रत्यक्ष देखेकी थिइन् । त्यहाँका नारीहरू पढाइलेखाइ र सरकारी ओहोदामा पनि अगाडि रहेको बेहोराले पनि उनी खुसी थिइन् । त्यति मात्र होइन, श्रीलङ्कामा छोरी राष्ट्रपति र आमा प्रधानमन्त्री एकै चोटि भएको घटना उनका लागि सबैभन्दा सुखद थियो । सहाना प्रधानलाई श्रीलङ्काको अर्को आश्चर्य के थियो भने–

त्यस देशमा रावण पूजा गरिने परिपाटी उनले देखेकी थिइन् । त्यसबारे उनले भनेकी थिइन्– 'हामीले राक्षस ठानेर घृणा गरिएका रावणलाई त्यहाँ देवता मानेर पूजा गरेको देखेँ ।' त्यहाँ प्राय: उनले रावणैरावणको मन्दिर मात्र देखेकी थिइन् ।

•

सहाना प्रधान दोस्रो पटक श्रीलङ्का जाने क्रममा पाकिस्तान पनि गएकी थिइन् । तर नारी जागरणका हिसाबमा पाकिस्तानले उनलाई निराश बनाएको थियो । हजारौँ पुरुष भएका ठाउँमा उनले एकदुई जना बुर्का लगाएका मात्र नारी देखेकी थिइन् । उनलाई पाकिस्तानउपर अर्को कुन विषयमा चित्त दुखेको थियो भने– त्यहाँ सम्भ्रान्त परिवारबाहेक नारी शिक्षामा न्यून थियो । उनले आँखा तन्काईतन्काई हेर्दा पनि त्यहाँ न बाटामा केटी देखिन्, न बसमा केटी देखिन् र न स्कुलमा नै केटी देखिन् । पाकिस्तानमा केटीहरू भनेका घरभित्र मात्र बस्ने जात मानिएको बेहोराले उनी खिन्न थिइन् ।

•

सहाना प्रधान २०५१ सालमा बङ्गलादेश गएकी थिइन् । त्यसपछि पनि उनी अर्को एकपल्ट फेरि त्यही देश गएकी थिइन् । त्यहाँको विकासको बाधक भनेको भोका नारी र नारी आरक्षण भन्ने बेहोरा हो भन्ने उनले ठम्याएकी थिइन् । त्यहाँ ३३ प्रतिशत आरक्षणका नाउँमा आआफ्ना दलबाट नारीहरूलाई बोकेर लगिने गरिन्थ्यो । त्यसैले उनीहरूले कुनै सुझबुझ नै राख्न पाउँदैन थिए । उनीहरू एक प्रकारका रोबोटजस्ता मात्र हुन्थे ।

•

सहाना प्रधान २०५२ सालमा माल्दिभ्स पनि गइन् । त्यहाँको नारी जागरण देखेर उनी खुसी भएकी थिइन् । उनले आफू घुमेमध्ये माल्दिभ्सलाई पनि साह्रै राम्रो देश मानिन् । समुद्रका बीचमा भएको

माल्दिभ्समा खानेपानीको अभाव देखेर फेरि उनी चकित भएकी थिइन् । त्यहाँ सबैभन्दा महँगो पिउने पानी नै थियो । त्यहाँको सबैभन्दा ठूलो विशेषता भनेको नारीहरूका लागि राजनीति फराकिलो ठाउँ थियो । उच्च ओहोदाहरूमा नारीकै पनि सहभागिता हुन्थ्यो । नारीले पेट बोक्छन्, नानी पाउँछन् र छुट्टी लिन्छन् भनेर तलतिरको काममा चाहिँ नारी जातिलाई त्यति जागिर दिइँदैनथ्यो । त्यहाँका उच्च ओहोदामा बसेका नारीहरूले चाहिँ सहाना प्रधानलाई भन्ने गर्थे– 'हामी चाँडोभन्दा चाँडो पुरुषहरूकै हाराहारीमा पुग्न चाहन्छौँ ।'

•

२०५५ सालमा सहाना प्रधान यमन गइन् र त्यहाँ पाँच दिन बसिन् । त्यहाँका नारीहरू रूढिवादी धारमा देखिएका थिए । यमन भन्ने देश विकसित भए तापनि त्यहाँको नारीचेतना विकसित नभएको सहाना प्रधानले ठहर गरेकी थिइन् । त्यहाँका नारीहरू बाटामा त के घरको छतमा पनि उभिन पाउँदैन थिए । उनीहरूलाई आफ्नो घरको झ्याल खोल्नेसमेत अनुमति नभएको बेह्रोरा सहाना प्रधानले थाहा पाएकी थिइन् । त्यहाँ समारोहमा देखिएका नारीहरूले पनि बुर्का लगाएका थिए । बाहिरबाट जसले पनि टाउकोमा सारीको सप्को हाल्नुपर्ने त्यहाँको चलन भएको तथ्य पनि सहाना प्रधानले आफ्नै आँखाले देखेकी थिइन् ।

•

देशविदेशको भ्रमण गर्ने क्रममा सहाना प्रधान उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री भएका बेला २०६४ सालमा इजिप्टको भ्रमणमा गएकी थिइन् । सन् २००७ को कुरा हो– त्यस बेला नेपाल इजिप्टको दौत्य सम्बन्धको स्वर्णवर्ष महोत्सवको समय थियो । त्यसै उपलक्ष्यमा नेपालबाट सहाना प्रधानले भाग लिएकी थिइन् । त्यस अवसरमा इजिप्ट सरकारले नेपाल इजिप्ट दौत्य सम्बन्ध

स्वर्ण वर्षको उपलक्ष्यमा प्रकाशनमा ल्याएको हुलाक टिकटमा सहाना प्रधानले टाँचा लगाएकी थिइन् । त्यस बेलाका इजिप्टका लागि नेपालका राजदूत डा.रामभक्त ठाकुरका अनुसार त्यस प्रकारको हुलाक टिकट विश्वका कुनै देशबाट पनि त्यसभन्दा अघि प्रकाशित भएको थिएन । नेपालका लागि त्यो बेहोरा गौरवको विषय हो भन्ने सहाना प्रधानले मन्तव्य दिएकी थिइन् ।

त्यतिखेरै इजिप्टका नागरिक उमार समरासँग सहाना प्रधानको भेट भएको थियो । समरा सगरमाथाको शिखर आरोही थिए । अरबका कुनै पनि नागरिकले त्यसभन्दा अघि सगरमाथाको टुप्पो टेकेका थिएनन् । त्यहाँको एक साताको बसाइमा उनले नेपालको उज्ज्वल छवि प्रस्तुत गरेकी थिइन् । सहाना प्रधानको इजिप्टको भ्रमणबारे डा.ठाकुरले पछिसम्म पनि बयान दिए– 'नेपालका उपप्रधानमन्त्री सहाना प्रधानको ज्ञानगुन र क्षमताबाट इजिप्टका राजनीतिज्ञ र प्रशासक छक्कै परेका थिए ।'

सहानाले इजरायल, टर्की, स्विजरल्यान्डको पनि भ्रमण गरेकी थिइन् ।

# सहाना प्रधानलाई महाकालीको विष

२०४७ वैशाख ३ गते नेपालमा अन्तरिम सरकार बन्यो । त्यस सरकारको प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई थिए । साथै मर्यादाक्रममा दोस्रो व्यक्तिका रूपमा सहाना प्रधान मन्त्री बनेकी थिइन् । भट्टराई प्रधानमन्त्री भएपछि उनलाई भ्रमणका लागि भारत सरकारले निम्तो दिएको थियो । उनको नेतृत्वमा भारतको भ्रमणमा तत्कालीन नेपालका सर्वमान्य नेता गणेशमान सिंहको ढिपीले सहाना प्रधान पनि सम्मिलित थिइन्; किनभने भट्टराई जथाभाबी बोल्ने गर्थे । आवेशमा आएर भट्टराईले राष्ट्रियतामाथि खतरा पर्ने कुरा पनि बोल्लान् भनेर नै गणेशमान सिंहले सहाना प्रधानलाई भट्टराईको करेली समाउन भारत पठाएका थिए । गणेशमान सिंहको सहाना प्रधान अति विश्वासिलो पात्र थिइन् । यसबारे सिंहले भनेका पनि थिए– 'सहाना प्रधानबाट कहिले पनि र कसैले पनि विश्वासघात बेहोर्नु पर्दैन ।'

सहाना प्रधानले जतिसुकै थुनछेक गर्न खोजे तापनि भट्टराईले आफ्नो इच्छा पुऱ्याईकन छाडेका थिए । भनौं, भारतमा पुगेपछि सबैभन्दा पहिला उनले एउटा डरलाग्दो वाणी ओकलेका थिए । अथवा 'नेपालका नदी नेपाल र भारतको साझा नदी' भनेर बोलेका थिए । त्यस बोलीउपर सहाना प्रधानको एक प्रतिशत पनि समर्थन थिएन । दुवै देशको विज्ञप्तिमा पनि त्यही कुरा दोहोरिएको थियो । त्यस विज्ञप्तिउपर सहाना प्रधानले भट्टराईलाई 'नराम्रो काम गर्नुभयो' भनेर असहमति जनाएकी थिइन् । तर भारतीय नेताहरूका चलाखीले

सहाना प्रधानले थाहा पाउँदानपाउँदै 'नेपालका नदी साझा नदी' भनेर साझा विज्ञप्तिसमेत प्रकाशित भइसकेको थियो। यसै प्रसङ्गमा देशभक्त राजनेता नारायणमान बिजुक्छैं 'रोहित'लाई त्यति बेलै सहाना प्रधानले भनेकी थिइन्– 'भट्टराई र उनका भारतीय समकक्षीमाझ हुने वार्तामा मलाई पनि समावेश गराउने भनिएको थियो, तर गराइएन। अनि त्यस वार्तामा म जान खोज्दा सुरक्षा गार्डले मलाई छिर्न दिएन। अन्ततः नेपालका नदीनाला साझा नदीमा परिणत गराउन भट्टराई सफल नै भए।'

सहाना प्रधानले महाकाली सन्धिमा एमालेलाई पनि सघाउन चाहिनन्। त्यति मात्र होइन, उनी त्यस सन्धिलाई विफल पार्न एकोहोरिएकी थिइन्, तर सफल भइनन्। त्यस काण्डमा उनको कृत्यउपर चित्त नबुझेर नेकपा (एमाले)ले उनीसँग स्पष्टीकरण मागेको थियो। २०५२ साल पुस ३ गतेको पत्रमा उनलाई लेखिएको थियो– 'पार्टी केन्द्रीय कमिटीको २९औँ बैठकले महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धिलाई संसद्को दशौँ अधिवेशनमा पक्षमा मतदान गरी पारित गराउने निर्णय गरेको थियो। सो निर्णयलाई पार्टीको ह्विपको रूपमा संसदीय दलको बैठकमा जानकारी गराइएको थियो।

पार्टीको सर्वोच्च एवम् नीतिनिर्माण गर्ने संस्थाको सदस्य रहनुभएकी तपाईं, पार्टी निर्णय र संसदीय ह्विपप्रति विरोध जाहेर गर्दै मतदानमा अनुपस्थित रहनाले पार्टीको प्रतिष्ठामा आँच पुऱ्याउने काम भएको छ। तपाईंबाट भएको कामले जनवादी केन्द्रीयताको हाम्रो पार्टीको सङ्गठनात्मक सिद्धान्तमा आघात पुऱ्याएको छ। तपाईंबाट भएको गल्ती पार्टीको अनुशासन र संसदीय परम्परा दुवै हिसाबले गम्भीर छ।'

महाकाली नदी भारतसँग सम्झौता भएपछि असह्य भएर एमालेका तत्कालीन नेता तथा मन्त्री देवीप्रसाद ओझाले 'सामूहिक आवाज'नामक सहाना प्रधान विशेषाङ्क (२०७३) मा लेखेका थिए–

'महाकाली नदीको विकाससँग सम्बन्धित सम्झौता जो काङ्ग्रेस नेता शेरबहादुर देउवाले नेतृत्व गरेको नेपाल सरकार र भारत सरकारबीच भयो, जसको संसद्को दुईतिहाइबाट अनुमोदन प्रक्रियामा नेकपा एमाले केन्द्रीय समितिको बैठकले बहुमतले नाटकीय ढङ्गबाट जब निर्णय गऱ्यो, तब त्यसले नेकपा एमालेभित्र ठूलो अन्तर्द्वन्द्व सिर्जना गऱ्यो । यो सम्झौताको पक्ष र विपक्षमा पार्टी शिरदेखि तिरसम्म नराम्रो ढङ्गले फस्यो । यही विषय नेकपा एमालेको नेपालगन्जमा २०५४ सालमा सम्पन्न छैटौँ महाधिवेशनको केन्द्रीय मुद्दा बन्न पुग्यो । क.सहाना प्रधान, क.वामदेव गौतम, क.सीपी मैनाली, क.आरके मैनालीलगायत नेताहरू जसमा म पनि पर्थें, महाकाली सम्झौता राष्ट्रिय हितमा छैन भन्ने हाम्रो उचित निष्कर्ष थियो ।'

देवीप्रसाद ओझाले महाकाली सम्झौताबारे आफ्नो दुखेको मन फेरि खोले– '...क.केपी वलीलगायतका नेताहरू महाकाली सम्झौता जस्तो ऐतिहासिक र नेपाली जनताले युगौँयुगसम्म स्मरण गर्दै नेपाल र नेपालीलाई समृद्धिको शिखरमा पुऱ्याउने सन्धि अबउप्रान्त कहिल्यै हुँदैन भन्ने पक्षमा विराट् एवम् प्रबल शक्तिका साथ उभिनुभयो । यसमा पनि केपी शर्मा वली त 'त्यो सम्झौता नेपालको सन्दर्भमा सगरमाथाभन्दा अग्लो र प्रशान्त महासागरभन्दा ठूलो महत्त्वको राख्छ' भन्दै कड्किनु हुन्थ्यो । उहाँहरूले हामी महाकाली सम्झौताको विपक्षमा सोच्ने र बोल्नेलाई अठारौँ शताब्दीको कट्टर पण्डितले जुत्ता सिउने सार्की दाइ, हँसिया बनाउने कामी दाइ, भोटो सिउने दमाईं दाइलाई गरेको अछुत व्यवहार जस्तै व्यवहार गर्नुभयो ।'

सहाना प्रधानले महाकाली सम्झौताको खरो विरोध गरेकी थिइन् । सहाना प्रधानलगायत महाकाली सम्झौताको विरोध गर्ने सांसदहरू वामदेव गौतम, चन्द्रप्रकाश मैनाली, राधाकृष्ण मैनाली, पद्मरत्न तुलाधर, हिरण्यलाल श्रेष्ठ, देवीप्रसाद ओझालाई नेपाल कम्युनिस्ट पार्टी एमालेले पार्टीको साधारण सदस्यसमेत नरहने गरी

पार्टीबाट निकालेको थियो । वास्तवमा त्यसै सम्झौताका कारण नेपाल कम्युनिस्ट पार्टी (एमाले) नै पनि टुक्रिएको थियो ।

महाकाली सन्धिकै कारण सहाना प्रधानको अध्यक्षतामा नेपाल कम्युनिस्ट पार्टी (माले) गठन भएको थियो । अनि त्यस दलको महासचिवचाहिँ वामदेव गौतम भए । वामदेव गौतम पनि कट्टर देशभक्त भएका कारण सहाना प्रधानसँग वामदेव गौतमको आत्मीयता गाँसिएको थियो । वामदेव गौतम सहाना प्रधानप्रति अति नै श्रद्धा राख्थे । कतिसम्म भने उनले सहाना प्रधानलाई आमाकै व्यवहार गर्थे र सहाना प्रधानले पनि वामदेव गौतमलाई पुत्रवत् व्यवहार गर्थिन् । उनीहरूको नेतृत्वमा माले चार वर्षसम्म सञ्चालित थियो ।

•

सहाना प्रधानले महाकाली सम्झौतालाई मान्यता नदिए सँगसँगै उनको राजनीतिक जीवन धराशयी पार्न धमिरा प्रवेश गराइएको थियो । त्यति मात्र होइन, उनी कृष्णप्रसाद भट्टराईसँग भारत जाँदा भट्टराईले नेपालका खोलानाला साझा भनेका बेला सहाना प्रधान त्यस कुराको विपरीत गएका कारण भारतको उनी आँखी भएकी थिइन् । त्यसैले त्यसपछि उनलाई राजनीतिमा असफल पार्ने खेलको सुरुवात भएको थियो । उनको राजनीतिलाई धराशयी पार्ने कस्तोसम्म रचना भयो भने राजतन्त्रको समाप्तिपछि राष्ट्रप्रमुखका निम्ति त्यतिखेरको जल्दोबल्दो माओवादीका सर्वोच्च नेता प्रचण्डले साहना प्रधानको नाउँ पनि प्रस्तावित गरेका थिए । तर उनलाई त्यस्तो सिंहासनमा बस्न आफ्नै दलले नै योग्य देखाएन । त्यसको प्रमुख कारण के थियो भने उनले जहिलेसुकै पनि नेपालकै हितको मात्र काम गर्थिन् ।

कमलप्रसाद कोइरालाका अनुसार महाकाली सन्धिको नतिजापछि सहाना प्रधानहरूलाई राजनीतिमा स्वदेश तथा विदेशबाट अनेक छेकाबार भइ नै रह्यो । २०५६ सालको निर्वाचनअघि भारतीय प्रधानमन्त्री अटलविहारी वाजपेयीले नै भनेका थिए– 'नेपाल में भारत

विरोधियों का पत्ता साफ़ होगा ।' अनि त्यतिखेरको प्रतिनिधिसभाको निर्वाचनमा सहाना प्रधानले अध्यक्षता गरेको नेपाल कम्युनिस्ट पार्टीको भोटको परिणाम पनि शून्यका मुनि शून्य नै आएको थियो ।

सहाना प्रधानका लागि निर्वाचन, माननीय र मन्त्री ठूलो विषय थिएन । उनका लागि राष्ट्रिय स्वाभिमान ठूलो कुरा थियो । त्यसैले बाँचुन्जेल उनले राष्ट्रियतामा आँच आउने कुनै पनि विषयमा कसैसँग सम्झौता गरिनन् । त्यसैले नेपालवादीहरूले उनको व्यक्तित्वका बारे प्रकाश पनि पारे । यसै प्रसङ्गमा नारायणमान बिजुक्छेँ 'रोहित'ले भने– 'सहाना प्रधान राष्ट्रियताका प्रेमी थिइन् । उनी नेपालको हकहित र मर्यादाका लागि सधैँ चनाखो थिइन् । भारतीय थिचोमिचोको उनी घोर निन्दा गर्थिन् । अरू नेताले विदेशीलाई गुहारेर छोराछोरी विदेशमा राखेर पढाएझैँ पुष्पलाल र सहाना प्रधानले त्यसरी आफ्ना छोराछोरी विदेशमा पढाएका थिएनन् । राष्ट्रियताका दृष्टिकोणले उनीहरू स्वाभिमानी थिए ।'

महाकाली नदीका सन्दर्भमा सहाना प्रधानको सिद्धान्तले जित्न सकेन । त्यसपछिका दिनमा उनलाई एमालेको कम्युनिस्ट राजनीतिप्रति नै वितृष्णा भएको थियो । त्यही कारणले एमाले पार्टीले पनि फोरिनुपरेको थियो । अनि महाकाली सम्झौता नै उनको राजनैतिक जीवनमा विषका रूपमा रूपान्तर गरिन थालेको उनैले समेत अनुभूत गर्दै जानुपरेको थियो । त्यही विषकै कारण उनको राजनैतिक मूल्यको अवसान गरिने किसिमको खेल उनैले टुलुटुलु हेर्न परिरह्यो । ती दृश्य र परिदृश्यबाट उनले समेत जीवनभरि त्याग, तपस्या र आराधनाबाट हुर्काएको कम्युनिस्ट राजनैतिक यात्राबाट नै उनको हृदयमा मरुन्जेलको ठेस लागेको थियो । झन् पछिल्ला दिनहरूमा उनको मन, वचन र कर्म पनि सुस्ताउन थालिसकेको थियो । अनि स्वास्थ्यका कारणले पनि उनी दिनानुदिन शिथिल हुँदै जान थालेकी थिइन् । त्यसपछि उनी क्रमशः, क्रमशः र क्रमशः बिरामी भएर थला पनि पर्दै गइन् ।

# सहाना प्रधानको राजनैतिक मूल्यको अवसान

कुनै समय नेपालमा कम्युनिस्ट भनेको निषेधित फलझैं मानिन्थ्यो । त्यति बेला कम्युनिस्ट भनेका समाजभाँडा, समाजद्रोही या अवाञ्छित तत्त्वका पर्यायका रूपमा मानिन्थे । समाजमा कुनै मानिसलाई नैतिक आचरणबाट खसेको पर्यायका उपमा दिनुपर्‍यो भने त्यसलाई कम्युनिस्टको टचाग लगाइने गरिन्थ्यो । अर्थात् त्यस घडी असामाजिक गतिविधिमा बिग्रिएको कुनै व्यक्ति मात्र कम्युनिस्ट मानिन्थ्यो । उक्त समय वास्तवमै कम्युनिस्ट विचारधाराका लागि कालरात्रि थियो । त्यस्तो कालरात्रिलाई आफ्नो जीवन समर्पण गर्दै नेपाली समाजको चौतर्फी विकास र जनताको समृद्धिका लागि कम्युनिस्टको निष्ठा फैलाउने साहसी राजनेता थिए– पुष्पलाल । यति बेला तिनै पुष्पलालीय कम्युनिस्टको जरा नेपालैभरि फैलिएको छ ।

२००६ सालमा पुष्पलालबाट स्थापित नेपाल कम्युनिस्ट पार्टीको बीजको दल राखेको अर्को वर्षदेखि नै सहाना प्रधानले पनि त्यस संस्थाउपर मलजल गरेकी थिइन्, गोडमेल गरेकी थिइन् र सुरक्षाका लागि हरेक प्रहरमा आफ्नो गच्छेअनुसारको पहल गर्दै आएकी थिइन् । त्यस दलमा उभिएपछि उनले आफ्नो भावना सधैं त्यसैभित्र मात्र रोपिरहिन् । अन्ततः २०४६ सालमा समेत दलनेतृका रूपमा उनलाई हात्तीको दाँतका रूपमा देखाइएको थियो । मानौं, उनलाई

अगाडि राखेपछि सिङ्गो पुष्पलाल नै उभिएको दलपतिहरूले अनुभूत गरेका थिए । त्यही सिलसिलामा उनी राजा वीरेन्द्रसँग पनि बहुदलीय व्यवस्था चाहियो भन्न राजदरबार पुगेकी थिइन् । स्मरण रहोस्, तिनै राजा वीरेन्द्रको नेतृत्वमा सञ्चालित पञ्चायती व्यवस्थाले उनलाई प्राध्यापकीय सेवाबाट अनाहक उछिट्ट्याएर उनी र उनका सन्तानलाई भोकमरीको समस्यामा अवतरित गरिदिएको थियो । तर उनले अनेक सङ्घर्ष गरेर छोराछोरी हुर्काएकी थिइन् । अन्ततः अन्यायमा परेका तिनै समस्त सहाना प्रधानहरूसमेतको पनि बल, बुता र ईखले पञ्चायती व्यवस्थाको नाशैसमेत भयो । अनि नेपालमा बहुदलीय व्यवस्था हुँदै गणतन्त्र पनि आयो ।

यदि नेपालमा लोकतन्त्र आएको थियो र पुष्पलालले सुरु गरेको नेपाल कम्युनिस्ट पार्टी पनि निष्ठावादी हुँदो हो त पुष्पलाल, मनमोहन अधिकारी, सहाना प्रधान, तुलसीलाल अमात्य, आरके मैनाली, सीपी मैनाली, कमलप्रसाद कोइराला, मोदनाथ प्रश्रित, गोविन्द ज्ञावाली, अमृत बोहोरा, अष्टलक्ष्मी शाक्य, माधवकुमार नेपाल, मदन भण्डारी, चन्द्रदेव जोशी, प्रदीप नेपाल, वामदेव गौतम आदिको आदर्श, सिद्धान्त र निष्ठाअनुरूप कृत्य पनि हुनुपर्थ्यो । अब यदि नेपालमा गणतान्त्रिक लोकतन्त्र नै पनि फापेन भने यसका ठेकेदारहरूको विवेकहीन दृष्टिकोण, अयोग्य कार्यशैली, व्यक्तिवादी सोच, राष्ट्र र जनताप्रति अनुत्तरदायी कार्य र विदेशमुखी शैलीका कारणले यसको पतन भएको मान्नुपर्ने हुन जान्छ । नेपालमा निष्ठाको राजनीति गर्नेहरू लोकतान्त्रिक व्यवस्थामा देखिएको धूवाँको मुस्लोमा निसासिएका छन् । साथै बगरबगरका ढुङ्गाहरूले चाहिँ आफ्नो पहुँच बनाइरहेको नै देखिन्छ ।

नेपाली कम्युनिस्ट आन्दोलनका प्रणेता र नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलालपछाडि उभिने एउटै नारी थिइन्– सहाना प्रधान । पुष्पलालको निधनपछि पुष्पलालीय सिद्धान्तको बिँडो थाम्नेमा

मनमोहन अधिकारीको नाउँ आएको थियो । अनि मनमोहन अधिकारीको लगत्तै पछिल्तिर उभिने पुष्पलालीय कम्युनिस्टको एउटा विशिष्ट स्तम्भको नाउँ लिइँदा सहाना प्रधानबाहेक अरूको नाउँ थिएन । वास्तवमा तत्कालीन नेपालमा अति आवश्यकीय जनजागरणका लागि सहाना प्रधानको गौरवी भूमिका छँदै थियो । यति हो समयसन्दर्भ र विविध प्रपञ्चका कारण उनी पदीय मर्यादामा भने उपप्रधानमन्त्रीदेखि माथि उक्लिन सकिनन् । उनको राजनीतिक पृष्ठभूमि, योगदान र समर्पण हुँदाहुँदै पनि उनले शासनको चुलीमा टेक्न भ्याइनन्; किनभने उनी कट्टर नेपालवादी थिइन् । उनले नेपालको हितविपरीत जानेसँग सदैव सङ्घर्ष नै गरिरहिन् । नेपालको हित नहुने काममा उनी मौन बसेर पार्टीप्रिय हुन पनि चाहिनन् । यस मामलामा बरु मनमोहन अधिकारी पनि मौन बसेको देखियो । उदाहरणका लागि भन्ने हो भने महाकाली सम्झौतामा मनमोहन अधिकारीले सुरुमा पक्षविपक्षमा एउटा शब्द पनि खसाएका थिएनन् । अनि पछिल्ला दिनमा उनले पनि त्यस सन्धिलाई समर्थन जनाईकन छाडेका थिए । तर सहाना प्रधानलाई प्रधानमन्त्रीको पदभन्दा देशकै माया ठूलो थियो । त्यसैले उनले आफ्नो धर्मलाई जाकड राखेर कहिल्यै काम गरिनन् ।

२०४७ सालमा कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रित्वमा अन्तरिम सरकार बनेपछि भट्टराईको नेतृत्वमा सहाना प्रधान पनि भारतको भ्रमणमा गएकी थिइन् । त्यतिखेर नेपाल सरकारको विज्ञप्तिमा ‘नेपालका नदीहरू साझा नदी’ भनेर लेखिएको थियो । त्यस विज्ञप्तिउपर सहाना प्रधानको समर्थन थिएन । साथै उनले २०५२ सालमा महाकाली सन्धिको समर्थन पनि गरेकी थिइनन् । भारतसँग गरिने त्यस सन्धिका सन्दर्भमा खड्गप्रसाद वलीहरू महाकाली सम्झौताले युगौंयुगसम्म नेपालीलाई समृद्धिको शिखरमा पुऱ्याउँछ र यस्तो सन्धि अबउप्रान्त कहिल्यै हुँदैन भनेर कुर्लन्थे । ‘महाकाली

सम्झौताले सगरमाथाभन्दा अग्लो र प्रशान्त महासागरभन्दा ठूलो महत्त्व राख्छ भन्दै एमालेबाट त्यो सन्धि पास गराउन वली नै प्रखर रूपमा देखिएका थिए ।' तर सहाना प्रधानहरूले चाहिँ त्यस सन्धिलाई राष्ट्रघाती सन्धि भन्न पनि छाडेनन् ।

सहाना प्रधानको भारतविरोधी दृष्टिकोणसमेतको हिसाबकितापको जोडघटाउका कारण उनको उक्लिने लिस्नो मक्काइसकेको थियो । लुछाचुडी, भागबन्डा, विदेशमुखी, कमाउधन्दा आदिले दूषित बनेको राजनैतिक वातावरणबाट निरासिँदानिरासिँदै र निसासिँदानिसासिँदै उनको भौतिक चोला समाप्त भएको थियो ।

सहाना प्रधानको हृदयमा प्रचुर मात्रामा नेपालमोह थियो । नेपालप्रेमबारेको सन्दर्भमा धेरैले मुक्तकण्ठले उनको प्रशंसा गरेका थिए । यसै क्रममा नारायणमान बिजुक्छेँ 'रोहित'ले पनि सहानाको सम्मान गर्दै आए र उनले सहाना प्रधानउपर भनि पनि रहे– 'सहाना प्रधान देशभक्त थिइन् । बाँचुन्जेल उनले राष्ट्रभक्तिप्रतिको धर्म निर्वाह गरिरहिन् ।'

# सहाना प्रधानको गौरवमय जीवनको अन्त्य

२०४७ सालको कुरा हो– सहाना प्रधान बहुदलीय व्यवस्थाको आगमनसँगै उद्योग तथा वाणिज्य मन्त्री भएकी थिइन् । साथै उनी मर्यादाक्रममा प्रधानमन्त्रीभन्दा पछाडि अर्थात् वरीयताक्रममा दोस्रो मन्त्री थिइन् । उनी उल्लासमय ढङ्गबाट आफ्नो कार्यमा समर्पित थिइन् । त्यही समयमा उनलाई भेट्न नेपालका लागि अमेरिकाका राजदूत जुलिया चाङ उनका कार्यालयमा गएकी थिइन् । त्यस घडी राजदूतलाई स्वागत गर्ने क्रममा उनी टेलिफोनको तारमा अल्झेर लडेकी थिइन् । अनि उपचारार्थ उनलाई शिक्षण अस्पतालमा पुऱ्याइएको थियो । त्यस घटनामा उनको दाहिने तिघ्रा भाँच्चिएको थियो । उपचारका क्रममा उनका तिघ्रामा स्टिलको नली राखिएको थियो ।

•

२०५५ सालको कुरा हो; त्यतिखेर सहाना प्रधान विशेष कामले वीरगन्ज गएकी थिइन् । त्यहाँ उनी आफ्नी बर्मेली साथी कलादेवी कार्कीको डेरामा बसेकी थिइन् । वीरगन्ज पुगेको भोलिपल्टै उनीभित्र असहज अवस्थाको सिर्जना हुन थालेको थियो । खान पनि मन नगर्ने र शरीरमा पसिना मात्र आउने कारणले उनलाई हठात् काठमाडौँ ल्याइएको थियो । अनि उनलाई सरासर त्रिभुवन विश्वविद्यालयको शिक्षण अस्पतालमा पुऱ्याएर त्यहीँ भर्ना गरिएको

थियो । शिक्षण अस्पतालका मुटुरोग विशेषज्ञ प्राध्यापक डा.अरुण सायमीले त्यतिखेर सहाना प्रधानको जाँच गरेका थिए । अनि उनले सहाना प्रधानलाई जतिसक्तो चाँडै उपचारार्थ भारतको नयाँदिल्ली जाने पनि सल्लाह दिएका थिए । डा.सायमी भन्नु सहाना प्रधानका केवल औपचारिक डाक्टर मात्र थिएनन्; उनी सहाना प्रधानका पुत्रतुल्य नै पनि थिए । त्यसैले सहाना प्रधानको स्वास्थ्य जानकारी लिन उनी घरीघरी सहानागृहमा पनि गइरहन्थे । खास कुरा के हो भने डा.सायमी सहाना प्रधानका छोराका सहपाठी पनि थिए ।

डा.अरुण सायमीले सहाना प्रधानको नेपालमा उपचार नै हुन नसक्ने अवस्था देखेका थिए । त्यसपछि उनी आफैँ लागिपरेर नयाँदिल्लीको एपोलो अस्पतालका मुटुरोग विशेषज्ञ डा.राजीव लोचनसँगको सम्पर्कमा बसे । त्यति बेलै डा.अरुण सायमीले डा.राजीव लोचनसँग सहाना प्रधानको मुटुमा देखिएको गम्भीर अवस्थाबारे सविस्तार जाहेर गरेका थिए । दुवै डाक्टरको सल्लाहअनुसार छोरी उषा र छोरा उमेशलालले सहाना प्रधानलाई दिल्लीको एपोलो अस्पतालमा पुऱ्याएका थिए ।

एपोलो अस्पतालमा सहानालाई क्याबिनमा भर्ना गर्न लागिएको थियो । तर सधैँ झैँ त्यस बेला पनि उनी क्याबिनमा चाहिँ बस्न मानिनन् । अनि उनैको इच्छाले जनरल वार्डमा नै उनी भर्ना भएकी थिइन् । वास्तवमा सहाना भनेकी सादा जीवन र उच्च विचारकी कुवेर थिइन् । त्यसैले उनले आफ्नो जीवनको मौलिक रीतमा कहिले पनि उतारचढावमा ल्याएकी थिइनन् ।

एपोलो अस्पतालमा सहाना प्रधानको सर्वप्रथम एन्जियोग्राम नै गरिएको थियो । त्यसको रिपोर्ट निस्केपछि थाहा भयो– उनको मुटुमा तीनवटा नसा नै बन्द भएका रहेछन् । अनि त्यतिखेरै मुटु खोलेर उनको बाइपास सर्जरी गरिएको थियो । त्यति ठूलो शल्यक्रिया गरे तापनि उनी एक हप्तामा नै तन्दुरुस्त भएकी थिइन् ।

त्यसैले एक साता अस्पताल बसेपछि उनलाई त्यहाँबाट बिदा दिइएको थियो ।

•

मुटुको शल्यक्रिया गरेपछि सहाना प्रधानले आफ्ना सबै काम सहज रूपमा नै परिचालन गरिरहिन् । तर त्यसपछि प्राय: विशेष गरेर नारी जातिको हड्डी खिइने रोगले उनलाई पनि आक्रमण गर्न थालिसकेको थियो । २०६८ सालको कुरा हो– सहाना प्रधानलाई अस्थिरोग (Osteoporosis) ले सताउन थालेको थियो । त्यसैले उनको शरीरका हड्डीहरू कमजोर हुन थालिसकेका थिए । क्रमश: उनलाई हिँड्न र बस्न पनि असजिलो भइरहने गरेको थियो । अन्तत: उनका खुट्टा नै टेकिन छाडेपछि उनलाई बानेश्वरको सिभिल अस्पतालमा भर्ना गरिएको थियो । उनको चाहनामा कुनै पत्रिका र नेतालाई पनि उनी अस्पताल भर्ना भएको समाचार सम्प्रेषण गरिएको थिएन । तर वामदेव गौतमचाहिँ ‘आमा’, ‘आमा’ भन्दै सुरुकै दिन अस्पतालमा पुगेका थिए ।

•

सहाना प्रधान २०७० सालको आरम्भदेखि नै बोल्न र हिँड्न मन गर्दिन थिइन् । त्यसपछि नै उनी बिस्तारै शिथिल हुँदै गइन् । त्यसै बेलादेखि आफ्ना भनाइ, चिन्तन र सोचलाई शीर्षस्थ स्थानमा पुऱ्याउने अवस्थादेखि उनी वञ्चित हुन थालेकी थिइन् । राष्ट्र र जनताको विषयमा चिन्तित हुँदाहुँदै २०६८ सालदेखि उनी थला नै पर्दै जान थालिन् । उनलाई अन्तिम अवस्थामा शरीरले धोका दिएको थियो । उनको बोली पनि बन्द हुन थालेको थियो र पछिल्ला दिनमा बोली नै बन्द भएको थियो । उनलाई भेट्न उनका घरमा कोही आए भने पनि उनी बोल्न खोज्थिन् तर बोल्न भने सक्तिन थिइन् । त्यही पीडामा त्यतिखेर उनका आँखाबाट बरबरी आँसु खस्थे । त्यतिन्जेलमा

उनलाई पक्षघातले पनि थला पारिसकेको थियो । उनी होसहवासबाट पनि टाढै जान थालिसकेकी थिइन् । उनको दिन भुक्तान भइरहेकै बेला मस्तिष्कघातका कारणसमेत जोडिनाले उनी माया मारिने अवस्थामा पुगिसकेकी थिइन् । त्यसपछि उनको जीवनचोलाको दिनगन्तीको आभास नै पनि देखा पर्न थालेको थियो । सास भइन्जेल आस हुन्छ भन्ने नै आशा गरिएर वामदेव गौतमको सक्रियतामा उनलाई काठमाडौँको बयोधा अस्पतालमा पुऱ्याइएको थियो ।

•

सहाना प्रधानको जीवनमा सोचेभन्दा धेरै नै अन्याय परेको थियो । तर जति नै खेदिए पनि उनी सही मात्र रहन्थिन् । आफ्नै पार्टी पनि निर्दयी हुन्छ भन्ने कुरा उनले सपनामा पनि देखेकी थिइनन् । उनले बहिनी बनाएकी दुर्गा पौडचालले उनको यसै प्रसङ्गमा लेखेकी छिन्– ‘गङ्गादेवी कसजू दिदीले अलिकति सङ्केत गर्नुभएको थियो– ‘सहानालाई पार्टीले पनि त्यति वास्ता गरेन । राम्रो ठाउँ पनि दिएन । आफूभन्दा पछाडिका र पार्टीमा योगदान नभएकाहरूलाई राम्रो स्थान दिइयो; तर उहाँलाई अलि पछाडि नै पारियो । त्यसैको असर पनि (सहाना दिदीको) दिमागमा परेको हुन सक्छ ।’ गङ्गा दिदीले भनेका कुरा पनि ठीकै जस्तो लाग्यो । एमाले पार्टी नै त्यस्तो पार्टी हो जसमा इमानदार व्यक्तिहरू त्यहाँभित्र अटाउँदैनन् । बेइमान, फटाहा र भ्रष्टहरूले मात्र माथि पुग्ने अवसर पाउँछन् । नेताहरूको यस्तो चाल देखेर इमानदार कार्यकर्ताको दिमागमा नराम्रो असर त पर्छ नै !’ अनि सहाना प्रधानले पनि आफ्नो जीवन सकिन लाग्दा मदनलाल पौडचाल र दुर्गा पौडचालसमक्ष अन्तिम बोली बोलेकी थिइन्– ‘पार्टीभित्र बेइमानहरूको जमघट छ । पार्टीमा एकदुई जना नेताबाहेक सबै त्यस्तै फटाहा छन् ।’

•

सहाना प्रधानको अवस्था कारुणिक बन्दै गइरहेको थियो । उनको जीवनको अन्तिम अवस्था धेरै पीडादायी थियो । उनको जीवनको समाप्तिका प्रसङ्गमा उनकी छोरी उषा श्रेष्ठले भनेकी थिइन्– 'मेरी ममी दुईतीन वर्ष ओछ्यानमा पर्नुभयो । पछिल्लो समयमा उहाँको आवाज लरबराइसकेको थियो, पछि आँसु निकाल्नुहुन्थ्यो । जस्तो विपद्मा पनि आँसु नखसाल्ने मेरी ममीको आँसु देख्दा म पनि आँसु रोक्नै सक्दैनथेँ । ममीलाई बयोधा अस्पताल लाने दिन म पनि ममीसँगै थिएँ । सायद अन्तिम बेला भयो भन्ने ममीलाई थाहा थियो होला । मलाई एकोहोरो हेरिरहनुभयो । 'नहेर्नु ममी आँखा दुख्छ' भन्दा पनि उहाँले मान्नुभएन । ममीले आँसु निकाल्नुभयो । डा.प्रकाशराज रेग्मी नियमित रूपले घरमै आई ममीलाई जाँच्नुहुन्थ्यो । उहाँले नै अस्पताल लानुपर्छ भनी प्रस्ताव राख्नुभएको थियो । त्यसपछि हामीले बयोधा अस्पताल लग्यौँ । ममीलाई बेहोस अवस्थामा त्यहाँ भेन्टिलेटरमा राखियो । त्यही बेहोस अवस्थामा नै ममी जानुभयो ।'

•

सहाना प्रधान कसैकी एउटी व्यक्तिगत आमा, स्कुल कलेज र दलकी एउटी साझे गुरुआमा र वामराजनीतिकी चाहिँ एउटी पूर्ण आमा नै थिइन् । वामदेव गौतमले आमा मानेजस्तै उनको जीवन खराखर पढ्नेहरूले उनलाई सग्लो 'आमा' नै माने । वास्तवमा आमाले झैँ व्यथा, पीडा, डाहा र छटपटी चपाउँदै, निल्दै र पचाउँदै नेपालीभूमिमा झन्नै पौने शताब्दीसम्म जनसेवामा उनी हिँडेकी थिइन् ।

सहाना प्रधानलाई पराई अनि आफ्ना भन्नेजतिले जतिसुकै कुल्चे पनि, थिचे पनि र किचे पनि ती सबै बोझ अविश्रान्त रूपमा उनले आफ्नो थाप्लोमा थामिरहिन् । खास गरेर नेपाल कम्युनिस्ट पार्टीको इतिहासको कापकापदेखि चुचुरोचुचुरोसम्मको अध्ययन गर्दै जाँदा उनी जागरण, बौद्धिकता र सहनशीलताकी प्रखर नमुना नै

देखिन्थिन् । त्यसैले उनलाई वामदेव गौतमले सधैँ 'आमा' नै भनिरहे । उनले सहाना प्रधानलाई आमा मात्र भनेका थिएनन्, आफ्नो गच्छेअनुसार आमाप्रति गर्नुपर्ने सबै कर्तव्य पनि गरेका थिए ।

अन्ततः २०७१ साल असोज ६ गते राति साढे एघार बजे सहाना प्रधानको इहलीला समाप्त भएको थियो । उनको भौतिक चोला समाप्त भएसँगै उनका छोरा उमेशलाल श्रेष्ठले माधवकुमार नेपाल र वामदेव गौतमलाई आफ्नी आमा बित्नुभएको बेहोरा फोनबाट जानकारी गराएका थिए । नेपाल र गौतमकै सल्लाहबाट भोलिपल्ट नेपाल कम्युनिस्ट पार्टी एमालेको केन्द्रीय कार्यालय बल्खुमा सहाना प्रधानको शव राखिएको थियो । उनीउपर श्रद्धाञ्जली चढाउनेहरूको त्यस बेला त्यहाँ अपार भीड लागेको थियो ।

सहाना प्रधानको शवयात्राका लागि उनको चोलालाई बल्खुमा फूलमालाले सिँगारिएको एउटा मिनीट्रकमा आसन गराइएको थियो । त्यतिखेर सहानाको शवलाई बोकेर ट्रकमा राख्नेदेखि ट्रकमा बसेर आर्यघाटसम्म पुग्नेमध्ये वामदेव गौतमदेखि रामकुमारी झाँक्रीसम्म थिए । साथै ट्रकबाट सहाना प्रधानको शवलाई ओरालेर ब्रह्मनालसम्म बोकेर पुऱ्याउनेमध्ये रामकुमारी झाँक्री पनि थिइन् । उनी पनि सहाना प्रधानलाई आमालाई झैँ हृदयबाटै आदर, श्रद्धा र प्रेम गर्थिन् ।

कला राईका अनुसार आर्यघाटमा त्यस दिन कमरेडहरू कोही ढिला पुगेका थिए र त्यहाँबाट कोही छिटै फर्केका थिए । अन्तिम घडीसम्म आर्यघाट बस्ने कमरेडहरूको खडेरी परेको थियो । अनि सहाना प्रधानको भौतिक चोलालाई जुरुक्क बोकेर चितासम्म पुऱ्याउनेमध्ये पनि राष्ट्रले चिनेका एउटी मात्र राजनीतिज्ञ थिइन्– रामकुमारी झाँक्री । साथै दाहसंस्कारपछि पनि चिताको खरानी पखालेर, अलिक अगाडि बलेको पराल कुल्चेर त्यहाँबाट सहाना प्रधानका छोराछोरी र परिवारसँगै घर फर्कने पनि तिनै रामकुमारी झाँक्री मात्र एक जना राजनीतिज्ञ थिइन् ।

•

सहाना प्रधानको भौतिक चोला सकिएको दिन विश्वभरि रहेका नेपाली कम्युनिस्टहरू शोकमा डुबेका थिए । एउटी वीराङ्गना गुमाउनुपरेकोमा नेपाल राष्ट्र नै चिन्तित थियो । अनि त्योभन्दा ठूलो कुरा सहाना प्रधानका अनुजहरूका आँखा त्यसै दिन खुलेका थिए, जुन दिन सहाना प्रधानले आफ्नो जीवनकालभरि राजनीतिको भोकतिर्खा र लोभमोहबाट आफू सदैव टाढा भएको प्रमाणीकरण गराएकी थिइन् । वास्तवमा उनी चिरनिद्रामा रूपान्तरित भएपछि चाहिँ उनको निष्ठा, त्याग र समर्पणउपर प्रतिस्पर्धा गर्न खोज्नेहरू पनि बेजोडले ऋस्किएका थिए । अथवा भनौँ, उनीसँग पौँठेजोरी खेल्नेहरूसमेत पनि आआफ्ना शिर नुहाएर सहाना प्रधानउपर भन्दै थिए– 'सहाना प्रधान पाउनु अब हामीले चिरप्रतीक्षा गर्नुपर्छ ।'

सहाना प्रधान नेपाली माटोको गौरवी नारी थिइन् । उनको जीवनलीला पनि गौरवमय ढङ्गबाट परिचालित भएको थियो । उनी बाँचुन्जेल चोखो, स्वच्छ र शुद्ध भएर अथवा भनौँ, मिसेस क्लिन (Mrs. clean) भएरै बाँचिन् । अनि उनी मरेपछि पनि उनले धेरैलाई रुवाएरै मरिन् :

**त्यसरी होओस् मरण**
**जसरी सुत्छन् तारमा**
**गीतका चारू चरण !**

**जसरी शिर नुहाई**
**आफैँमा हुन्छन् अर्पण**
**त्यसरी होओस् मरण**
**अमरापुरी सभामा**
**आफैँलाई गरूँ वरण !**

**• राष्ट्रकवि माधव घिमिरे**

# सन्दर्भस्रोत

गोविन्द ज्ञवाली : **समकालीन इतिहासमा पुष्पलाल** (२०६४)

गोविन्द ज्ञवाली : **राष्ट्रिय जीवनमा सहाना प्रधान** (२०७३)

गृष्मबहादुर देवकोटा : **नेपालको राजनीतिक दर्पण** (भाग– १, २०१६)

ठाकुरप्रसाद गुरागाई : **म्यान्माको नेपाली जनजीवन** (सन् २००८)

दुर्गा पौडयाल : **नियात्रा** (२०६७)

नरेन्द्रराज प्रसाई : **केही चर्चित अनुहारहरू** (२०४२)

नरेन्द्रराज प्रसाई : **नारीचुली** (२०६३)

नरेन्द्रराज प्रसाई : **कीर्ति बाबु** (२०६६)

नरेन्द्रराज प्रसाई : **रोहितको आकृति** (२०६९)

निर्मलकुमार आचार्य : **प्रथम नेपाली महिला** (२०६०)

माधव घिमिरे : **किन्नरकिन्नरी** (२०३३)

यशोदा अधिकारी : **संसार हल्लाउने सङ्घर्षशील महिलाहरू** (२०६६)

लोग्शरी कुँवर : सहाना प्रधान : **नेपाली महिला आन्दोलनकी शिखर व्यक्तित्व** (सम्पादन : २०७७)

विजया श्रेष्ठ केसी : **सामूहिक आवाज** (सम्पादन : २०७२)

सुशीला श्रेष्ठ : **सहाना प्रधान : स्मृतिका आँखीझ्यालबाट** (लेखन तथा सम्पादन : २०६०)

प्रा.डा.सुरेन्द्र केसी : **नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास** (भाग दुई : २०६०)

# स्रोतव्यक्ति

१. अमृता लम्साल (लेखक तथा पत्रकार)
२. प्रा.डा.अरुण सायमी (मुटुरोग विशेषज्ञ तथा साहित्यकार)
३. अर्जुननरसिंह केसी (पूर्वमन्त्री)
४. इन्दिरा श्रेष्ठ (पूर्वसांसद)
५. उमेश श्रेष्ठ (पुष्पलाल तथा सहाना प्रधानका छोरा)
६. उषा श्रेष्ठ (पुष्पलाल तथा सहाना प्रधानकी छोरी)
७. कमलप्रसाद कोइराला (पूर्वसांसद तथा राजदूत)
८. कला राई (सहाना प्रधान प्रतिष्ठानकी महासचिव)
९. कुसुम गौतम (साहित्यकार : म्यान्मा)
१०. गोविन्द भट्ट (साहित्यकार तथा वामराजनैतिक चिन्तक)
११. गोविन्द ज्ञवाली (पूर्वसांसद)
१२. चन्द्रप्रकाश मैनाली (पूर्वउपप्रधानमन्त्री)
१३. जयप्रसाद यूके (झापा आन्दोलनका योद्धा)
१४. झलनाथ खनाल (पूर्वप्रधानमन्त्री)
१५. टेकनारायण रिमाल 'कौशिक' (साहित्यकार : म्यान्मा)
१६. तेजराज खतिवडा (साहित्यकार तथा वामराजनैतिक चिन्तक)
१७. दुर्गा पौडयाल (साहित्यकार)
१८. धानी गौतम (साहित्यकार : म्यान्मा)
१९. नन्दकुमार प्रसाई (पूर्वसांसद)
२०. नारायणमान बिजुक्छें 'रोहित' (साहित्यकार तथा नेमकिपाका संस्थापक अध्यक्ष)

२१. भवानी अधिकारी (साहित्यकार : भारत)
२२. मदनलाल पौड्याल (वामराजनैतिक चिन्तक)
२३. माधवकुमार नेपाल (पूर्वप्रधानमन्त्री)
२४. डा.मोदनाथ प्रश्रित (साहित्यकार तथा पूर्वमन्त्री)
२५. मोहन खनाल (साहित्यकार : म्यान्मा)
२६. प्रा.राजनारायण प्रधान (स्रष्टा तथा राजनैतिक चिन्तक : भारत)
२७. राधाकृष्ण मैनाली (पूर्वमन्त्री)
२८. रामकुमारी झाँक्री (सांसद तथा सहाना प्रधान प्रतिष्ठानकी अध्यक्ष)
२९. डा.रामभक्त ठाकुर (पूर्वराजदूत तथा निर्वाचन आयुक्त)
३०. लोग्शरी कुँवर (पत्रकार)
३१. वामदेव गौतम (पूर्वउपप्रधानमन्त्री)
३२. वासुदेव अधिकारी (साहित्यकार)
३३. विष्णु पन्थी (साहित्यकार : म्यान्मा)
३४. प्रा.डा.वीणा पौडेल (संस्कृतिविद्)
३५. शान्ता श्रेष्ठ (साहित्यकार तथा पूर्वसांसद)
३६. डा.सत्यमोहन जोशी (वाङ्मय शताब्दी पुरुष)
३७. सुषमा कोइराला (समाजसेवी तथा बीपी कोइरालाकी पुत्रबधू)
३८. हिरण्यलाल श्रेष्ठ (पूर्वसांसद तथा राजदूत)

## लेखक परिचय

### नरेन्द्रराज प्रसाई

**बुबा** : जयप्रसाद प्रसाई (१९७५–२०२०)

**आमा** : भागीरथा प्रसाई (१९७६–२०६८)

**शिक्षा**

बीए– त्रिचन्द्र क्याम्पस

**कृति**

८५ पुस्तक (जीवनी, निबन्ध, प्रबन्ध, गीत, समीक्षा, अन्तर्वार्ता, लेखनसम्पादन);

**विभूषण**

- गद्दीआरोहण रजतपदक (२०५३)
- प्रबल गोरखादक्षिणबाहु (२०५७)
- वीरेन्द्रऐश्वर्य सेवापदक (२०५८)

**पुरस्कार**

- जेसिस साहित्य स्वर्णपदक (२०४४)
- युवावर्ष मोती पुरस्कार (२०४९)
- राष्ट्रिय गौरव युवासम्मान (२०५३)
- उत्तमशान्ति पुरस्कार (२०६०)
- भद्र घले पुरस्कार (२०६४)
- दीपज्योति पुरस्कार (२०६७)
- देरुनीख पुरस्कार (२०६७)

- भानुभक्त प्रज्ञापुरस्कार (२०७१)
- भानुभक्त स्वणर्पदक (२०७१)
- भारती खरेल पुरस्कार (२०७३)

**बडापत्र**

- चाँदनी शाह (२०४३)
- चाँदनी शाह (२०४४)

**भ्रमण**

- १४ अञ्चलका ६१ जिल्ला
- भारत, चीन, बङ्गलादेश, थाइल्यान्ड, द.कोरिया, बेलायत र अमेरिका;

**परिकल्पना तथा प्रबन्धन**

- बालकृष्ण सम शताब्दी महोत्सव (२०५९)
- डा.माधवप्रसाद घिमिरेलाई राष्ट्रकविको उपाधि (२०६०)
- देवकोटा शताब्दी महोत्सव (२०६५)
- अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन (२०६६)
- विश्वनारी नेपाली साहित्य सम्मेलन (२०७१)
- भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार : २०७१)
- डा.वानीरा गिरीलाई नेपाली साहित्य विश्व नारी रत्नको उपाधि (२०७१)
- डा.सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुषको उपाधि (२०७४)
- प्रा.डा.वासुदेव त्रिपाठीलाई महासमालोचकको उपाधि (२०७७) आदि;

**संस्थापक तथा सदस्यसचिव**

- त्रिमूर्ति निकेतन (२०५९)
- भूपाल प्रज्ञापरिषद् (२०५२)
- नइ प्रकाशन (२०५२)
- वानीरा फाउन्डेसन (२०७६)

## कृति

### जीवनी

१. अठतीस अनौठा अनुहारहरू (२०४१)
२. केही चर्चित अनुहारहरू (२०४२)
३. समाजका केही चिन्तक (२०४७)
४. नेपाली भाषाका प्रमुख समालोचक (२०५४)
५. पारिजातको जीवनकथा (२०५७)
६. नेपाली सङ्गीतका शिखर (२०५९)
७. बाङ्देलको जीवनयात्रा (२०५९)
८. आदिगायक सेतुराम (२०६०)
९. दौलतविक्रम विष्टको परिक्रमा (२०६०)
१०. कोइलीदेवीको जिन्दगानी (२०६१)
११. नारीचुली (२०६३)
१२. प्रथम नारीस्रष्टा : ललितत्रिपुरसुन्दरी (२०६४)
१३. कीर्तिबाबु (२०६६)
१४. देवकोटाको जीवनशैली (२०६६)
१५. महाकवि देवकोटा (२०६६)
१६. त्रिमूर्ति (२०६९)
१७. रोहितको आकृति (२०६९)
१८. नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी (२०७०)
१९. त्रिनारी रत्न (२०७१)
२०. भानुभक्त आचार्यको जीवनवृत्त (२०७१)
२१. शताब्दी पुरुष : सत्यमोहन जोशी (२०७२)
२२. सूधपा (२०७३)
२३. मेरी आमा भागीरथा प्रसाई (२०७६)
२४. शताब्दी पुरुषको सय वर्ष (२०७६)
२५. ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान (२०७८)
२६. झापा विद्रोहका एउटा नायक शिवप्रसाद शिवाकोटी (२०७८)

**निबन्ध**

१. मेरो प्यारो कञ्चनजङ्घा (२०४८)
२. मेरो मोती पुरस्कार (२०४९)
३. जनप्रियताको नाप (२०५३)
४. अक्षरको प्रदर्शनी (२०५५)
५. नमस्कार (२०५८)
६. ठाँगे उक्लेपछि (२०६०)
७. रेलको रमाइलो (२०६१)
८. सहोदरी ठुङ (२०६२)
९. प्रिय इन्दिरा (२०६२)

**प्रबन्ध र समीक्षा**

१. दक्षिण एसियाली क्षेत्रीय सङ्गठन (२०४३)
२. शान्तिक्षेत्र : प्रस्ताव र समर्थन (२०४४)
३. श्री ५ ज्ञानेन्द्र र आजको नेपाल (२०५८)
४. राजसंस्था र नेपाली जनता (२०५९)
५. देवकोटाका कृति (२०६६)

**गीत**

१. मेरो मनको देउराली (२०४६)
२. पुग्नुपर्ने टाढा थियो (२०५४)

**अन्तर्वार्ता**

१. सामाजिक सेवा अन्तर्दृष्टि (२०४४)
२. एउटा महारथीको जबाफ (२०५७)

**लेखन तथा सम्पादन**

१. सामाजिक सेवाको नालीबेली (२०४५)
२. नेपाली साहित्यका समालोचक र समालोचना (२०५७)

**सम्पादन**

१. चाँदनी शाह : आफ्नै आकाश, आफ्नै परिवेश (२०४३)

२. चाँदनी शाहका रचना (२०४३)

३. ज्ञानज्योति (२०४९)

४. अरुणा लामा : कथा र व्यथा (२०५०)

५. महाकवि देवकोटा शताब्दी निबन्ध (२०६६)

**इन्दिरा प्रसाईसँगको लेखन**

१. विश्व नारी नेपाली स्रष्टाकोश (जीवनी : २०७१)

**इन्दिरा प्रसाईसँगको सम्पादन**

१. भारती खरेल : सृजना र समीक्षा (२०५२)

२. पौरखी पुरुष (२०५२)

३. एउटा अमर प्राज्ञ : बालकृष्ण सम (२०५४)

४. रुद्रराज पाण्डे : सृष्टि र दृष्टि (२०५४)

५. गणेश गुरु : साधनादेखि समाधिसम्म (२०५४)

६. भूपाल अर्चना (२०५५)

७. उकाली ओरालीहरूमा तारादेवी (२०५६)

८. ईश्वर बराल : कृति र कीर्ति (२०५७)

९. श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (२०५७)

१०. सङ्गीतशिरोभूषण : नातिकाजी (२०५८)

११. ईश्वरवल्लभ : आयाम र आकृति (२०५९)

१२. कालो अक्षरदेखि सग्लो अक्षरसम्म (२०६०)

१३. मिश्रका कृति : कविका दृष्टि (२०६०)

१४. शरदचन्द्र भट्टराईको इतिवृत्त (२०६२)

१५. नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रिय विस्तार (२०६७)

१६. विश्व नारी नेपाली साहित्यको रेखाङ्कन (२०७१)

१७. चौध अञ्चलमा नारी साहित्य (२०७१)

१८. वानीरा गिरीको कृतिस्तम्भ (२०७१)

१९. कवितामा वानीरा (२०७१)
२०. विश्वनारी नेपाली साहित्यको समीक्षा (२०७२)
२१. कवितामा घटराज (२०७४)
२२. अविश्रान्त साधक : घटराज भट्टराई (२०७४)
२३. राष्ट्रकविको सय वर्ष  (२०७६)

**प्रा.डा.महादेव अवस्थीसँगको सम्पादन**

१. भानु विमर्श (२०७२)

**अङ्ग्रेजी भाषा**

1. A biography of Parijat (Translation by Shampo Lama : 2003)
2. A biography of Bangdel (Translation by Shampo Lama : 2003)
3. The Summit of Women Writers (Faces with Introduction : Drawings by Indra Khatri : 2007)
4. Scaling Thange (Travelogue, Translation by Namita Singh : 2017)
5. A biography of Devkota (Translation by Anukritika : 2017)
6. A biography of Dr.Satya Mohan Joshi (Translation by Anu Raj Joshi : 2017)
7. A biography of Bhagiratha Prasai (Translation by Dr. Kanchanjunga Prasai : 2021)
8. A biography of Dr.Banira Giri (Translation by Durga Banwasi 2021)
9. A biography of Century Person (Translation by Anu Raj Joshi 2021)

**पत्रिका सम्पादन**

१. कुटुम्ब साप्ताहिक (२०३९–२०४३)
२. उपकार त्रैमासिक (२०४३–२०४७)
३. प्रज्ञापत्र मासिक (२०५३–२०५५)
४. भानुमोती वार्षिक (२०५६–२०६३)

**श्रव्य सीडी (जीवनी)**

देवकोटाको जीवनशैली (२०६६)

**गीतलेखन**

१. मिर्मिरेमा तिमीलाई (गीतिक्यासेट : २०४७)
२. यो मनले रोजेको छ (गीतिसीडी : २०५०)
३. हाँसीहाँसी जलिरहेँ (गीतिक्यासेट : २०५५)
४. कस्तो गरी माया बस्यो (गीतिक्यासेट : २०५६)
५. शिखा (गीतिक्यासेट : २०५७)
६. जुनी (गीतिसीडी : २०५८)

**फुटकर**

७५० भन्दा धेरै फुटकर लेखरचना प्रकाशित

**नरेन्द्रराज प्रसाईबारे लेखिएका मुख्य कृति**

- प्रा.डा. वासुदेव त्रिपाठी

१. भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत (२०७२)
२. नरेन्द्रराज प्रसाईको जीवनीकृति मेरी आमा भागीरथा प्रसाई : समीक्षात्मक विमर्श (२०७६)

- प्रा. राजेन्द्र सुवेदी

१. नरेन्द्रराज प्रसाईकृत एकल जीवनीको विश्लेषण (२०७३)

- इन्दिरा प्रसाई

१. नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता (सम्पादन : २०७२)

- गीता बारकोटी

१. नरेन्द्रराज प्रसाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन
(एमए शोधपत्र; त्रिभुवन विश्वविद्यालय : २०६५)